# लोक सेवा आयोग

(७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती)

२०८२/०३/०१

# प्रतिवेदन

२०८२

# लोक सेवा आयोग

## (७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती)

## २०८२/०३/०१

## प्रतिवेदक

| | |
|---|---|
| माननीय सदस्य, वीरबहादुर राई | संयोजक |
| सचिव श्री किरणराज शर्मा | सदस्य |
| सहसचिव श्री गीताकुमारी होमेगाई | सदस्य |
| सहसचिव श्री पुरूषोत्तम शर्मा | सदस्य |
| सूचना प्रविधि निर्देशक श्री रामदत्त भट्ट | सदस्य |
| उपसचिव श्री सुशिला पौडेल ढकाल | सदस्य |
| उपसचिव श्री दिपक खडका | सदस्य |
| उपसचिव (तथ्याङ्क) श्री अर्जुनप्रसाद रेग्मी | सदस्य |
| प्रमुख लेखा नियन्त्रक श्री विष्णुहरि बराल | सदस्य |
| उपसचिव श्री एकनारायण शर्मा | सदस्य सचिव |

**अतिथि सत्कार तथा प्रचार प्रसार समिति**

**मिति : २०८२ साउन २६ गते**

## पृष्ठभूमि

विक्रम संवत् २००७ सालमा जारी भएको नेपालको अन्तरिम शासन विधानको धारा ६४ मा उल्लिखित व्यवस्था बमोजिम नेपाल पब्लिक सर्भिस कमिशन नामबाट वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको विधिवत् स्थापना भएको दिनको सम्झनामा हरेक वर्ष असार १ गते विभिन्न कार्यक्रमको आयोजना गरी लोक सेवा आयोग स्थापना दिवस (वार्षिकोत्सव) मनाउने गरिएको छ।

यसै सन्दर्भमा आयोगको मिति २०८२।२।८ गतेको निर्णयानुसार वि.सं. २०८२ साल असार १ गते आयोगको ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रम व्यवस्थित रूपमा सफलतापूर्वक सम्पन्न भएको छ। वार्षिकोत्सव कार्यक्रम विभिन्न समिति, उपसमितिहरू समेत गठन गरी आयोगका पदाधिकारी तथा सम्पूर्ण कर्मचारीको क्रियाशीलता र सहभागितामा कार्यक्रम सम्पन्न भएको छ।

## मूल समारोह समिति गठन

आयोगको मिति २०८२।२।८ को निर्णायानुसार आयोगको ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती भव्य रूपमा मनाउने सिलसिलामा देहाय बमोजिम निर्णय भएको थियो।

१. आयोगको वार्षिकोत्सवको औपचारिक कार्यक्रम सम्माननीय राष्ट्रपतिज्यूको प्रमुख आतिथ्यतामा आयोगको कमलपोखरी स्थित भवनमा सम्पन्न गर्ने,
२. वार्षिकोत्सव कार्यक्रमलाई भव्य एवं व्यवस्थित तरीकाबाट सम्पन्न गर्नका लागि आयोगका माननीय पदाधिकारीहरूको नेतृत्वमा संलग्न बमोजिम मूल समारोह समिति र विषयगत उपसमितिहरू गठन गरी जिम्मेवारी बाँडफाँड गर्ने,
३. आयोग अन्तर्गतका कार्यालयहरूले विभिन्न कार्यक्रम गरी वार्षिकोत्सव मनाउने,
४. आयोग वा अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारीहरू मध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने ३ जना कर्मचारीलाई वर्षको उत्कृष्ट कर्मचारी घोषणा गरी सम्मान गर्ने,
५. कर्मचारीको संख्या र व्यक्तिको छनौट गरी सचिवालयले आयोगसमक्ष पेश गर्ने,
६. विभिन्न सिर्जनात्मक एवं रचनात्मक प्रतियोगिता तथा कार्यक्रमहरू आयोजना गरी वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गर्ने।

### मूल समारोह समिति

| | |
|---|---|
| मा. अध्यक्ष श्री माधवप्रसाद रेग्मी | संयोजक |
| मा. सदस्य श्री माधव बेल्बासे | सदस्य |
| मा. सदस्य श्री वीरबहादुर राई | सदस्य |
| मा. सदस्य श्री दिनेश सिलवाल | सदस्य |
| मा. सदस्य श्री मन्जु कुमारी | सदस्य |
| श्री आधिकारिक ट्रेड युनियनका अध्यक्ष, लोक सेवा आयोग | सदस्य |
| सचिव श्री डिल्लीराम शर्मा | सदस्य सचिव |

उल्लिखित मूल समारोह समिति अन्तर्गत देहायका उपसमितिहरू गठन गरी जिम्मेवारी बाँडफाँड गरिएको थियो।

**क) सुरक्षा व्यवस्थापन उपसमिति**

| | |
|---|---|
| मा. सदस्य श्री माधव बेल्बासे | संयोजक |
| सचिव श्री डिल्लीराम शर्मा | सदस्य |
| मुख्य मनोविज्ञावेत्ता डा. खगेन्द्रप्रसाद सुवेदी | सदस्य |
| सहसचिव श्री पुष्कर सापकोटा | सदस्य |
| पाठ्यक्रम विशेषज्ञ श्री कृष्ण जि. सी. | सदस्य |
| उपसचिव श्री उमेशकुमार पोखरेल | सदस्य |
| उपसचिव श्री युवराज पोखरेल | सदस्य |
| उपसचिव श्री नारायणप्रसाद ज्ञवाली | सदस्य-सचिव |

**सुरक्षा व्यवस्थापन उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः**

- कार्यक्रममा उपस्थित हुने उच्च विशिष्ट पाहुनाहरूको सुरक्षा प्रबन्ध मिलाउने,
- विभिन्न सुरक्षा निकायहरूसँग समन्वय गर्ने,
- आयोगको भौतिक सुधार सम्बन्धी निरीक्षण गरी आवश्यकतानुसार सुधार गर्ने प्रबन्ध मिलाउने,
- सवारी साधन पार्किङको व्यवस्थापन गर्ने।

**(ख) अतिथि सत्कार तथा प्रचार प्रसार उपसमिति**

| | |
|---|---|
| माननीय सदस्य, वीरबहादुर राई | संयोजक |
| सचिव श्री डिल्लीराम शर्मा | सदस्य |
| सहसचिव श्री गीताकुमारी होमेगाई | सदस्य |
| सहसचिव श्री पुरूषोत्तम शर्मा | सदस्य |
| सूचना प्रविधि निर्देशक श्री रामदत्त भट्ट | सदस्य |
| उपसचिव श्री सुशिला पौडेल ढकाल | सदस्य |
| उपसचिव श्री दिपक खड्का | सदस्य |
| उपसचिव (तथ्याङ्क) श्री अर्जुनप्रसाद रेग्मी | सदस्य |
| प्रमुख लेखा नियन्त्रक श्री विष्णुहरी बराल | सदस्य |
| उपसचिव श्री एकनारायण शर्मा | सदस्य सचिव |

**अतिथि सत्कार तथा प्रचार प्रसार उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः**

- आमन्त्रण गर्नुपर्ने व्यक्तिहरूको नामावली तयार पारी मूल समितिमा पेश गर्ने,
- निमन्त्रणा कार्ड छपाई र वितरण व्यवस्था गर्ने,

- प्रमुख अतिथि एवम् अतिथिहरूका लागि ब्याच तयार पार्ने,
- सरकारी र निजी संचार माध्यम (छापा तथा विद्युतीय) मार्फत आयोगको सन्देश प्रवाह गराउने,
- रेडियो नेपाल र नेपाल टेलिभिजनबाट अन्तर्वार्ता तथा परिसम्बाद तथा विशेष प्रकाशन गर्ने व्यवस्थाका लागि समन्वय गर्ने,
- कार्यक्रमको दिन सञ्चार माध्यमका प्रतिनिधिहरूलाई आमन्त्रण गर्ने,
- कार्यक्रममा हाई टी (Hi-Tea) को व्यवस्था गर्ने,
- वार्षिकोत्सव कार्यक्रमको प्रतिवेदन तयार गरी पेश गर्ने।

**(ग) कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति**

| | |
|---|---|
| मा. सदस्य श्री दिनेश सिलवाल | संयोजक |
| सचिव श्री डिल्लीराम शर्मा | सदस्य |
| सहसचिव डा. मुक्तिप्रसाद पाण्डे | सदस्य |
| सहसचिव श्री सन्तोषप्रसाद दाहाल | सदस्य |
| उपसचिव श्री रेवती रमण पोखरेल | सदस्य |
| बरिष्ठ मनोविज्ञानवेत्ता श्री सर्मुनलाल शाक्य | सदस्य |
| उपसचिव श्री निरन्जन श्रेष्ठ | सदस्य |
| उपसचिव (कानून) श्री सन्तोष तिम्लिसिना | सदस्य-सचिव |

**कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति मुख्य जिम्मेवारी**

- पदाधिकारीहरू र महाशाखाहरूसँग परामर्श गरी कार्यक्रम तयार पारी मूल समितिमा पेश गर्ने,
- कार्यक्रम पुस्तिका छपाइ तथा अतिथिहरूमा वितरण,
- वार्षिकोत्सवका अवसरमा आयोजना गर्ने अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमहरूको सूची तयार गरी निर्णय भए बमोजिम कार्यक्रम आयोजना गर्ने,
- कार्यक्रमको व्यवस्थापन, सञ्चालन गर्ने,
- अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रमको तुल, ब्यानर, प्रमाणपत्र आदि तयार पार्ने।

**(घ) <u>मञ्च व्यवस्थापन उपसमिति</u>**

| | |
|---|---|
| मा. सदस्य श्री मन्जु कुमारी | संयोजक |
| सचिव श्री डिल्लीराम शर्मा | सदस्य |
| सहसचिव श्री यज्ञप्रसाद ढुङ्गेल | सदस्य |
| उपसचिव श्री राजन राई | सदस्य |
| उपसचिव श्री दुर्गाप्रसाद पराजुली | सदस्य |

| | |
|---|---|
| उपसचिव श्री वीरेन्द्रबहादुर स्वाँर | सदस्य |
| उपसचिव श्री कुलप्रसाद सापकोटा | सदस्य |
| उपसचिव श्री चुरामणि मरासिनी | सदस्य-सचिव |

**मञ्च व्यवस्थापन उपसमितिलाई तोकिएका मुख्य जिम्मेवारीहरूः-**

- आवश्यक आकर्षक मन्च निर्माण, निरीक्षण र समन्वय गर्ने,
- स्वागतद्वार निर्माण गर्ने,
- अतिथि, पत्रकार तथा अन्य व्यक्तिहरूको लागि मर्यादाक्रमानुसार सिटको व्यवस्थापन गर्ने, कार्यक्रमको तुल, ब्यानर, फ्लेक्स आदि तयार पार्ने,

# मूल समारोह समिति तथा उपसमितिबाट सम्पादित क्रियाकलापहरू

## <u>कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति</u>

**कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमितिबाट भएका निर्णयहरूः**

- ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती भव्य रूपमा मनाउने कार्यक्रमलाई सफल तुल्याउन यस उपसमितिबाट निम्न बमोजिम कार्यहरू भएका थिए।
- ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती भव्य रूपमा मनाउन कार्यक्रमको खाका एवं कार्यक्रम पुस्तिका तयार गर्ने।
- यस उपसमितिलाई तोकिएको अतिरिक्त कृयाकलाप सम्बन्धि कार्यक्रम अन्तर्गत विगतका वर्षहरू जस्तै यस वर्षमा पनि अन्तर संवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता संचालन गर्ने र सोका लागि यस आयोगको **"<u>हाजिरीजवाफ प्रतियोगिता संचालन कार्यविधि, २०७९</u>"** बमोजिम गर्ने।
  - अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम अन्तर्गत आयोग परिसरमा रक्तदान कार्यक्रम संचालन गर्ने।
  - आयोग केन्द्रीय कार्यालय, दरखास्त व्यवस्थापन केन्द्र र काठमाडौं कार्यालयमा कार्यरत कर्मचारीहरू सम्मिलित हुने गरी आन्तरिक ब्याडमिन्टन प्रतियोगिता संचालन गर्ने।
  - रक्तदान कार्यक्रम संचालन गर्ने।
  - आयोग पदाधिकारी र कर्मचारीलाई लक्षित गरेर तिलगंगा आखाँ शिविर आयोजना गर्ने।
  - आयोग अन्तर्गतका कार्यालयहरूले कार्यालय रहेको सदरमुकाममा रहेका उच्च मा.वि. र मा. बि. स्तरीय ५/५ विद्यालय र विद्यार्थी सहभागी रहने गरि असार १ गते हाजिरीजवाफ प्रतियोगिता संचालन गर्ने।
- हाजिरीजवाफ प्रतियोगिताको लागि आवश्यक कच्चा प्रश्नपत्र निर्माण र प्रश्नपत्र परिमार्जन कार्य सम्पन्न गर्न सम्बन्धित महाशाखा/शाखालाई अनुरोध गर्ने।
- हाजिरीजवाफ प्रतियोगिताको लागि सहभागिता जनाउन पत्राचार लगायत माथि लेखिएका कार्यहरूको तयारी, संचालन, व्यवस्थापन समेतका कार्यहरू प्रशासन महाशाखा र प्रशासन शाखाले खटाएको अन्य सम्बन्धित कर्मचारीमार्फत गराउने।

- हाजिरीजवाफ प्रतियोगिता संचालनको लागि आयोगका पूर्व सचिव श्री विष्णुप्रसाद लम्साल (मो.नं.९८५११३२०४५) लाई विज्ञको रूपमा कार्यको लागि अनुरोध गर्ने।
- हाजिरीजवाफ प्रतियोगितालाई व्यवस्थित, मर्यादित र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक लजिस्टिक, प्रमाणपत्र छपाइ तथा कार्यक्रम सञ्चालन गर्नको लागि निम्न बमोजिम सदस्य रहेको कार्यदल गठन गर्ने

| | |
|---|---|
| वरिष्ठ मनोविज्ञानवेत्ता श्री सर्मुनलाल शाक्य | संयोजक |
| उपसचिव (कानून) श्री सन्तोष तिमिल्सिना | सदस्य |
| शाखा अधिकृत श्री खगेन्द्र बर्देवा | सदस्य |

- हाजिरीजवाफ प्रतियोगितालाई व्यवस्थित रूपमा सञ्चालन गर्ने सिलसिलामा कुनै विवाद तथा द्विविधा उत्पन्न भएमा सोको समाधान गर्न निम्न बमोजिम सदस्य रहेको विवाद सहजीकरण कार्यदल गठन गर्ने

| | |
|---|---|
| सहसचिव किशोर कुमार चौधरी | संयोजक |
| सहसचिव यज्ञप्रसाद ढुंगेल | सदस्य |
| सहसचिव डा. मुक्तिप्रसाद पाण्डे | सदस्य |

- हाजिरीजवाफ प्रतियोगितामा विजेता समूह र सहभागीहरूलाई उपहार स्वरूप दिईने ट्रफी, मेडल, मायाको चिनो र प्रमाणपत्र प्रदान गर्न वार्षिकोत्सव मूल समारोह समितिमा सिफारिस गर्ने।

**अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरीजवाफ प्रतियोगितामा सहभागी हुन आमन्त्रण गरिएको निकायहरूको नामावली :-**

उपसिमितको निर्णय बमोजिम प्रशासन शाखाबाट तपसिल बमोजिमका संवैधानिक अङ्ग/निकायलाई अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरीजवाफ प्रतियोगितामा सहभागिताको लागि पत्राचार गरिएको थियो।

- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं
- महालेखापरीक्षकको कार्यालय, अनामनगर, काठमाडौं
- निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं
- राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार
- राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, काठमाडौं
- राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर
- राष्ट्रिय समावेशी आयोग, दरबारटोल, ललितपुर
- आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर

- मधेशी आयोग, ज्वागल, ललितपुर
- थारू आयोग, अनामनगर, काठमाडौं
- मुस्लिम आयोग, जावलाखेल, ललितपुर

आयोगको वार्षिकोत्सव कार्यक्रममा आयोगमा भएको अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरीजवाफ प्रतियोगितामा देहाय बमोजिमका संवैधानिक अङ्ग/निकायहरूबाट देहाय बमोजिमको सहभागिता रहेको थियो।

| क्र.सं. | संवैधानिक अङ्ग/निकाय | सहभागी कर्मचारीको नाम, थर |
|---|---|---|
| १ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं | ना.सु. श्री सुभाष कोइराला, (टोली प्रमुख) ना.सु. श्री नमराज कार्की र खरिदार श्री प्रमिला बुढाथोकी |
| २ | महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं | लेखा परीक्षण अधिक्षक श्री सविन पंगेनी (टोली प्रमुख), लेखा परीक्षण अधिक्षक श्री कृष्ण चौलागाई र लेखा परीक्षण निरीक्षक श्री प्रकाश ज्ञवाली |
| ३ | लोक सेवा आयोग, कमलपोखरी, काठमाडौं | ना.सु.श्री रञ्जन रेग्मी (टोली प्रमुख), ना.सु. श्री शिवकुमार राई र खरिदार श्री बिनोद वास्तोला |
| ४ | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं | ना.सु.श्री राजेन्द्र मरासिनी (टोली प्रमुख), ना.सु. श्री धिरेन्द्र शाही र खरिदार श्री अन्जना रिजाल |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर | मानव अधिकार अधिकृत श्री पुजा न्यौपाने (टोली प्रमुख), मा.अ.अ.श्री अभिषेक चन्द र सहायक प्रथम श्री प्रेरणा आचार्य |
| ६ | राष्ट्रिय दलित आयोग, कुपण्डोल, ललितपुर | ना.सु. श्री सूर्य बहादुर रानामगर (टोली प्रमुख), ना.सु.श्री गणेशकुमार गुर्मछान र लेखापाल श्री दिपक घिमिरे |
| ७ | मधेशी आयोग, ज्वागल, ललितपुर | क.अ.अमितकुमार साह (टोली प्रमुख), ना.सु.श्री सुन्दरप्रसाद निरौला र ना.सु.श्री खगेन्द्र नेपाली |
| ८ | राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग | ना.सु. श्री सरस्वती पोखरेल (टोली प्रमुख), ना.सु. साधना पोखरेल र ना.सु. श्री सविता रावत |

आयोगको ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्तीको अवसरमा आयोजना भएको अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरीजवाफ प्रतियोगितामा सहभागी प्रतियोगीहरु मध्ये देहाय बमोजिमका संवैधानिक अङ्ग/निकायहरू क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भएका थिए।

- राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग : प्रथम
- निर्वाचन आयोग : द्वितीय
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग : तृतीय

प्रतियोगिता सम्पन्न भएपछि अन्तर संवैधानिक अङ्ग/निकाय हाजिरीजवाफ प्रतियोगितामा विजयी समूहलाई बधाईसहित आयोगको तर्फबाट माननीय अध्यक्ष, माननीय सदस्य र सचिवबाट ट्रफी, मेडल, मायाको चिनो र प्रमाणपत्र दिदै सम्मानपत्रसहित पुरस्कार प्रदान गरिएको थियो।

त्यसै गरी ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्तीको अवसरमा आयोग अन्तर्गतका १३ ओटा कार्यालय रहेका सदरमुकामस्थित स्थानीय पालिकाका ५ ओटा माध्यमिक विद्यालयहरूबीच २०८२ असार १ गते हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो। हाजिरीजवाफ प्रतियोगिता देहाय बमोजिम संचालन भएको थियो।

| सि.नं. | सहभागी विद्यालय | सहभागी विद्यार्थीको नाम,थर | स्थान हासिल गर्ने | पुरस्कार |
|---|---|---|---|---|
| **लोक सेवा आयोग, धनकुटा कार्यालय** | | | | |
| १ | श्री गोकुण्डेश्वर बालमन्दिर मा.वि, टुडिखेल छेउ, धनकुटा | प्रतिभा सुवेदी, अजयदेव भुजेल, सुधिर ढुंगेल | प्रथमः श्री गोकुण्डेश्वर बालमन्दिर मा.वि, टुडिखेल छेउ, धनकुटा द्वितीयः श्री जनकल्याण मा.वि.,मार्गा, धनकुटा तृतीयः श्री गोकुण्डेश्वर बालमन्दिर मा.वि, टुडिखेल छेउ, धनकुटा | प्रथमः रू ३०००, ट्रफी, मेडल र प्रमाणपत्र द्वितीयः रू २१००, मेडल र प्रमाणपत्र तृतीयः रू १५००, मेडल, प्रमाणपत्र अन्य सहभागीः प्रमाणपत्र र सान्त्वना |
| | श्री भाषा मा.वि., कागते, धनकुटा | अनुकेश मगर, समिक्षा अधिकारी, सदिक्षा अधिकारी | | |
| | श्री जनकल्याण मा.वि.,मार्गा, धनकुटा | अनिशा सुवेदी, उपासना खनाल, दुर्गाबहादुर मगर | | |
| | श्री त्रिवेणी मा.वि.,धुलिवन, धनकुटा | सुजल अधिकारी, आदित्य थापा,माङ्याङ्गसु लिम्बु | | |
| | श्री गोकुण्डेश्वर मा.वि, सिरानबजार, धनकुटा | सुसन निरौला,अपेक्षा काफ्ले, सम्झना पौडेल | | |
| **लोक सेवा आयोग, पोखरा कार्यालय** | | | | |
| २ | श्री विन्दवासिनी मा.वि., पोखरा कास्की | सुस्मिता आचार्य, दिल्सन आचार्य, क्रिवस गुरूङ | प्रथमः श्री मदरल्याण्ड मा.वि. पोखरा कास्की द्वितीयः श्री गोगन मा.वि. पोखरा कास्की तृतीयः श्री कास्की मोर्डनाइज्ड एकेडेमी पोखरा कास्की | प्रथम/द्वितीय/ तृतीयः प्रमाणपत्र, मेडल र ट्रफी |
| | श्री गोगन मा.वि. पोखरा, कास्की | दिसी थापा, दिपेश आचार्य, मन्दिप खत्री | | |
| | श्री कास्की मोर्डनाइज्ड एकेडेमी पोखरा कास्की | खुसी त्रिपाठी, सम्पन्न काफ्ले, अलिसा श्रेष्ठ | | |

| | | | | |
|---|---|---|---|---|
| | श्री मदरल्याण्ड मा.वि. पोखरा कास्की | इक्विटी पौडेल, आमीन गुरूङ,अभिनव पराजुली | | |
| **लोक सेवा आयोग, सुर्खेत कार्यालय** | | | | |
| ३ | श्री जन नमूना मा.वि. वीरेन्द्रनगर, सुर्खेत | प्रगति लामिछाने, यमराज सिंह ठकुरी, सदन विष्ट | प्रथमः श्री जन नमूना मा.वि. वीरेन्द्रनगर, सुर्खेत<br>द्वितीयः श्री एस.ओ.एस हर्मन माइनर विद्यालय, सुर्खेत<br>तृतीयः श्री सैनिक आवासीय महाविद्यालय, मङ्गलगढी, सुर्खेत | प्रथमः नगद रू ५०००, ट्रफी र प्रमाणपत्र<br>द्वितीयः नगद ३००० र प्रमाणपत्र<br>तृतीयः नगद २००० र प्रमाणपत्र |
| | श्री एस.ओ.एस हर्मन माइनर विद्यालय, सुर्खेत | गंगाराज मल्ल ठकुरी, तपेन्द्र रिजाल, जनप्रिया धामी | | |
| | श्री सैनिक आवासीय महाविद्यालय, मङ्गलगढी, सुर्खेत | साधना बडुवाल, कपिल सञ्याल जैसी, सजक विक्रम शाही | | |
| | श्री सुर्खेत मोडेल एकेडेमी, वीरेन्द्रनगर-८ | गिरिशा भण्डारी, विपिन वि.क., सरोज धामी | | |
| | श्री कृष्ण संस्कृत तथा साधारण मा.वि. वीरेन्द्रनगर-७, सुर्खेत | सरस्वती थापा, ज्वाला कटुवाल, महेन्द्र आचार्य | | |
| **लोक सेवा आयोग, दिपायल कार्यालय** | | | | |
| ४ | श्री पद्म पब्लिक मुक्तिनारायण मा.वि. सिलगढी, डोटी | आरोग्य शाही, दिपक थापा, अश्मिता गुरूङ | **प्रथमः** श्री सुजङ्ग मा.वि., राजपुर<br>**द्वितीयः** श्री पद्म पब्लिक मुक्तिनारायण मा.वि., सिलगढी, डोटी<br>**तृतीयः** श्री पवित्र आवासीय मा.वि., सिलगढी, डोटी | प्रथम-५०००।- शिल्ड, स्वर्ण पदक र प्रमाणपत्र<br>द्वितीय-३०००।- रजत पदक र प्रमाणपत्र<br>तृतीय-२०००।- कास्य पदक र प्रमाणपत्र |
| | श्री पवित्र आवासीय मा.वि, सिलगढी, डोटी | रेश्मा साउँद, गणेश ओझा, दिनेश भट्ट | | |
| | श्री दिल्पेश्वर मा.वि., दिपायल, डोटी | सोनम सुनार, योगेश भुल, करिष्मा खड्का | | |
| | श्री शहिद स्मृति आवासीय मा.वि | कलावती सार्की, अनुप विष्ट, माधव बोहरा | | |
| | श्री सुजङ्ग मा.वि., राजपुर | ओजस शर्मा, अनमोल नेपाल, समीर भण्डारी | | |
| **लोक सेवा आयोग, इलाम कार्यालय** | | | | |
| ५ | श्री आदर्श माध्यमिक विद्यालय, इलाम | सानिया देवान युगल राई, प्रज्ञान बस्नेत | | प्रथमः ५०००।- |

| | | | | |
|---|---|---|---|---|
| | श्री हेरिटेज नेशनल एकेडेमी, इलाम | युनिशा खड्का, प्रतिक्षा कट्टेल, प्रियान्शु खत्री | प्रथमःश्री माउण्ट मेची सेकेण्डरी बोर्डिङ स्कुल, इलाम<br>द्वितीयः श्री आर्दश माध्यमिक विद्यालय, इलाम<br>तेस्रोः श्री जुबिलेण्ट इलाइट माध्यमिक विद्यालय, इलाम | स्वर्ण पदक र प्रमाणपत्र<br>द्वितीयः ३०००।- रजत पदक र प्रमाणपत्र<br>तृतीयः२०००।- काँस्य पदक र प्रमाणपत्र |
| | श्री माउण्ट मेची सेकेण्डरी बोर्डिङ स्कुल, इलाम | अमृता नेम्बाङ, योग्यता श्रेष्ठ, आशिष भट्टराई | | |
| | श्री अमर माध्यमिक विद्यालय, इलाम | आइसा गजमेर, भुवन सिवाकोटी, सविसा राई | | |
| | श्री जुबिलेण्ट इलाइट माध्यमिक विद्यालय, इलाम | नेन्सन क्षेत्री, प्रशान्त लिम्बु, निशा बानिया | | |
| **लोक सेवा आयोग, खोटाङ कार्यालय** | | | | |
| ६ | श्री सरस्वती मा.वि., दि.रू.म.न.पा.-१ | दृष्टि तामाङ, आशिष रिजाल, किरण तिम्सिना | प्रथमः श्री सरस्वती मा.वि., दि.रू.म. न.पा.-१<br>द्वितीयः श्री श्री मा.वि. दि.रू.म.न.पा.-५<br>तृतीयः श्री जगदम्बा मा.वि. दि.रू.म.न.पा.७ | प्रथमःस्वर्ण पद, ट्रफी र प्रमाणपत्र<br>द्वितीयः रजत पद, ट्रफी र प्रमाणपत्र<br>तृतीयःकास्य पद, ट्रफी र प्रमाणपत्र |
| | श्री श्री मा.वि. दि.रू.म.न.पा.-५ | अभिसेक श्रेष्ठ, स्वस्तिका घिमिरे, एलिसा कट्वाल | | |
| | श्री जगदम्बा मा.वि. दि.रू.म.न.पा.७ | सन्देश घिमिरे, मनिषा घिमिरे, बादल राई | | |
| | श्री ज्योति मा.वि. दि.रू.म.न.पा.-१२ | चिमाल राई, मेलिना राई, सुसन राई | | |
| | श्री विद्योदय मा.वि. दि.रू.म.न.पा.-१४ | युविन राई, धिरन भुजेल, बिक्रम श्रेष्ठ | | |
| **लोक सेवा आयोग, जलेश्वर कार्यालय** | | | | |
| ७ | श्री शुकदेव मा.वि. जलेश्वर-४, सुगा | उपसाना खातुन, शीतल पासमान, अनामिका कुमारी, भाष्कर पाण्डेय | प्रथमः श्री ल.चु.मु. मा.वि., जलेश्वर-२<br>द्वितीयः श्री श्री माध्यमिक विद्यालय, जलेश्वर-७, बखरीभाठ<br>तृतीयः श्री महेन्द्र आदर्श महिला मा.वि. जलेश्वर | प्रथमः मेडल, प्रमाणपत्र र ट्रफी<br>द्वितीय र तृतीयः मेडल र प्रमाणपत्र |
| | श्री सरस्वती मा.वि. जलेश्वर-१२, थरूवाही | संगिता कुमारी, मनिसा यादव, अभिनाश राउत, शिवम मिश्रा | | |
| | श्री ल.चु.मु. मा.वि., जलेश्वर-२ | आदित्य साह, प्रज्ञान चन्द्र ठाकुर, फैजान रेजा, साक्षी दास | | |

| | | | | |
|---|---|---|---|---|
| | श्री महेन्द्र आदर्श महिला मा.वि., जलेश्वर | मुस्कान कापर, शिवानी यादव, टोकेश्वर नाथ साह, मुकेश शर्मा | | |
| | श्री श्री माध्यमिक विद्यालय, जलेश्वर-७, बखरीभाठ | कुलदिप कुमार झा, रितिक शर्मा, बिन्दी कुमारी सदा, प्रिति कुमारी साह | | |
| **लोक सेवा आयोग, हेटौडा कार्यालय** | | | | |
| ८ | श्री सिद्धार्थ मा.वि, नगरपालिका रोड, हेटौंडा | अम्बर यादव, स्वरूपा गुरागाई, सरगम पाखिन | प्रथमः श्री हेटौडा क्याम्पस, हेटौंडा<br>द्वितीयः श्री आधुनिक मा.वि., हेटौंडा<br>तृतीयः श्री सिद्धार्थ मा.वि., नगरपालिका रोड, हेटौंडा | प्रथम/द्वितीय/ तृतीयःमेडल डायरी र प्रमाणपत्र<br>चौथो र पाचौः डायरी र प्रमाणपत्र |
| | श्री भुटनदेवी मा.वि.(प्राविधिक शिक्षालय), हेटौंडा | सुनैना घिमिरे, विशेष सिंह राजपुत, नितेश साह | | |
| | श्री हेटौडा क्याम्पस, हेटौंडा | शुशिला तामाङ, पाल्देन तामाङ, प्रतिक्षा वि.क. | | |
| | श्री आधुनिक मा.वि, हेटौंडा | संयोग सापकोटा आरोही पाल अधिकारी, सन्देश लम्साल | | |
| | श्री प्रगति मा.वि., पशुपतिनगर, लामसुरे, हेटौडा | क्रिन्ची कुमार यादव, आँचल कुमारी साह, दिप्स कुमार गुप्ता | | |
| **लोक सेवा आयोग, बुटवल कार्यालय** | | | | |
| ९ | श्री न्यू होराइजन मा.वि. बुटवल-११ | दिजन भट्टराई, विश्वास पौडेल, आरूषी ज्ञवाली | प्रथमः श्री न्यू होराइजन मा.वि. बुटवल-११<br>द्वितीयः श्री अक्सफोर्ड सेकेण्डरी स्कुल, बुटवल-८<br>तृतीयः श्री कान्ति मा.वि. | प्रथमः रू ४५००।- सिल्ड, पदक<br>द्वितीयः रू ३०००।- सिल्ड, पदक<br>तृतीयः रू २१००।- सिल्ड, पदक |
| | श्री कालिका मानविज्ञान मा.वि. बुटवल-१० | सागर के.सी, विविशा पौडेल, सरल भट्टराई | | |
| | श्री नवीन औद्योगिक कदर बहादर रीता मा.वि. | हिरा सुनार, समीक्षम कुंवर, अन्जना ज्ञवालीः | | |
| | श्री कान्ति मा.वि. | नेशन पोखेल, आकाश पाण्डे, एलिजा पोखेल | | |

| | | | | |
|---|---|---|---|---|
| | श्री अक्सफोर्ड सेकेण्डरी स्कुल, बुटवल-८ | प्रतिज्ञा कोइराला, सक्षम पन्थ, आयुष पाण्डे | | |
| **लोक सेवा आयोग, दाङ कार्यालय** | | | | |
| १० | श्री मा.वि. कालाखोला | भुपेन्द्र न्यौपाने, करिश्मा खड्का, यम प्रसाद के.सी | प्रथमः श्री मा.वि. कालाखोला<br>द्वितीयः श्री मा.वि. तुलसीपुर सेन्टर<br>तृतीयः श्री गुरूजजुर मा.वि., रक्षाचौर<br>चतुर्थः श्री मा.वि.दोघरे | प्रथमः सिल्ड, पदक र प्रमाणपत्र<br>द्वितीयः पदक र प्रमाणपत्र |
| | श्री मा.वि. दोघरे | सम्राट साम्जा, विशाल सुनार, संगिता के.सी. | | |
| | श्री मा.वि. तुलसीपुर सेन्टर | लोकेन्द्र खड्का, सन्दिप के.सी., स्वस्तिका गिरी | | |
| | श्री गुरूजजुर मा.वि. रक्षाचौर | राकेश वली, हिरालाल पौडेल, निशा वली | | |
| **लोक सेवा आयोग, बागलुङ कार्यालय** | | | | |
| ११ | श्री मालिका मा.वि. | सोनिया सापकोटा, रिदिमा कुंवर, दिपिका कुवंर | प्रथमः श्री मालिका मा.वि.<br>द्वितीयः श्री गणेश मा.वि<br>तृतीयः श्री जनताधन मा.वि | प्रथम/द्वितीय/ तृतीयः मेडल, डायरी, प्रमाणपत्र र डटपेन<br>सहभागी टोलीः प्रमाणपत्र |
| | श्री गणेश मा.वि | युग गौतम,सुलभ पौडेल,जेनी सुनार | | |
| | श्री जनताधन मा.वि | हिरेश पौडेल, अनिश खत्री, अस्मिता पौडेल | | |
| | श्री अमर आदर्श मा.वि | जेनिशा आचार्य,आशिष खत्री, स्मरण सुवेदी | | |
| | श्री कालीगण्डकी आवसीय मा.वि. | अप्सना थापा, शिष्टता पन्त,अर्चना पौडेल | | |
| | श्री शारी चिल्ड्रेन लाइफ एकेडेमी | अंकिता पौडेल,बबिता पौडेल, डेनिस पौडेल | | |
| **लोक सेवा आयोग, जुम्ला कार्यालय** | | | | |
| १२ | श्री कर्णाली मा.वि. अनामनगर, जुम्ला | दिपेश बुढा, दिपराज थापा, रेजिना रावत | प्रथमः श्री जनता मा.वि. महतगाऊँ, जुम्ला<br>द्वितीयः श्री चन्दननाथ मा.वि. खलङ्गा, जुम्ला | प्रथमः प्रमाणपत्र, स्वर्ण पदक, १/१ दर्जन कापी<br>द्वितीयः प्रमाण पत्र, कास्य |
| | श्री चन्दननाथ मा.वि. खलङ्गा, जुम्ला | ओम लोकेश बुढा, सृजता काफ्ले, ब्रोकलिन महत | | |
| | श्री रत्नचुडेश्वर मा.वि. बोहरागाऊँ, जुम्ला | निर्मल बस्नेत, विवेस सुनार, नेत्र बहादुर सुनार | | |

| | | | | |
|---|---|---|---|---|
| | श्री जनता मा.वि. महतगाऊँ, जुम्ला | अनिल गौतम, विवेक बोहरा, सक्षिण शाही | तृतीयः श्री भैरव मा.वि. धुपीढुस्का जुम्ला | पदक,१/२ दर्जन कापी र कलम तृतीयः रजत पदक, प्रमाणपत्र, ४/४ वटा कापी र कलम |
| | श्री भैरव मा.वि. धुपीढुस्का जुम्ला | संस्कृति रोकाया, ऐनबहादुर रोकाया, रचना धराला | | |
| **लोक सेवा आयोग, महेन्द्रनगर कार्यालय** | | | | |
| १३ | श्री लक्ष्मी मा.वि. भीमदत्त न.पा.-१९ | सुवाष भण्डारी, आशिष साह, भुषण जोशी | प्रथमः श्री लक्ष्मी मा.वि. द्वितीयः श्री भुवनेश्वरी विद्या मा.वि. तेस्रोः श्री महेन्द्र मा.वि. (साधारण) | प्रथमः शिल्ड, मेडल, प्रमाणपत्र, डायरी र डटपेन द्वितीय/तृतीयः मेडल, प्रमाणपत्र |
| | श्री भुवनेश्वर विद्या मन्दिर,भीमदत्त न.पा.-११ | कोशिष भट्ट, सन्दिप नाथ, अनुज रावल | | |
| | श्री महेन्द्रनगर मा.वि. (साधारण) भीमदत्त न.पा.-१८ | आरोही ऐडी, प्रशान्त जोशी, विवेश मिश्र | | |

## ३ आन्तरिक ब्याडमिन्टन प्रतियोगिताः

आयोगको वार्षिकोत्सव मनाउने क्रममा २०८२ साल जेठ २६ र २७ गते आयोग केन्द्रिय कार्यालय, दरखास्त व्यवस्थापन केन्द्र र काठमाडौं कार्यालयमा कार्यरत कर्मचारीहरूबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरिएको थियो। प्रतियोगितामा जम्मा १३ वटा समूहको सहभागिता रहेको थियो। सहभागी कर्मचारीहरूको विवरण निम्न बमोजिम रहेको छ।

**ब्याडमिन्टन प्रतियोगितामा सहभागी कर्मचारीहरू**

| क्र.सं. | पद | टोली सदस्यको नाम | क्र.सं. | पद | टोली सदस्यको नाम |
|---|---|---|---|---|---|
| १ | उपसचिव | श्री नारायणप्रसाद ज्ञवाली | २ | उपसचिव (तथ्याङ्क) | श्री अर्जुनप्रसाद रेग्मी |
| ३ | प्रमुख लेखा नियन्त्रक | श्री विष्णुहरी बराल | ४ | शा.अ. | श्री योगराज पौडेल |
| ५ | शा.अ. | श्री पदमबहादुर राउत | ६ | शा.अ. | श्री सन्तोषकुमार चौधरी |
| ७ | शा.अ. | श्री श्यामकुमार राई | ८ | शा.अ. | श्री ध्रुवकुमार राई |
| ९ | शा.अ. | श्री मदनकुमार बजगाई | १० | शा.अ | श्री मिलन राई |
| ११ | शा.अ. | श्री ऋषिकेश चम्लागाई | १२ | शा.अ. | श्री भिषम राई |
| १३ | शा.अ. | श्री कल्पना दाहाल | १४ | कम्प्युटर अधिकृत | श्री शरद पुरी |
| १५ | क.अ. | श्री माधव रेग्मी | १६ | ना.सु. | श्री राजकुमार घिमिरे |
| १७ | सि.क. | श्री भाष्कर पौडेल | १८ | क.अ. | श्री कुमार जोशी |
| १९ | ना.सु. | श्री हरि जोशी | २० | क.अ. | श्री सुदर्शनप्रसाद आचार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | ना.सु. | श्री नवराज रिमाल | २२ | क.अ. | श्री लाल बहादुर थापा क्षेत्री |
| २३ | ना.सु. | श्री रमेश कुमार ज्ञवाली | २४ | पुस्तकालय सहायक | श्री विरेन्द्र कुमार यादव |
| २५ | खरिदार | श्री भुपेन्द्र चौलागाई | २६ | ह.स.चा. | श्री गोपाल खडका |

उपरोक्त बमोजिमका सहभागीहरू संलग्न रहेको आन्तरिक ब्याडमिन्टन प्रतियोगितामा आयोगका शाखा अधिकृत श्री श्यामकुमार राई, श्री योगराज पौडेल, श्री सन्तोष चौधरी र हलुका सवारी चालक श्री गोपाल खडकाको संयुक्त रूपमा प्रथम, शाखा अधिकृत श्री ध्रुवकुमार राई र मदनकुमार वँजगाईको समूह द्वितीय भएको थियो। विजयी समूहहरूलाई आयोगका अध्यक्ष, सदस्य र सचिवबाट मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

**४ रक्तदान कार्यक्रमः**

आयोगको वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रमको सिलसिलामा २७ जेष्ठ, २०८२ का दिन रक्तदान कार्यक्रम आयोजना गरिएको थियो। यस रक्तदान कार्यक्रममा देहाय बमोजिम २८ जना रक्तदाताबाट रक्तदान भएको थियो।

**रक्तदान गर्ने कर्मचारीहरूको विवरण**

| क्र.सं. | दर्जा | कर्मचारीको नाम, थर | क्र.सं. | दर्जा | कर्मचारीको नाम, थर |
|---|---|---|---|---|---|
| १ | उपसचिव | दिपक खड्का | २ | उपसचिव (कानून) | सन्तोष तिमिल्सिना |
| ३ | शाखा अधिकृत | रामचन्द्र रेग्मी | ४ | शाखा अधिकृत | आरती अधिकारी |
| ५ | शाखा अधिकृत | हरिप्रसाद भुसाल | ६ | शाखा अधिकृत | रघुनाथ काफ्ले |
| ७ | शाखा अधिकृत (शिक्षा) | बद्रीप्रसाद दहाल | ८ | शाखा अधिकृत | ध्रुवकुमार राई |
| ९ | शाखा अधिकृत | भिषम राई | १० | नायब सुब्बा | रमेशकुमार ज्ञवाली |
| ११ | नायब सुब्बा | ईश्वरी अधिकारी | १२ | नायब सुब्बा | शोभाखर ज्ञवाली |
| १३ | कम्प्युटर अपरेटर | माधव रेग्मी | १४ | कम्प्युटर अपरेटर | राजेन्द्र रञ्जितकार |
| १५ | कम्प्युटर अपरेटर | सुदर्शनप्रसाद आचार्य | १६ | कम्प्युटर अपरेटर | प्रल्हाद सत्याल |
| १७ | कम्प्युटर अपरेटर | सुरेश श्रेष्ठ | १८ | पुस्तकालय सहायक | विरेन्द्रकुमार यादव |
| १९ | खरिदार | ज्ञानेन्द्र बर्देवा | २० | हलुका सवारी चालक | शिव श्रेष्ठ |
| २१ | हलुका सवारी चालक | अर्जुनकुमार महतो | २२ | कार्यालय सहयोगी | विजय गोले |
| २३ | रक्तदाता | चन्द्रमान तामाङ | २४ | रक्तदाता | त्रिलोचन रेग्मी |
| २५ | रक्तदाता | भोलानाथ घिमिरे | २६ | रक्तदाता | रोजिना नेपाली |
| २७ | रक्तदाता | सन्तोष गौतम | २८ | रक्तदाता | कृष्ण डंगोल |

**सुरक्षा व्यवस्थापन उपसमितिः**

७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रमलाई सफल तुल्याउनको लागि सुरक्षा व्यवस्थापन उपसमितिबाट निम्न निर्णयहरू भई कार्य सम्पन्न भएको छ।

मिति २०८२/०२/१६ गते

(१) आयोगको कार्यालय अगाडीको सडक सुधारको काम समयमा नै सम्पन्न गरिदिन काठमाडौं महानगरपालिकाको वडा कार्यालयलाई अनुरोध गर्ने,

(२) आयोगको वार्षिकोत्सवको दिन २०८२/०३/०१ गते अतिथिहरूको गाडी पार्किङको लागि कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानलाई अनुरोध गर्ने,

(३) आयोगको वार्षिकोत्सवको मूल समारोहमा उपस्थित हुनुहुने विशिष्ट अतिथिहरूको सुरक्षा व्यवस्था सम्बन्धमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपालका प्रतिनिधिहरूलाई आमन्त्रण गरी छलफल गर्ने र

(४) आयोगको प्रवेशद्वारदेखि समारोह हुने सभा हलसम्मका बाह्य तथा आन्तरिक पूर्वाधारहरूको अवस्था (जस्तै पानीको फोहोरा, रंगरोगन, लिफ्ट, शौचालय, सभाहल) अवलोकन गरी आवश्यक व्यवस्था मिलाउने।

मिति २०८२/०२/१९ गते

लोक सेवा आयोग केन्द्रीय कार्यालय परिसर अगाडीको सडक सुधारको कार्य अधुरो रहेकोले आयोगको वार्षिकोत्सवमा पाल्नुहुने विशिष्ट अतिथि तथा अतिथिहरूको आवगमनमा असर पर्ने देखिएकोले उक्त सडक निर्माणको जिम्मेवारी प्राप्त गरेका निर्माण व्यवसायी, काठमाडौं महानगरपालिका वडा नं. १ का प्रतिनिधिको समेतको उपस्थितिमा छलफल गर्दा ढुङ्गाको उपलब्धता नभएको कारणले समयमै कार्य सम्पादन गर्न नसकिएको अवस्था बुझिएकोले उक्त कार्यमा सम्बद्ध सबै पक्षले सहजीकरण गर्ने।

मिति २०८२/०२/२८ गते

आयोगको ७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको २०८२/०३/०१ गते हुने मूल समारोहको कार्यक्रमको बारेमा अवगत भयो। उक्त कार्यक्रममा अपनाउने पर्ने सुरक्षा सर्तकर्ता, पार्किङ व्यवस्थापन लगायतका विषयमासमेत छलफल भई सो बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

**अतिथि सत्कार तथा प्रचार प्रसार उपसमिति**

**मिति २०८२।२।२० को निर्णयः**

१ आयोगको निर्णयानुसार अतिथि सत्कार/प्रचार प्रसार उपसमितिलाई तोकिएको मुख्य जिम्मेवारी सम्बन्धमा छलफल भयो।

२ वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रम भव्य रूपमा मनाउन कार्यक्रममा आमन्त्रण गरिने महानुभावहरूको नामावली सूची तयार गर्ने, अतिथिहरूलाई आमन्त्रण गर्न गरिने निमन्त्रणा

कार्डको मस्यौदा यस उपसमितिबाट तयार भई मुलसमितिबाट समेत अन्तिम रूप प्राप्त भईसकेकोले आयोगको प्रशासन शाखामार्फत छपाई र वितरणको व्यवस्था मिलाउने।

३ प्रमुख अतिथि तथा अतिथिहरूलाई दिईने व्याच तयार गरी प्रशासन शाखामार्फत आवश्यक प्रति छपाई गरी वार्षिकोत्सवको दिन वितरण गर्ने व्यवस्था मिलाउने।

४ आयोगको वार्षिकोत्सव एवं हीरक जयन्तीको सिलसिलामा सरकारी र निजी सञ्चार (छापा तथा विद्युतीय) माध्यममार्फत आयोगको सन्देश प्रवाह हुने व्यवस्था मिलाउने।

५ वार्षिकोत्सव एवं हीरक जयन्तीको दिन आयोगको तर्फबाट गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशन हुने आयोगसँग सम्बन्धित विशेष प्रकाशनको तयारी सूचना तथा प्रकाशन शाखाबाट गर्ने।

६ वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न यस उपसमितिसँग सम्बन्धित विषयमा आवश्यक तयारी गर्ने।

७ आयोगको वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रममा आमन्त्रण गरिने महानुभावहरूको नामावली सूची माथि छलफल भयो। उक्त सूचीलाई मूलसमितिबाट अन्तिम रूप दिई कार्यक्रममा आमन्त्रणको व्यवस्था मिलाउने।

**मिति २०८२।२।२१ को निर्णयः**

आगामी असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रम भव्य रूपमा सम्पन्न गर्न देहाय बमोजिम गर्ने निर्णय गरियो।

(१) लोक सेवा आयोगको ७५ वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रम भव्य रूपमा सम्पन्न गर्न सञ्चार क्षेत्रबाट प्रचार प्रसार कार्यलाई उच्च प्राथमिकता प्रदान गर्ने।

(२) गोरखापत्र संस्थानबाट प्रकाशन हुने गोरखापत्र राष्ट्रिय दैनिकमा लोक सेवा आयोगबाट उपलब्ध हुने विशेष प्रकाशन सामग्री एक पेज रंगिन कलरमा निःशुल्क प्रकाशन गर्ने।

(३) विज्ञापन बोर्डमार्फत लोक कल्याणकारी विज्ञापन अन्तर्गत निम्न नाराहरूलाई निःशुल्क रूपमा प्रवाह हुने व्यवस्था मिलाउने।

योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं

**"योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिवद्धता"**

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं
- निर्भिक एवं निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं

२०८२ असार १ गते लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती भव्यताका साथ मनाऔं

विगत वार्षिकोत्सव कार्यक्रमहरूमा भएको सहभागिता समेतलाई मध्यनजर गरी उपसमितिबाट तयार भएको सहभागीहरूको सूचीलाई मूल समारोह समितिको निर्देशन बमोजिम अन्तिम रूप दिई आमन्त्रित सहभागीहरूलाई निमन्त्रणा गरिएको थियो।

आमन्त्रित सहभागीहरूलाई निम्न बमोजिमको निमन्त्रणा कार्डमार्फत आमन्त्रण गरी सहभागिताको सुनिश्चित गरिएको थियो। प्रशासन शाखाबाट मूल समारोह समितिको स्वीकृति बमोजिम निम्न ढाँचाको २०० प्रति निमन्त्रणा कार्ड छपाइ गरी वितरण गरिएको थियो।



लोक सेवा आयोग
कमलपोखरी, काठमाडौँ

निमन्त्रणा

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यमा आयोजना हुने लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती (Diamond Jubilee) वर्षको समुद्घाटन समारोहमा यहाँको गरिमामय उपस्थितिका लागि हार्दिक निमन्त्रणा गर्दछु ।

कार्यक्रम
स्थान : लोक सेवा आयोग, कमलपोखरी, काठमाडौँ
मिति : २०८२ आषाढ १ गते, आइतबार
समय : विहान ११:३० बजे
पोशाक : औपचारिक/राष्ट्रिय/मर्यादित

माधव प्रसाद रेग्मी
अध्यक्ष

असमर्थताका लागि : ९८५१२७३४१५, ९८५१३४०८०२, ९८४१२८२०५९

(नोट : कृपया यो कार्ड साथमा लिई पाल्नु हुन र ११:०० बजे भित्र स्थान ग्रहण गरिसक्नु हुन।)

- वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा आमन्त्रित महानुभावहरूको नामावली **अनुसूची-१** मा समावेश गरिएको छ।

४. सरकारी र निजी सञ्चार माध्यम (छापा तथा विद्युतीय) मार्फत आयोगको निम्न सन्देश प्रवाह गर्ने प्रबन्ध मिलाउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा अनुरोध गरिएको थियो।

  - **योग्यता, स्वच्छता, निष्पक्षता - लोक सेवा आयोगको प्रतिवद्धता**

    यसैगरी नेपाल विज्ञापन बोर्डलाई सरकारी तथा निजी सञ्चार माध्यमबाट लोक कल्याणकारी विज्ञापनमार्फत देहाय बमोजिम लोक सेवा आयोगको सन्देश प्रवाह गरिदिन अनुरोध गरिएको थियो।

योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं

**"योग्यता, स्वच्छता, निष्पक्षता- लोक सेवा आयोगको प्रतिवद्धता"**

- योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं
- स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं
- निर्भिक एवं निष्पक्ष रूपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं

२०८२ असार १ गते लोक सेवा आयोगको **७५** औं वार्षिकोत्सव एवम् हीरक जयन्ती भव्यताका साथ मनाऔं

**५. परिसम्वाद तथा अन्तरसम्वाद कार्यक्रमः**

रेडियो नेपाल र नेपाल टेलिभिजनबाट अन्तर्वार्ता तथा परिसम्वाद कार्यक्रम सञ्चालन गर्ने तथा वार्षिकोत्सवको दिन अर्थात असार १ गते गोरखापत्र राष्ट्रिय दैनिकमा विशेष प्रकाशन गर्ने व्यवस्थाका लागि समन्वय गरि उक्त कार्य सम्पन्न गरिएको थियो।

(क) **नेपाल टेलिभिजनः**

वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रमलाई प्रभावकारी रूपमा आयोजना गर्ने सिलसिलामा २०८२ साल जेठ ३१ गते लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मी, नेपाल सरकारका पूर्व मुख्य सचिव डा. विमल कोइराला र नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर श्री महाप्रसाद अधिकारीसँग नेपाल टेलिभिजनद्वारा **वर्तमान अवस्थामा लोक सेवा आयोग र आयोगसँग सम्बन्धित समसमायिक विषय**मा सर्वसाधारणको जानकारीको लागि परिसम्वाद कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त परिसम्वाद कार्यक्रममा लोक सेवा आयोगको संवैधानिक जिम्मेवारी, आयोगले अवलम्वन गरेका मार्गदर्शक सिद्धान्तहरू, आयोगले अवलम्वन गरेका कार्यप्रणाली र आयोगप्रतिको सर्वसाधारणको जनविश्वास थप फराकिलो वनाउने विषयमा आवश्यक छलफल भएको थियो।

**(ख) रेडियो नेपालः**

वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्ने सिलसिलामा २०८२ साल असार १ गते लोक सेवा आयोगका माननीय सदस्य माधव बेलवासे, प्रा.डा. घनश्याम भट्टराई र नेपाल सरकार एवम् आयोगका पूर्व सचिव सुशिल जबरासंग लोक सेवा आयोगसँग सम्बन्धित विषयमा रेडियो नेपालद्वारा परिसम्वाद कार्यक्रम सञ्चालन गरिएको थियो। यसैगरी लोक सेवा

आयोगका माननीय सदस्य वीरबहादुर राईसँग रेडियो नेपालद्वारा २०८२ साल असार १ गते, बिहान ६:३० बजे अन्तरसम्वाद कार्यक्रममार्फत लोक सेवा आयोगका समसमायिक गतिविधिहरूको बारेमा अन्तर सम्बाद कार्यक्रम गरिएको थियो।

**६. विशेष प्रकाशनः**

आयोगको कामकारबाही समावेश भएको विशेष प्रकाशन वार्षिकोत्सवको दिन गोरखापत्र दैनिक (रङ्गीन एक पेज) निःशुल्क प्रकाशनको प्रबन्ध गरिएको थियो। विशेष प्रकाशन **अनुसूची-२** मा समावेश गरिएको छ।

७. कार्यक्रमको दिन निम्न बमोजिम सञ्चार माध्यमलाई पत्राचार गरी आमन्त्रण गरिएको थियो:-

- श्री गोरखापत्र दैनिक
- श्री रेडियो नेपाल
- श्री नेपाल टेलिभिजन
- श्री राष्ट्रिय समाचार समिति
- श्री फोटो पत्रकार, सूचना तथा प्रसारण विभाग
- श्री न्यूज एजेन्सी नेपाल (NAN)
- श्री कान्तिपुर दैनिक
- श्री अन्नपूर्ण पोष्ट
- श्री नागरिक दैनिक
- श्री नयाँ पत्रिका दैनिक
- श्री राजधानी दैनिक
- श्री कान्तिपुर टेलिभिजन
- श्री एविसी टेलिभिजन
- श्री सगरमाथा टेलिभिजन
- श्री न्यूज 24 टेलिभिजन

**ग. मञ्च व्यवस्थापन उपसमिति**

- मूल समारोह समितिको निर्देशन र समन्वयमा रही वार्षिकोत्सव कार्यक्रमलाई भव्य रूपमा सम्पन्न गर्न आयोगको प्रवेशद्वार र परिसरमा स्वागतद्वार निर्माण गरिएको थियो। यस कार्यमा नेपाली सेनाको सहयोग लिईएको थियो।
- सुरक्षा व्वस्थालाई समेत मध्यनजर गरी आयोगको सभा हलमा आकर्षक मञ्च निर्माण गरिएको थियो र आवश्यकता अनुसार प्रवेशद्वारदेखि सभा हलसम्म तुल, व्यानर र फ्लेक्समार्फत सजाइएको थियो।

- कार्यक्रममा आमन्त्रण हुने महानुभावहरूको सूची अतिथि सत्कार तथा प्रचार प्रसार उपसमितिबाट प्राप्त गरी सुरक्षा निकायहरूका प्रमुख तथा प्रतिनिधिहरूसँग समन्वय गरी ३ पटक बैठकहरू आयोजना गरिएको,
- विशिष्ट अतिथिहरूको सुरक्षा व्यवस्था र सहजतालाई मध्यनजर गर्दै आयोगको भौतिक स्थिति निरीक्षण गरी आवश्यक सुधार गर्ने प्रबन्ध मिलाइएको,
- आयोगका पदाधिकारी, कर्मचारी तथा आमन्त्रित अतिथिहरूको सवारी साधन पार्किङका लागि आयोगको बेसमेन्ट, नेपाल प्रज्ञा प्रतिष्ठानको भवन परिसर र अनामनगरस्थित आयोगको कार्यालयको पार्किङ स्थलमा सवारी साधन पार्किङको प्रबन्ध गरिएको थियो।

### घ. मूल समारोह समिति

मूल समारोह समितिबाट आयोगले आफ्नो स्थापना दिवसको सिलसिलामा विगत वर्षहरूमा जस्तै गरी वार्षिकोत्सव मनाउने र यस वर्ष आयोगको ७५ औं स्थापना दिवससमेत भएकोले हीरक जयन्तीको रूपमा भव्य रूपमा मनाउन सुरक्षा व्यवस्थापन उपसमिति, अतिथि सत्कार तथा प्रचार प्रचार उपसमिति, कार्यक्रम/अतिरिक्त क्रियाकलाप उपसमिति र मञ्च व्यवस्थापन उपसमिति गठन गरी तयारीको कार्य अगाडि बढाएकोमा उक्त उपसमितिका कार्यहरूलाई व्यवस्थित र मर्यादित बनाउन समन्वयको कार्य गरिएको थियो। मूल समारोह समितिको तर्फबाट आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले वार्षिकोत्सवको उद्घाटनको लागि सम्मानीय राष्ट्रपतिज्यूसँग मिति २०८२।२।२४ गते भेट तथा निमन्त्रणा गरी वार्षिकोत्सवको उद्घाटन हुने गरी वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रममा कार्यक्रम समुद्घाटनको प्रबन्ध मिलाईएको थियो। वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रममा विशेष अतिथिको रूपमा सम्मानीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूसँग मिति २०८२।२।२९ गते र विशिस्ट अतिथिको रूपमा प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति रामहरि खतिवडालाई समेत मिति २०८२।२।२४ गते आमन्त्रण गरी बार्षिक एवम् हिरक जयन्ती कार्यक्रम सम्पन्न गर्न मूल समारोह समितिबाट निम्न बमोजिमको कार्यक्रम तालिका स्वीकृत भएको थियो।

**योग्यता** **निष्पक्षता** **स्वच्छता**

**लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोह कार्यक्रम- २०८२**
**२०८२ असार १ गते, आईतवार**

| क्र.सं. | समय | कार्यक्रम |
|---|---|---|
| १ | १०:४५- | अतिथि महानुभावहरूको आगमन तथा आसन ग्रहण |

| | | |
|---|---|---|
| २ | ११:२० | विशिष्ट अतिथि प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका  माननीय सभापति श्री रामहरी खतिवडाज्यूको स्वागत तथा आसन ग्रहण |
| ३ | ११:२५ | विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको  स्वागत तथा आसन ग्रहण |
| ४ | ११:३० | **प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको स्वागत** |
| ५ | | राष्ट्रिय गान |
| ६ | | प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको आसन ग्रहण |
| ७ | | प्रमुख अतिथिज्यू र विशिष्ट अतिथिज्यूहरूमा व्याज वितरण |
| ८ | ११:३५ | आयोगका सचिव श्री किरणराज शर्माबाट स्वागत मन्तव्य |
| ९ | ११:४० | प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूबाट पानसमा दीप प्रज्ज्वलन एवम् ताम्रपत्र अनावरण गरी ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती वर्षको समुद्घाटन |
| १० | ११:४५ | आयोगका अध्यक्ष श्री माधव प्रसाद रेग्मीबाट आयोगको इतिहास र कामकारबाही बारे मन्तव्य |
| ११ | १२:०० | विशिष्ट अतिथि प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका  माननीय सभापति श्री रामहरी खतिवडाज्यूबाट शुभकामना मन्तव्य |
| १२ | १२:१० | विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूबाट शुभकामना मन्तव्य |
| १३ | १२:२० | प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूबाट लोक सेवा आयोगमा कार्यरत उत्कृष्ट कर्मचारीहरूलाई दोसल्ला ओढाई कदरपत्र प्रदान |
| १४ | १२:४० | प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूबाट आयोगका पूर्व कर्मचारी मुख्य मनोविज्ञानवेत्ता श्रीमती जया पाण्डेलाई दोसल्ला ओढाई सम्मानपत्र प्रदान |
| १५ | | प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूबाट मार्गदर्शन सम्बोधन |
| १६ | १२:४५ | प्रमुख अतिथिज्यू तथा विशिष्ट अतिथिज्यूहरूमा आयोगका तर्फबाट स्मृतिको चिनो प्रदान |
| १७ | १२:५० | आयोगका सदस्य श्री दिनेश सिलवालबाट धन्यवाद ज्ञापन |
| ८ | १२:५५ | फोटो सेसन |
| १९ | १:०० | जलपान |

| | |
|---|---|
| कार्यक्रम सञ्चालन: | सहसचिव श्री गीताकुमारी होमेगाई |
| सम्पर्क व्यक्ति: | सचिव श्री किरणराज शर्मा (९८५११५१३२४) |
| कार्यक्रम स्थान: | लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं |

उपरोक्त कार्यक्रमको आधारमा वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलज्यूको समुपस्थिति, सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको विशेष उपस्थिति र प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति रामहरी खतिवडाज्यूसमेतको उपस्थितिमा कमलपोखरीस्थित **भुवनमानसिंह प्रधान** सभा हलमा वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रमको मूल समारोह सम्पन्न भएको थियो। वार्षिकोत्सवको दिन बिहान ११:३० बजे सम्मानीय राष्ट्रपतिज्यूबाट पानसमा दिप प्रज्वलन गरी वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रमको समुद्घाटन गर्नुहुँदै नेपालकै जेठो संवैधानिक निकायका रूपमा रहेको लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्तीको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दै मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रूपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७४ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मान्दै कार्यसम्पादन गर्न सफल भएकोमा आयोगको प्रशंसा गर्नुभयो। उहाँले आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ताप्रतिको आशा र भरोसाको केन्द्रका रूपमा यसरी नै आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्न सक्नु पर्ने कुरामा जोड दिंदै कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले गलत भर्ना नीति र प्रक्रियाले प्रशासनिक संगठनभित्र स्थायी खराबीहरू प्रवेश गर्न सक्नेतर्फ सजग रहँदै आयोगले यसलाई निरूत्साहित गर्न योग्यताका सबै तत्वहरू पूर्वानुमेयता हुने गरी आफ्नो परीक्षण विधिहरूमा समयसापेक्ष सुधार गर्न जरूरी रहेको उल्लेख गर्नुभयो। सम्माननीय राष्ट्रपतिज्यूबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको सम्बोधन मन्तव्य **अनुसूची-३** मा समावेश गरिएको छ।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले आयोगले योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, असंलग्नता, गोपनीयता, परिचय शून्यता जस्ता कार्यसम्पादनका सिद्धान्त अवलम्वन गरी आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न सकेकोमा आयोगका कामकारबाहीको प्रशंसा गर्दै आगामी दिनमा कार्य सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो। साथै नेपाल सरकार र सम्बद्ध निकायबाट लोक सेवा आयोगलाई साधन,श्रोत र क्षमता अभिवृद्धिमा ध्यान दिन र आयोगको वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरूको सम्बोधन हुनुपर्ने धारणा ब्यक्त गर्नुभयो।

सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूबाट वार्षिकोत्सव एवम् हीरक जयन्तीको अवसरमा दिनुभएको सम्बोधन मन्तव्य **अनुसूची-४** मा समावेश गरिएको छ।

उक्त कार्यक्रममा प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री रामहरी खतिवडाज्यूले कर्मचारी छनौटको लागि आयोगले गरेका असल अभ्यासलाई निरन्तरता दिन आवश्यक रहेको उल्लेख गर्दै लामो समयको प्रतिक्षामा रहेको संघीय निजामती सेवा ऐन शीघ्र जारी हुने कुरामा विश्वास व्यक्त गर्नुभयो।

वार्षिकोत्सव कार्यक्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले मन्तव्य राख्नु हुँदै आयोगले नेपालको संविधान, सेवा, समूह, उपसमूह सञ्चालनसँग सम्बन्धित कानुन, सुरक्षा निकाय तथा संगठित संस्थाहरूसँग सम्बद्ध कानुन समेतका आधारमा आफ्नो कार्य सम्पादन गर्दै आएको, विभिन्न कानुनहरूमा रहेको व्यवस्था बमोजिम पदपूर्तिको प्रक्रियाका लागि गठित समितिमा आयोगको प्रतिनिधित्व रहेको, आयोगबाट सञ्चालन हुने परीक्षाको लागि आवश्यक पर्ने पाठ्यक्रमलाई समयसापेक्ष र थप व्यवहारिक बनाउने प्रयास गरिदै आएको, प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको र यस्ता सम्मेलनहरूमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्धति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अवलम्वन गर्ने गराउनेतर्फ सकारात्मक भूमिका निर्वाह गरिएको उल्लेख गर्नुभयो। आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीबाट वार्षिकोत्सवको अवसरमा दिनुभएको सम्बोधन मन्तव्य **अनुसूची-५** मा समावेश गरिएको छ।

कार्यक्रमको अन्तमा आयोगका माननीय सदस्य दिनेश सिलवालज्यूले प्रमुख अतिथि लगायत उपस्थित महानुभावहरूको सहभागिताको लागि आयोगको तर्फबाट धन्यवाद मन्तव्य दिदैं आयोगले सम्पादन गरेका राम्रा अभ्यासहरूको संक्षिप्त प्रस्तुती गर्नुभएको थियो। आयोगका माननीय सदस्य दिनेश सिलवालबाट वार्षिकोत्सव एवम् हीरक जयन्तीको अवसरमा दिनुभएको धन्यवाद मन्तव्य **अनुसूची-६** मा समावेश गरिएको छ।

कार्यक्रमको प्रारम्भमा प्रमुख अतिथि लगायत उपस्थित सम्पूर्ण महानुभावहरूलाई आयोगको तर्फबाट आयोगका सचिव श्री किरणराज शर्माबाट स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। आयोगका सचिव किरणराज शर्माले वार्षिकोत्सवको अवसरमा दिनु भएको स्वागत मन्तव्य **अनुसूची-७** मा समावेश गरिएको छ।

**पुरस्कार तथा सम्मानः** वार्षिकोत्सव कार्यक्रमको सिलसिलामा आयोगको निर्णयानुसार आयोगको कर्मचारी भई आयोगको शाख र गरिमा अभिबृद्धि गर्न उल्लेखनीय योगदान पुर्‍याउनु भएकोमा पूर्व मुख्यमनोविज्ञानवेत्ता श्री जया पाण्डेलाई सम्मानपत्र र दोसल्ला सहित सम्मान गरिएको थियो।
त्यसैगरी सचिवालयको सिफारिसको आधारमा आयोग र अन्तर्गत कार्यालयमा कार्यरत रही उत्कृष्ट कार्य सम्पादन गर्ने तपसील बमोजिमका कर्मचारीहरूलाई वार्षिकोत्सवका अवसरमा पुरस्कृत र सम्मानित गरिएको थियो।

- **उत्कृष्ट कर्मचारी पुरस्कार**

  आयोग र अन्तर्गत कार्यालयहरूमा कार्यरत रही आर्थिक वर्ष २०८१/८२ मा उत्कृष्ट कार्य सम्पादन गर्ने निम्न कर्मचारीहरूलाई पुरस्कार र सम्मानपत्र सहित सम्मान गरिएको थियो।

१. शाखा अधिकृत, श्री ऋषिकेश चम्लागाई, लोक सेवा आयोग, केन्द्रीय कार्यालय

२. शाखा अधिकृत, श्री लक्ष्मीप्रसाद पराजुली, लोक सेवा आयोग, काठमाडौं कार्यालय

३. खरिदार, श्री चित्रकुमार सुवाल, लोक सेवा आयोग, बुटवल कार्यालय

**सुचना प्रविधितर्फ उत्कृष्ट कार्य सम्पादन गरी सम्मानित हुने कर्मचारी**

१. आयोग र अन्तर्गत कार्यालयहरूमा कार्यरत रही आर्थिक वर्ष २०८०-८१ मा आयोगको कार्य सम्पादनमा सूचना प्रविधिको माध्यमबाट उत्कृष्ट कार्य सम्पादन गर्ने कम्प्युटर अपरेटर श्री प्रल्हाद सत्याल (लोक सेवा आयोग, केन्द्रीय कार्यालय) लाई सम्मानपत्र सहित सम्मान गरिएको थियो।

**"भुवनमानसिंह प्रधान सभाकक्ष"**

वि.सं.२००३ देखि २०४५ सम्म सरकारी सेवा तथा वि.सं. २०१५ देखि २०४५ सम्म लोक सेवा आयोगका विभिन्न पदमा रही कार्य गर्नुभएका स्व. भुवनमानसिंह प्रधानले वि.सं.२०३७ सालदेखि २०४५ सालसम्म सचिवको रूपमा रही आयोगको परीक्षा प्रणालीमा योग्यता, निश्पक्षता तथा स्वच्छता कायम गर्ने गरी विभिन्न सुधारका कार्यहरू गरेवापत वहाँको योगदानको स्मरण गर्दै लोक सेवा आयोग, केन्द्रीय कार्यालयको, कमलपोखरीस्थित भवनको पाँचौ तलामा रहेको सभाकक्षलाई **"भुवनमानसिंह प्रधान सभाकक्ष"** नामाकरण गरिएको छ। मिति २०८२ जेठ ३० गते उक्त सभाकक्षको उद्घाटन लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले गर्नुभएको थियो।

**वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रम सम्बन्धी प्रेस विज्ञप्तीः** वार्षिकोत्सव कार्यक्रम सम्पन्न भए पश्चात सरोकारवालाको जानकारीको लागी आयोगको तर्फबाट प्रेस विज्ञप्ती जारी गरिएको थियो। आयोगका प्रवक्ताद्वारा जारी भएको प्रेस विज्ञप्ती **अनुसूची-८** मा समावेश गरिएको छ।

## अनुसूची - १

## (आमन्त्रित महानुभावहरूको सूची)

| (क) संवैधानिक अंग/निकायका पदाधिकारीहरूः | | | |
|---|---|---|---|
| क्र.सं. | नाम | पद | कार्यालय |
| १ | श्री रामहरी खतिवडा | सभापति | राज्य व्यवस्था समिति, प्रतिनिधि सभा |
| २ | श्री प्रेमकुमार राई | प्रमुख आयुक्त | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं |
| ३ | श्री तोयम राया | महालेखा परीक्षक | महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं |
| ४ | श्री रामप्रसाद भण्डारी | का.वा. प्रमुख निर्वाचन आयुक्त | निर्वाचन आयोग, कान्तिपथ, काठमाडौं |
| ५ | श्री तपबहादुर मगर | अध्यक्ष | राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुर |
| ६ | श्री जुद्धबहादुर गुरूङ | का.वा. अध्यक्ष | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार |
| ७ | श्री कमला पराजुली | अध्यक्ष | राष्ट्रिय महिला आयोग, भद्रकाली प्लाजा, काठमाडौं |
| ८ | श्री देवराज विश्वकर्मा | अध्यक्ष | राष्ट्रिय दलित आयोग, जावलाखेल, ललितपुर |
| ९ | श्री हरिदत्त जोशी | का.वा. अध्यक्ष | राष्ट्रिय समावेशी आयोग, श्रीमहल पुल्चोक, ललितपुर |
| १० | श्री रामबहादुर थापामगर | अध्यक्ष | आदिवासी जनजाति आयोग, पुल्चोक, ललितपुर |
| ११ | श्री जीवछ साह | का.वा. अध्यक्ष | मधेशी आयोग, ज्वागल, ललितपुर |
| १२ | श्री सुबोध सिंह थारू | का.वा. अध्यक्ष | थारू आयोग, अनामनगर, काठमाडौं |
| १३ | श्री महमदिन अली | का.वा. अध्यक्ष | मुस्लिम आयोग, जावलाखेल, ललितपुर |
| १४ | डा. सुरेशराज आचार्य | प्रमुख सूचना आयुक्त | राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाडौं |
| १५ | श्री रमेश बडाल | महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय, पुतलीसडक, काठमाडौं |
| (ख) नेपाल सरकारका मुख्य सचिव/सचिवहरूः | | | |
| १६ | श्री एकनारायण अर्याल | मुख्य सचिव | नेपाल सरकार |
| १७ | श्री पदमप्रसाद पाण्डेय | महासचिव | संघीय संसद |
| १८ | श्री देवेन्द्रराज ढकाल | मुख्य रजिस्ट्रार | सर्वोच्च अदालत |
| १९ | डा. दिपक काफ्ले | सचिव | राष्ट्रपतिको कार्यालय |
| २० | श्री लोकनाथ पौड्याल | सचिव | उपराष्ट्रपतिको कार्यालय |
| २१ | श्री खगेन्द्रप्रसाद नेपाल | सचिव (विशेष दरवन्दी) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २२ | श्री राजकुमार श्रेष्ठ | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २३ | श्री फणीन्द्र गौतम | सचिव (कानून) | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४ | श्री गोविन्दबहादुर कार्की | सचिव | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २५ | श्री घनश्याम उपाध्याय | सचिव (अर्थ) | अर्थ |
| २६ | श्री दिनेशकुमार घिमिरे | सचिव (राजस्व) | अर्थ |
| २७ | डा. रामप्रसाद घिमिरे | सचिव (वाणिज्य तथा आपूर्ति) | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २८ | श्री कृष्णवहादुर राउत | सचिव (उद्योग) | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २९ | श्री सुरेश आचार्य | सचिव (ऊर्जा) | ऊर्जा, जलस्रोत तथा सिंचाई |
| ३० | श्री सरीता दवाडी | सचिव (जलस्रोत तथा सिँचाई) | ऊर्जा, जलस्रोत तथा सिंचाई |

| | | | |
|---|---|---|---|
| ३१ | | सचिव | कानुन, न्याय, तथा संसदीय मामिला |
| ३२ | डा. गोविन्दप्रसाद शर्मा | सचिव (कृषि) | कृषि तथा पशुपन्छी विकास |
| ३३ | डा. दिपककुमार खराल | सचिव (पशुपन्क्षी) | कृषि तथा पशुपन्छी विकास |
| ३४ | श्री प्रमिलादेवी बज्राचार्य | सचिव | खानेपानी |
| ३५ | श्री गोकर्णमणि दुवाडी | सचिव | गृह |
| ३६ | श्री अमृतबहादुर राई | सचिव | परराष्ट्र |
| ३७ | श्री केदारनाथ शर्मा | सचिव | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |
| ३८ | श्री केशबकुमार शर्मा विडारी | सचिव | भौतिक पूर्वाधार तथा यातायात |
| ३९ | श्री लक्ष्मीकुमारी बस्नेत | सचिव | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| ४० | डा. हरिप्रसाद लम्साल | सचिव | युवा तथा खेलकुद |
| ४१ | श्री रामेश्वर दंगाल | सचिव | रक्षा |
| ४२ | डा. राजेशप्रसाद मिश्र | सचिव | वन तथा वातावरण |
| ४३ | श्री चुडामणि पौडेल | सचिव (शिक्षा) | शिक्षा, विज्ञान तथा प्रविधि |
| ४४ | श्री विश्ववाबु पुडासैनी | सचिव (विज्ञान तथा प्रविधि) | शिक्षा, विज्ञान तथा प्रविधि |
| ४५ | डा. कृष्णहरि पुस्कर | सचिव | श्रम , रोजगार तथा सामाजिक सुरक्षा |
| ४६ | श्री हरिप्रसाद मैनाली | सचिव | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| ४७ | श्री रविलाल पन्थ | सचिव | संघीय मामिला तथा सामान्य प्रशासन |
| ४८ | श्री राधिका अर्याल | सचिव | सञ्चार तथा सूचना प्रविधि |
| ४९ | श्री गोपालप्रसाद सिग्देल | सचिव | शहरी विकास |
| ५० | श्री डिल्लीराम शर्मा | सचिव (जनसंख्या र प्रशासन) | स्वास्थ्य तथा जनसंख्या |
| ५१ | डा. विकास देवकोटा | सचिव (स्वास्थ्य) | स्वास्थ्य तथा जनसंख्या |
| ५२ | श्र बिमल पौडेल | रजिस्ट्रार | सर्वोच्च अदालत |
| ५३ | श्री भद्रकाली पोखरेल | रजिस्ट्रार | सर्वोच्च अदालत |
| ५४ | श्री यमबहादुर वुढामगर | सचिव | न्याय परिषद् सचिवालय |
| ५५ | डा. रोजनाथ पाण्डे | सचिवालय सचिव | संघीय संसद सचिवालय |
| ५६ | डा. टेकबहादुर घिमिरे | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ५७ | श्री गोपालप्रसाद रिजाल | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ५८ | श्री संजीवराज रेग्मी | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ५९ | श्री लोकराज पराजुली | नायब महान्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ६० | श्री नारायणप्रसाद शर्मा दुवाडी | सचिव | अख्तियार दुरूपयोग अनुसन्धान आयोग |
| ६१ | श्री बामदेव शर्मा अधिकारी | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६२ | श्री विन्दु विष्ट | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६३ | श्री पदमराज पौडेल | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६४ | श्री वैकुण्ठबहादुर अधिकारी | उप-महालेखा परीक्षक | महालेखापरीक्षकको कार्यालय |
| ६५ | श्री भरतमणि सुवेदी | सचिव | निर्वाचन आयोग |
| ६६ | श्री मुरारीप्रसाद खरेल | सचिव | राष्ट्रिय मानव अधिकार आयोग |

| | | | |
|---|---|---|---|
| ६७ | श्री महादेव पन्थ | सचिव | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| ६८ | श्री सुमनराज अर्याल | सचिव | राष्ट्रिय योजना आयोग |
| ६९ | श्री दिनानाथ मिश्र | सचिव | जल तथा उर्जा आयोग |
| ७० | श्री आलोकचन्द्र श्रेष्ठ | सचिव | नेपाल कानुन आयोग |
| ७१ | श्री पाराश्वर ढुङ्गाना | सचिव | सत्य निरूपण तथा मेलमिलाप आयोग |
| ७२ | श्री खेमराज ज्ञवाली | सचिव | बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग |
| ७३ | श्री रघुराम विष्ट | महालेखा नियन्त्रक | महालेखा नियन्त्रक कार्यालय (अवकाशमा जाने) |
| ७४ | श्री मुकुन्दप्रसाद निरौला | कार्यालय प्रमुख/सचिव | सार्वजनिक खरिद अनुगमन कार्यालय |
| ७५ | श्री सरजुकुमार बैद्य | प्रमुख अधिकृत/सचिव | राष्ट्रिय सतर्कता केन्द्र |
| ७६ | श्री रामआधार साह | कार्यकारी सचिव | नेपाल ट्रष्टको कार्यालय |
| ७७ | श्री मधुसुदन बुर्लाकोटी | प्रमुख तथ्याङ्क अधिकारी/सचिव | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| **(ग) सुरक्षा निकायका प्रमुखहरूः** | | | |
| ७८ | श्री अशोकराज सिग्देल | प्रधान सेनापति | नेपाली सेना |
| ७९ | श्री दिपक थापा | प्रहरी महानिरीक्षक | नेपाल प्रहरी |
| ८० | श्री राजु अर्याल | सशस्त्र प्रहरी महानिरीक्षक | सशस्त्र प्रहरी बल, नेपाल |
| ८१ | श्री हुतराज थापा | मुख्य अनुसन्धान निर्देशक | राष्ट्रिय अनुसन्धान विभाग |
| ८२ | श्री ऋषिराम तिवारी | प्रमुख जिल्ला अधिकारी | जिल्ला प्रशासन कार्यालय, काठमाडौं |
| **(घ) लोक सेवा आयोगका पूर्व पदाधिकारीहरूः** | | | |
| ८३ | श्री योगेन्द्रनाथ ओझा | पूर्व-पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८४ | डा. कयोदेवी यमी | पूर्व-पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८५ | श्री उमेशप्रसाद मैनाली | निवर्तमान पदाधिकारी (अध्यक्ष) | लोक सेवा आयोग |
| ८६ | डा. गौरीशंकरलाल दास | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ८७ | डा. मधुनिधि तिवारी | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ८८ | श्री देवशरण प्रसाद | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ८९ | श्री उर्मिला श्रेष्ठ | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९० | डा. भीमदेव भट्ट | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९१ | डा. गणेशमान गुरूङ्ग | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९२ | डा. श्रीकृष्ण यादव | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९३ | श्री कृष्णप्रसाद पोखरेल | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९४ | श्री टीकादत्त निरौला | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९५ | श्री राजेन्द्रप्रसाद शाह | पूर्व-पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९६ | श्री विन्द्रा हाडा भट्टराई | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९७ | डा. गोविन्दप्रसाद कुसुम | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९८ | श्री श्रीपुरूष ढकाल | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| ९९ | श्री अशोककुमार झा | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| १०० | श्री ब्रह्मदेव राय | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १०१ | श्री कृष्णचन्द्र झा | निवर्तमान पदाधिकारी (सदस्य) | लोक सेवा आयोग |
| **(ङ) लोक सेवा आयोगका पूर्व सचिवहरूः** | | | |
| १०२ | श्री कुमार प्रसाद पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०३ | श्री केशवप्रसाद भट्टराई | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०४ | श्री दामोदर ढकाल | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०५ | श्री नाथुप्रसाद चौधरी | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०६ | श्री बाबुराम सापकोटा | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०७ | श्री श्यामप्रसाद मैनाली | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०८ | श्री श्रीधर सापकोटा | पूर्व-सचिव | लोक सेवा आयोग |
| १०९ | श्री श्रीराम पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११० | श्री सुशिल कान्त झा | पूर्व-सचिव | लोक सेवा आयोग |
| १११ | श्री सुशिल जंग बहादुर राणा | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११२ | श्री हेमराज पौडेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११३ | श्री विष्णुप्रसाद लम्साल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११४ | श्री मधुप्रसाद रेग्मी | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११५ | श्री आनन्दराज ढकाल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११६ | श्री महेन्द्रप्रसाद गुरागाईं | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११७ | श्री अर्जुनप्रसाद पोखरेल | पूर्व-सचिव | लोक सेवा आयोग |
| ११८ | श्री पदमप्रसाद पोखरेल | पूर्व-सचिव | नेपाल सरकार |
| ११९ | श्री उदयराज सोती | पूर्व-सचिव | नेपाल सरकार |
| **(च) लोक सेवा आयोगका पूर्व कर्मचारीहरूः** | | | |
| १२० | श्री पुष्करराज पन्त | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२१ | श्री लाल बहादुर कार्की | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२२ | श्री प्रेमप्रसाद पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२३ | श्री रमेश मैनाली | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२४ | श्री वलदेवप्रसाद जोशी | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२५ | श्री टामलाल पाण्डे | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२६ | श्री ताराप्रसाद भट्टराई | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२७ | श्री राजेश पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२८ | श्री श्यामराज अधिकारी | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १२९ | श्री ख्यामबहादुर थापा | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १३० | श्री अन्जनकुमार मिश्र | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १३१ | श्री रमेश चन्द्र गौतम पाल्पाली | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |
| १३२ | डा.कमलेश कुमार सिन्हा | पूर्व सहसचिव | नेपाल सरकार |
| १३३ | श्री शिवराम न्यौपाने | सेवा निवृत्त राष्ट्रसेवक (सहसचिव) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १३४ | श्री केदारशक्ति मास्के | सेवा निवृत्त राष्ट्रसेवक (बरिष्ठ मनोविज्ञानवेत्ता) | लोक सेवा आयोग |
| १३५ | श्री कुमार पौडेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३६ | श्री डिल्लीराज पोखरेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३७ | श्री ध्यानकुमार थापा | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३८ | श्री नारायणप्रसाद कोइराला | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १३९ | श्री केशवराज त्रिपाठी | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १४० | श्री देवनाथ पोखरेल | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १४१ | श्री सरोजजङ्ग थापा | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १४२ | श्री लिलानिधि कोइराला | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १४३ | श्री कृष्णहरि देवकोटा | सेवा निवृत्त राष्ट्रसेवक (उपसचिव) | लोक सेवा आयोग |
| १४४ | श्री गिता अधिकारी (घिमिरे) | सेवा निवृत्त राष्ट्रसेवक (ब.पुस्तकालय अधिकृत) | लोक सेवा आयोग |
| १४५ | श्री नवराज लम्साल | सेवा निवृत्त राष्ट्रसेवक (तथ्याङ्क उपसचिव) | लोक सेवा आयोग |
| १४६ | श्री प्रेमबहादुर श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४७ | श्री गंगाराम प्रजापति | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४८ | श्री रेवती के.सी. | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १४९ | श्री रामप्रसाद ढुंगाना | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५० | श्री बालकुमार खतिवडा | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५१ | श्री रामप्रसाद आचार्य | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५२ | श्री प्रेमनारायण पन्थी | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५३ | श्री विष्णुदास हाडा | सेवा निवृत्त राष्ट्रसेवक (शाखा अधिकृत) | लोक सेवा आयोग |
| १५४ | श्री रविन्द्रकुमार भण्डारी | सेवा निवृत्त राष्ट्रसेवक (अफसेट प्रेस सुपरभाइजर) | लोक सेवा आयोग |
| १५५ | श्री रामकुमारी श्रेष्ठ | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १५६ | श्री गीतादेवी माली | सेवा निवृत्त राष्ट्रसेवक (टा.ना.सु.) | लोक सेवा आयोग |
| १५७ | श्री देबेन्द्र बैद्य | सेवा निवृत्त राष्ट्रसेवक (सि.बुक बाइन्डर) | लोक सेवा आयोग |
| १५८ | श्री अशोककुमार गुरूङ | सेवा निवृत्त राष्ट्रसेवक (सिनियर कम्पोजिटर) | लोक सेवा आयोग |
| १५९ | श्री चिरन्जीवी ज्ञवाली | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |

| | | | |
|---|---|---|---|
| १६० | श्री इन्दिरा सुवेदी | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६१ | श्री सविता निरौला | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६२ | श्री रश्मी सिंह | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६३ | श्री ऋषिराम धिताल | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६४ | श्री शिवनाथ अर्याल | सेवा निवृत्त राष्ट्रसेवक (नायव सुब्बा) | लोक सेवा आयोग |
| १६५ | श्री मणिरामप्रसाद उपाध्याय | सेवा निवृत्त राष्ट्रसेवक (लेखापाल) | लोक सेवा आयोग |
| १६६ | श्री विष्णुबहादुर कुँवर | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |
| १६७ | श्री माधवप्रसाद भट्टराई | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |
| १६८ | श्री रत्ना चौधरी | सेवा निवृत्त राष्ट्रसेवक (का.स. सुर्खेत) | लोक सेवा आयोग |
| १६९ | श्री शिवकुमार पाण्डे | सेवा निवृत्त राष्ट्रसेवक (का.स.) | लोक सेवा आयोग |

## अनुसूची-२
## (विशेष प्रकाशन)

## अनूसुची-३

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलले लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा गर्नुभएको सम्बोधन

कार्यक्रमका अध्यक्षता गरिरहनुभएका लोकसेवा आयोगका अध्यक्ष
सम्माननीय प्रधानमन्त्री,
समितिका माननीय सभापति,
संवैधानिक निकायका प्रमुख एवम् आयोगका पदाधिकारी,
राष्ट्रसेवक कर्मचारी,

उपस्थित महिला तथा सज्जनवृन्द।

देशको पुरानो संवैधानिक निकायका रूपमा रहेको लोक सेवा आयोग ७५औं वर्षमा प्रवेश गरेको अवसरमा आयोग परिवारलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रूपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले साढे सात दशकको अवधिमा आफ्नो मूल सिद्धान्त "योग्यता, निष्पक्षता र स्वच्छता" लाई प्रमुख आधार मान्दै निरन्तर क्रियाशील रहनु प्रशंसनीय पक्ष हो। आफ्नो भूमिका निर्वाह गर्दै आयोगले सदैव वर्तमान पुस्ताप्रति न्याय तथा भविष्यका पुस्ता प्रतिको आशा एवम् भरोसाको केन्द्रका रूपमा आफ्नो कर्तव्य, दायित्व, जिम्मेवारी निर्वाह गर्न चनाखो हुन जरूरी छ।

स्व: उत्प्रेरित, उच्चनैतिकवान, अनुशासित, जिम्मेवार र राष्ट्रप्रति सद्भाव भएका कर्मचारीले मात्र मुलुकमा प्रभावकारी रूपमा कार्यसम्पादन गर्न सक्दछन् भन्ने यथार्थलाई हामीले विर्सन हुँदैन। आयोग सरकारी सेवामा कर्मचारी छनौट र भर्नाको जग हो। यसले सदैव असल र उम्दा कर्मचारी छनौट गर्न सक्ने गरी सकेसम्म योग्यताका सबै पक्षहरू पूर्वानुमान गर्न सकिने खालका परीक्षण विधिहरू अवलम्वन गर्नुपर्दछ।

साथै यो प्रक्रियामा समयसापेक्ष सुधार गरी प्रभावकारी ढंगले अघि बढ्न जरूरी छ। कर्मचारी छनौट, बढुवा र परामर्शका क्षेत्रमा यसले आजसम्म गरेको योगदानसँगै आर्जन गरेको विश्वास, भरोसा एवम् प्रतिष्ठालाई कायम राख्दै अघि बढ्नेतर्फ आयोगले कुनै कसर बाँकी राख्ने छैन भन्ने मैले विश्वास लिएको छु।

संविधानमा निजामती सेवाकाविभिन्न पदमा नियुक्ति गर्न उपयुक्त उम्मेदवार छनौट गर्ने र सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा तथा संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन तथा वढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्त अनुरूप कार्य गर्दै आएको विदितै छ।

साथै, कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा वढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था आफैमा महत्वपूर्ण छ। यसको कार्यक्षेत्र विकास एवम् विस्तारसँगै आफ्ना कार्य सम्पादनमा समयसापेक्ष प्रभावकारीता र गुणस्तर कायमै राखी अघि बढ्नुपर्ने चुनौतीतर्फ यसले विशेष ध्यान दिनुपर्ने आजको आवश्यकता हो।

पछिल्लो समयमा आयोगले आफ्ना कामलाई आधुनिक प्रविधिमा आधारित बनाउदै कर्मचारी छनौटमा समयसापेक्ष परीक्षण विधि/प्रविधि अवलम्वन गर्नु प्रशंसनीय पक्ष हो।

नेपालमा निजामती सेवामा समावेशी पदपूर्तिको व्यवस्था भए यता विभिन्न समावेशी समूहको विज्ञापनबाट महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका र पिछडिएको क्षेत्रबाट उम्मेदवार सिफारिस गर्न सफल हुनु सकारात्मक पक्ष हो। यसबाट राज्यका नीति निर्माण तहमा सबै वर्गको प्रतिनिधित्व हुन गई राष्ट्रिय एकतालाई मजबुत बनाउन समेत योगदान दिनेनैछ। आयोगले संघीयता अनुरूप समावेशी समूहतर्फ उम्मेदवार छनौट प्रक्रियालाई समयसापेक्ष परिष्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्ने गरी कार्यसम्पादन गर्ने विश्वास मैले लिएको छु।

हामीले अवलम्वन गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीमा जनताको चाहना भनेको उनीहरूको आकांक्षलाई सम्बोधन गर्दै तिव्र आर्थिक विकासलाई अघि बढाउनु हो। त्यसको पहिलो शर्त भनेको सुशासन नै हो। त्यसमा स्थायी सरकारकारूपमा लिइएको कर्मचारीतन्त्रले आधुनिक विधि, प्रविधि र दक्ष जनशक्तिको प्रयोग गरी सुशासनको मर्म र भावना अनुरूप काम गर्नु समयको माग हो।

अब सहज, सरल र प्रभावकारी तवरले सेवाप्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मनसमेत जित्न सक्नुपर्छ। कर्मचारीतन्त्रले जबसम्म नागरिक हकका निम्ति सहज पहुँच दिन सक्दैन, तबसम्म लोकतन्त्र दरिलो हुन सक्दैन भन्ने वास्तविकतालाई विर्सन हुँदैन।

अन्त्यमा, आज सम्मानित हुनुहुने सबैलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। आगामी समयमा आयोगले आफ्नो दायित्व र जिम्मेवारीलाई थप विश्वसनीय बनाउनेतर्फ अझ प्रभावकारी ढंगले काम गर्नेनैछ भन्ने विश्वासका साथ हीरक जयन्ती कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दछु।

जय नेपाल !
२०८२ असार १ गते आइतबार

<u>अनुसुची-४</u>

**(सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीबाट मिति २०८२ असार १ गते लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा प्रस्तुत मन्तव्य)**

सम्माननीय राष्ट्रपतिज्यू,

प्रतिनिधि सभा,राज्य व्यवस्था तथा सुशासन समितिका सभापति,

लोक सेवा आयोगका अध्यक्ष,

संवैधानिक निकायका प्रमुखहरू,

लोक सेवा आयोगका पदाधिकारीहरू,

नेपाल सरकारका मुख्यसचिव तथा सचिवहरू,

विशिष्ट अतिथिहरू,

सुरक्षा निकायका प्रमुखहरू,

संचारकर्मी मित्रहरू,

भद्र महिला तथा सज्जनवृन्दहरू।

नेपालको संविधानमा उल्लेख गरिए बमोजिम सरकारी निकायका लागि उपयुक्त उम्मेदवार छनौट गर्ने जिम्मेवारी लोक सेवा आयोगलाई रहेको छ।आयोगको ७५औं वार्षिकोत्सव तथा हीरक जयन्तीका सुअवसरमा हार्दिक बधाइ तथा शुभकामना व्यक्त गर्दछु।

लोक सेवा आयोग नेपालमा मुलुक सञ्चालन गर्ने स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रको छनौट गर्ने संवैधानिक निकाय हो। राज्य सञ्चालनमा यस संस्थाको कार्यक्षेत्र, भूमिका र दायित्व महत्वपूर्ण रहेको छ।

शासन व्यवस्था प्रभावकारी रूपमा सञ्चालनका लागि सरकार र प्रशासनको अहम भूमिका रहेको हुन्छ। सरकारको नेतृत्वले आवश्यक नीति निर्माण गर्ने, व्यवस्थापिकाले कानून बनाउने तथा प्रशासन संयन्त्रले त्यसको लागि आवश्यक सूचना संकलन गर्ने,सहयोग गर्ने,कार्यान्वयन गर्ने/गराउने नागरिक र सरकारबीच समन्वय गराउने कार्य गर्दछन्। कर्मचारीतन्त्र राजनीति भन्दा फरक तर राजनीतिको लागि समिपमा रहेर काम गर्ने संयन्त्र हो। कुनै पनि मुलुकको सरकारको कार्य सफलता कर्मचारीतन्त्रको सक्षमतामा पनि धेरै हदसम्म निर्भर रहन्छ। तसर्थ मुलुक सञ्चालनका लागि छनौट गरिने कर्मचारी योग्य, दक्ष र निपुण हुनुकाअतिरिक्त नेपालको राष्ट्रिय हितको जगेर्ना र प्रवर्द्धन गर्ने हुनु पनि आवश्यक छ।

लोक सेवा आयोगले जति स्वतन्त्र, निश्पक्ष, प्रभावकारी र वस्तुनिष्ट तवरले कर्मचारी छनौट गर्दछ, मुलुकको प्रशासन संयन्त्र त्यत्तिनै बलियो,कामयावी र प्रभावकारी हुदै जाने हुन्छ। यसका लागि माग गरिएको पदमा निर्धारण गरिने शैक्षिक योग्यता, पाठ्यक्रम , कर्मचारी छनौटमा अवलम्वन गरिने परीक्षण तथा छनौट विधि, छनौट प्रक्रिया जस्ता विषयले प्रधान भूमिका खेल्ने हुन्छन्। तसर्थ आयोगले निर्धारित पदका लागि विश्वविद्यालयहरूमा पढाइने नयाँ धारका विषयवस्तु समेत समेटी शैक्षिक योग्यता निर्धारण गर्नु पर्दछ।काम र परिवेश अनुसार समय सापेक्ष रूपमा कार्यसम्पादन गर्नका लागि उपयुक्त र ज्ञान, शिप र क्षमता प्रदान गर्न सक्ने विषयवस्तु समेटिएका पाठ्यक्रमहरू हुन आवश्यक छ। विश्वव्यापीकरणको समयमा कर्मचारीका

लागि ज्ञान  र शीपका अतिरिक्त प्रविधिमा निपुणता तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूलको  दक्षता पनि आवश्यक पर्दछ।  नेपाल र नेपालीको चाहनाअनुरूप कार्यसम्पादन गर्ने जनशक्ती हाम्रो आवश्यकता हो। तसर्थ आयोगले कर्मचारी छनौटमा अवलम्वन गर्ने पद्दती, कार्यप्रणालीहरू, परीक्षण विधि प्रविधिमा आधारित, वस्तुनिष्ट, अनुमानयोग्य हुनु अति आवश्यक रहेकोछ।

लोक सेवा आयोगले स्थापनाकालदेखि हालसम्म आउँदा आफ्नो परीक्षण प्रणालीलाई सुधार गर्दै गएको, दरखास्त संकलन कार्य अनलाइन भएको, वस्तुगत उत्तरपुस्तिका परीक्षण गर्नका लागि "अप्टिकल मार्क रिडर" मेशिन प्रयोग गर्ने गरिएको, माथिल्ला पदका उत्तरपुस्तिकाहरू विषय विज्ञ तथा दक्षहरूबाट आयोगमा नै बसेर परीक्षण गर्ने गरेको, आयोगको कार्य सम्पादनका लागि योग्यता, निश्पक्षता, स्वच्छता, समान अवसर, समावेशिता, द्धिअन्धता, परिचय शुन्यता, असंलग्नता, गोपनियता लगायतका सिद्दान्तहरू अवलम्वन गरेको कार्यहरूले छिटो छरितो तवरले र निश्पक्षरूपमा कार्यसम्पादन गर्न सघाउ पुर्याएको देखिन्छ। सरकारी सेवा प्रवेशका लागि  आम युवाहरूको आस्था र विश्वासको केन्द्र र वर्षेनी लाखौको संख्यामा विदेशिने युवा शक्तीलाई मुलुकमा नै निश्पक्ष रूपमा रहेर रोजगारीमा छनौट हुन पाउने संस्थाको रूपमा लोक सेवा आयोग रहेको छ। यसैले संविधान सभाले  नेपालको संविधान बनाउँदा यसको कार्य क्षेत्र वृद्धि गरी व्यवस्था गरेको छ।

यस संस्थाको कार्यसम्पादनमा आवश्यक पर्ने साधन र स्रोत सम्पन्न र प्रविधिमैत्री बनाउने विषयमा सम्बन्धित सबै निकाय प्रतिवद्ध हुन आवश्यक छ। लोक सेवा आयोगले आफ्ना वार्षिक प्रतिवेदनहरूमा उल्लेख गरेका सुझाव कार्यान्वयनमा सम्बन्धित सबै निकायले ध्यान दिनु जरूरी छ।

अन्तमा आयोगमा  लामो समयसम्म कार्यरत रही सम्मानित हुनु भएका पूर्व कर्मचारी, उत्कृष्ट कार्य गरी पुरष्कृत हुनु भएका कर्मचारीहरूलाई  हार्दिक धन्यवादका साथ  बधाई छ। आगामी समयमा पनि उत्कृष्ट कार्य सम्पादनका लागि सम्पूर्ण कर्मचारीहरू लागि पर्नु हुने छ भन्ने अपेक्षा लिएको छ। लोक सेवा आयोग ७५ वर्षमा प्रवेश गरेको र यस वर्षलाई आयोगले वर्ष भरी विभिन्न कार्यहरू गरी हीरक जयन्ती वर्षका रूपमा मनाउने कार्यक्रम रहेको सुन्दा खुसी लागेको छ। आयोगको आगामी कार्यसम्पादनमा थप प्रभावकारिता  अभिवृद्धि हुन सकोस् र हीरक जयन्ती वर्ष सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

धन्यवाद।

## अनुसुची-५

(लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीले लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा दिनुभएको मन्तव्य)

सम्माननीय राष्ट्रपतिज्यू,
सम्माननीय प्रधानमन्त्रीज्यू,
माननीय सभापतिज्यू, प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समिति,
सम्माननीय राष्ट्रपतिज्यूका विज्ञज्यूहरू,
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू,
प्रमुख सूचना आयुक्तज्यू,
माननीय महान्यायाधिवक्ताज्यू,
नेपाल सरकारका मुख्यसचिवज्यू,
प्रधानसेनापतिज्यू,
आयोगका माननीय सदस्यज्यूहरू,
आयोगका पूर्व सदस्यज्यूहरू,
संघीय संसदका महासचिवज्यू,
सर्वोच्च अदालतका  मुख्य रजिष्ट्रारज्यू,
नेपाल सरकारका सचिवज्यूहरू,
लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू,
प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
राष्ट्रिय अनुसन्धान विभागको मुख्य अनुसन्धान निर्देशकज्यू,
प्रमुखजिल्ला अधिकारीज्यू,जिल्ला प्रशासन कार्यालय ,काठमाण्डौ
सुरक्षा निकायका प्रमुखतथा प्रतिनिधिज्यूहरू,
आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोग र मातहतका कार्यालयमाकार्यरत र सेवा निवृत्तसम्पूर्ण  कर्मचारीहरू,
भद्र महिला तथा सज्जनवृन्द।

लोक सेवा आयोगको यस ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा हाम्रो विशेष अनुरोधलाई स्वीकार गरी आफ्नो व्यस्त कार्यतालिकाका बावजूद प्रमुख आतिथ्यता ग्रहण गरिदिनुभएकोमा आयोगको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यू प्रति हार्दिक आभार तथाकृतज्ञता अर्पणगर्दछु। गरिमामय उपस्थितिका लागि विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु। विशेष अतिथि प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु।सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू,विशेष अतिथिज्यूहरूको समुपस्थितिले हाम्रो वार्षिकोत्सवतथा हीरक जयन्ती समारोह गरिमामय बनेको छ र हाम्रो हौसला  समेत बढेको छ।

विक्रम संवत् २००८ साल असार १ गते पब्लिक सर्भिस कमिशनको नामबाट  गठन भएको नेपालको सबैभन्दा जेठो संवैधानिक निकाय लोक सेवा आयोग आफ्नो स्थापनाकालको पचहत्तरौं वर्षमा प्रवेश गरेको छ। यसवार्षिकोत्सवलाईआयोगले हीरक जयन्तीका रूपमा मनाउने निर्णय गरेको छ।आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाईआफ्नो कार्यसम्पादनका आधारका रूपमा लिंदै समावेशीपुर्ण योग्यतम कर्मचारी छनौट गर्दै आएको छ।आयोगको निष्पक्षताको बलियो आधार निर्माण गरिदिएर यस संस्थालाई जनविश्वासको धरोहरको रूपमा स्थापित गराउन महत्वपूर्ण योगदान दिनुहुने आयोगको स्थापना कालदेखि नै संलग्न पूर्व कर्मचारीहरू प्रति यस हीरक जयन्तीको उपलक्ष्यमा सम्मान व्यक्त गर्न चाहन्छु, साथै यस अवसरमा प्रेरणादायी उपस्थितिका लागि पूर्व पदाधिकारीहरूज्यू प्रति आभार व्यक्त गर्दछु।

आयोगको निमन्त्रणालाई स्वीकार गरी कार्यक्रममा उपस्थित अन्य विशिष्ट व्यक्तित्वहरू लगायत आमन्त्रित अतिथि गणहरूको भव्य उपस्थितिले आयोगको संवैधानिक भूमिका अझ प्रभावकारीरूपमा निर्वाह गर्न थप प्रेरणात्मक हुने ठानेको छु।

सार्वजनिक निकायका कर्मचारी भर्ना र छनौटमा योग्यता प्रणाली स्थापित गर्न लोक सेवा आयोग अग्रणी संस्थाको रूपमा स्थापित भएको छ। यस अवसरमा आयोगको आजसम्मको उत्कृष्ट कार्यसम्पादनका लागि आयोगमा रही वा नरही योगदान गर्नुहुने सम्पूर्ण अग्रज पदाधिकारीज्यूहरू, नेपाल सरकारका विभिन्न निकायहरू,कर्मचारी तथा विषय विज्ञज्यू र सरोकारवाला सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु। यस गरिमामय संस्थाको विश्वसनीयताको जगलाई मजवुत राख्न हामी वर्तमान पदाधिकारीहरू दृढ संकल्परत रहेका छौं।

**सम्माननीय राष्ट्रपतिज्यू,**

नेपालको संविधानको भाग २३, धारा २४२ को उपधारा (१) अनुसार लोक सेवा आयोगमा अध्यक्ष र अन्य ४ जना सदस्यहरू रहने प्रावधान छ। त्यस्तै धारा २४३ मा गरिएको व्यवस्थाले आयोगलाई कार्यसम्पादनको संवैधानिक आधार प्रदान गरेको छ।

लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूबाट विभिन्न ऐन नियम बमोजिम गठन हुने बढुवा तथा छनौट समितिको अध्यक्ष तथा सदस्यको रूपमा प्रतिनिधित्व भईरहेको छ। साथै सचिव, सहसचिव र उपसचिवहरूबाट एक सय भन्दा बढी संगठित संस्था तथा सुरक्षा निकायमा प्रतिनिधित्व भईरहेको छ।

नेपालमा हालसम्म जारी गरिएका सबै संविधानहरूमा लोक सेवा आयोगको सम्बन्धमा स्पष्ट व्यवस्था गरिएको पाइन्छ।यसको कार्यक्षेत्र कहिले निजामती सेवामा मात्र सीमित र कहिले फराकिलो हुदै आएकोअवस्था छ।आफ्नो ऐतिहासिक यात्राको सात दशक पार गरिसकेको यस आयोगको विगत,वर्तमान र भविष्यलाई नियाल्नु हीरक जयन्तीको अवसरमा उपयुक्त हुने देखिन्छ।

योग्य कर्मचारी नियुक्तिका लागि परीक्षा सञ्चालन गर्ने कामसहित दरखास्त परिषद्, पब्लिक सर्भिस कमिशन तथा लोक सेवा आयोगका नाममा आयोगको स्थापना भएको हो। वि.सं. २००४ सालमा घोषणा गरिएको नेपाल सरकार वैधानिक कानून देखि हालको संविधानसम्म आयोगका काम कारबाहीको विषय उल्लेख गरिएको छ। निजामती सरकारी सेवामा करिब समान प्रावधान रहे पनि संगठित संस्था र सुरक्षा निकायबारे एकरूपता पाइदैन।

**नेपालको संविधानमा** लोक सेवा आयोगको काम, कर्तव्य र अधिकारलाई निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नुका साथै नेपाली सेना,नेपाल प्रहरी,सशस्त्र

प्रहरीबल,नेपाल,अन्य संघीय सरकारी सेवा र संगठित संस्थाको पदमा पदपूर्तिका लागि लिईने लिखित परीक्षा सञ्चालन गर्ने, नेपाली सेना,नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवाको पदमा वढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा र कुनै संगठित संस्थाको सेवाका कर्मचारीको सेवा शर्त सम्बन्धी कानून र त्यस्तो सेवाका पदमा वढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ।

**अब म आयोगका कामकारबाही सम्बन्धमा केही महत्वपूर्ण घटनाक्रमबारे उल्लेख गर्ने अनुमति चाहन्छु**

- आयोगले वि.सं. २००८ साल भाद्र १८ गते पहिलो पटक ६ पदका लागि विज्ञापन गरेर कार्य प्रारम्भगरेको रवि.सं. २००९ सालमा नेपाल पब्लिक सर्भिस कमिशनसम्बन्धी ऐन लागू भएपछि यसको कार्यक्षेत्र र कार्यविधि व्यवस्थित भएको पाइन्छ।आयोगबाट वि.सं.२०१२ सालमा पोष्ट ग्र्याजुयट/ग्र्याजुयट अफिसरको छनौट सुरू भएको पाईन्छ।
- आयोगमा हालसम्म सभापति २, कायम मुकायम सभापति १, कार्यवाहक अध्यक्ष १ र अध्यक्ष १६ गरी २० जनालेनेतृत्व प्रदान गर्नुभैसकेको छ। यसै गरी ४७ जना सदस्य र ३६ जना सचिवले कार्यसम्पादन गर्नुभएको छ।
- लोक सेवा आयोगको पहिलो कार्यालय सिंहदरबरको दोस्रो चोकको उत्तरपट्टिको तेस्रो तल्लाको दुई कोठामा रहेको र जसमध्ये एउटा कोठामा सभापति र सदस्यहरू एवम् अर्को कोठामा सेक्रेटरी र कारिन्दाहरू रहने गरेको पाइएको छ। पछि ती दुवै कोठाहरू सिंहदरबार आगलागी हुँदा जलेर भष्म भएका र आयोगको कार्यालय त्यसपछि बिशालनगरस्थित वसन्त भवनमा सरेको पाईन्छ।बिशालनगरबाट पछि कमलपोखरी,कमलपोखरीबाट अनामनगर हुँदै हाल वि.सं.२०७८ साउन १ देखि कमलपोखरीमा अवस्थित रहेको छ।
- संविधान र कानूनमा व्यवस्था भए बमोजिम वि.सं.२०१६ सालमा लोक सेवा आयोगले पहिलो पटक र हालसम्म पैसठ्ठियौं वार्षिक प्रतिवेदन पेश गरीसकेको छ।
- वि.सं. २०१६ आषाढ २२ मा नेपाल पुलिस फोर्स नियमावली जारी भएपछि प्रहरी सेवाको अधिकृत सुरूतह(डि.एस.पी.) को खुला प्रतियोगिताको परीक्षा आयोगबाट नै हुने र डि.एस.पी.मा ५ प्रतिशत इन्सपेक्टरहरूबाट प्रमोशन पनि लोक सेवा आयोगकै अध्यक्षताको प्रमोशन समितिबाट र सव इन्सपेक्टर पदहरूमा ५० प्रतिशत आयोगको खुला प्रतियोगिताद्वारा र बाँकी ५० प्रतिशत आयोगकै अध्यक्ष रसदस्य भएको प्रमोशन समितिबाट वढुवा गरिने गरिएको पाईन्छ।
- तत्कालीन व्यवस्था अनुकूल कर्मचारीतन्त्र निर्माण गर्न वि.सं.२०१७ माघ २५ मा पब्लिक सर्भिस कमिशन कारवाही बन्देज नियम,२०१७ जारी गरी वि.सं.२०१७ माघ २५ देखि २०१८ जेठ मसान्तसम्म लोक सेवा आयोगलाईनिलम्बन गरिएको थियो।
- आयोगबाट वि.सं.२०२०/२१ सालदेखि निजामती सेवा पत्रिका प्रकाशन गर्ने गरिएको छ।
- लोक सेवा आयोग कार्यविधि नियम,२०२० मा राजपत्रांकित पदको लिखित परीक्षामा तीन पटक असफल भएको उम्मेदवार सोही सेवा श्रेणीका लागि पुनः सम्मिलित हुन अयोग्य मानिने छ भन्ने उल्लेख गरिएको पाइन्छ।
- वि.सं.२०२४ सालमा १२ अञ्चलमा र वि.सं. २०२५ मा कर्णाली अञ्चलमा आयोगको अञ्चल कार्यालय स्थापना गरिएको पाइन्छ।पछि वि.सं.२०४१ देखिको दशकमा केन्द्रीय कार्यालय-१, क्षेत्रीय निर्देशनालय-५ र अञ्चल कार्यालयहरू -९ समेत १५ कार्यालय रहेकोमा पछि दरखास्त व्यवस्थापन

कार्यालय स्थापना भई हाल १६ ओटा कार्यालय रहेका छन्। आयोगको कूल दरबन्दी ३ सय ९९ जनाको रहेको छ।

- आयोगको कार्यप्रक्रिया, संगठन संरचना र जनशक्ति व्यवस्थापन लगायतका विषयहरूमा मन्त्रिपरिषद्को वि.सं. २०३० वैशाख ११ को निर्णयानुसार लोक सेवा आयोग सुदृढीकरण योजना, २०३० लागू गरिएको पाईन्छ।
- वि.सं. २०६९ भदौ ७ देखि अप्टिकल मार्क रिडर(OMR) प्रविधिबाट वस्तुगत बहुउत्तर उत्तरपुस्तिका परीक्षण सुरू गरिएको र यसबाट नतिजा छिट्टै प्रकाशन गर्न सकिएको छ।
- वि.सं. २०७१ भदौ ७ देखि विद्युतीय प्रणालीबाट दरखास्त संकलनको शुरूवात गरिएको छ। आयोगले सन २०१९ मा आइसिटी डिजीटल गभर्नान्स अवार्ड समेत प्राप्त गरेको थियो। हाल Connect IPS मार्फत अनलाईन दरखास्त दस्तुर बुझाउने,आयोगको अनलाइन प्रणाली नागरिक एपमा आवद्ध गराउने तथा सम्पादन गरिने कार्यहरूमा प्रविधिको प्रयोगलाई बढावा दिइएको छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

नेपालको संविधान जारी भए पश्चात् आयोगको विस्तारित भूमिका निर्वाह लगायत परीक्षण प्रविधि र परीक्षा प्रणालीमा निरन्तर सुधार गरिंदै आएको छ।

- आयोगबाट वि.सं. २०७२ पुष ६ देखि राजपत्राङ्कित प्रथम र द्वितीय श्रेणी वा सो सरह पदका उत्तरपुस्तिकाको दोहोरो परीक्षण गर्ने कार्य, वि..सं.२०७३देखि सहसचिव वा सो सरह पदको पाठ्यक्रममा मामिला विश्लेषण, प्रस्तुतीकरण आदि समावेश गरी "एसेस्मेन्ट सेन्टर मेथोडोलोजी"(Assessment Centre Methodology-ACM) परीक्षण प्रविधि सुरूगरिएको, वि.सं. २०७५ देखिराजपत्राङ्कित द्वितीय श्रेणी उपसचिव अप्राविधिक पदमा इनबास्केट अभ्यास (Inbasket Exercise) परीक्षण विधिको सुरूवातगर्दै परीक्षण विधि र प्रविधिमा आयोगले निरन्तर सुधार गर्दै आएको छ। विभिन्न अध्ययन, अनुसन्धान र अनुभवका आधारमा परीक्षण प्रविधि र पाठ्यक्रममा समयसापेक्ष सुधारको क्रम निरन्तर जारी रहेको छ।
- वि.सं.२०७४ देखि संगठित संस्थातर्फ कर्मचारीको सेवाका शर्त सम्बन्धी कानून, वढुवा र विभागीय कारवाही सम्बन्धी सामान्य सिद्धान्त ,२०७४ लागू गरिएको छ।
- संघीय संरचना अनुसार वि.सं.२०७६ जेठ १५मा एकै पटक ९ हजार १ सय ६१ पदका लागि स्थानीय तहको विज्ञापन प्रकाशन गरिएको र पदपूर्तिका कार्य सम्पन्न गरिएको थियो।
- २०७८ असार १० गते वर्तमान पदाधिकारीहरू नियुक्ति भए तत्पश्चात आयोगको दैनिक कार्यहरूले निरन्तरता पाएको छ। यस अघिको आयोगका सबै पदाधिकारीको अवकाश भै आयोग तीन महिनादेखि रिक्त थियो। पदपूर्ति, बढुवा, विभागीय कारबाही समेत सबै अवरूद्ध थिए। कोभिड- १९ का कारणले प्रत्येक वर्ष श्रावण १ गते प्रकाशित हुने आयोगको वार्षिक कार्यतालिका बमोजिमका काम दुई वर्षदेखि हुन सकेका थिएनन्। त्यसै गरी कर्मचारी समायोजन ऐन, २०७५ जारी भएपछि समायोजनमा चित्त नबुझाएका कर्मचारीले दायर गरेका मुद्दामा भएको अन्तरिम आदेश, थारू कल्याणकारिणी सभाको तर्फबाट आफुलाई पनि छुट्टै कोटा छुट्याउनु पर्ने आशय राखी दायर रिटमा भएका अन्तरिम आदेश, आयोगबाट सङ्गठित संस्थामा बहालवाला कर्मचारीलाई पनि खुला प्रतियोगितामा उमेरको हद लगाउने गरी जारी भएका सेवा शर्त सम्बन्धी विनियमावलीहरूमा चित्त नबुझाई परेका रिट निवेदनमा भएका

अन्तरिम आदेश अनुसार अवरूद्ध भएका परीक्षा समेतका ठुला संख्यामा बाँकी रहेका कामहरूको जिम्मेवारी हामीमा आयो।

आम नेपाली र प्रतिस्पर्धी युवाहरूको आशा र भरोसाको केन्द्र आयोगका पुराना काम फछ्र्यौट गरी वार्षिक कार्यतालिका बमोजिमका काम गर्न आयोगले २०७८ असार १४ गते १०० दिने कार्य योजना जारी गऱ्यो। जसको उद्देश्य २/३ वर्ष देखि बाँकी रहेका पुराना कामहरूलाई सय दिन भित्र फछ्र्यौट गर्ने र वार्षिक कार्यतालिका अनुसार चालु आ.व.मा गर्नुपर्ने काम निरन्तर गर्दै जाने रहेको थियो। सो लक्ष्य पुरा गर्न आयोगले दुई सिफ्ट अन्तर्वार्ता सञ्चालन गर्ने, तीन सिफ्ट परीक्षा सञ्चालन गर्ने, दक्ष विज्ञको ठुलो मात्रामा सेवा लिने समेत कार्यको परिणामस्वरूप करिब ३ वर्ष पछि मात्र आयोग नियमित क्यालेण्डरमा फर्किएको छ।

वि.सं. २०७२ मा नेपालको संविधान जारी भएको लामो समयसम्म पनि तर्जुमा हुन नसकेको लोक सेवा आयोग ऐन, २०७९ मिति २०७९ असार ३१ गते जारी भएको २ महिना भित्रै लोक सेवा आयोग नियमावली, २०७९ तथा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। यसबाट संविधान बमोजिम आयोगका काम कारबाहीलाई अनुकूलन गर्न सकिएको छ। वि.सं. २०७९ पौष १४ देखि सुरक्षा निकाय,अन्य संघीय सरकारी सेवा र संगठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९ कार्यान्वयनमा रहेको छ। सङ्गठित संस्थामा उल्लेखनीय संख्यामा छोड्ने दर (turn over) घटाउन र परीक्षाको संख्यालाई घटाई स्तरीय र कम खर्चिलो बनाउन यी संस्थाहरूलाई clustering गरी प्रत्येक cluster को छुट्टाछुट्टै पूर्व योग्यता परीक्षा र मूल परीक्षा सञ्चालन गर्ने गरी लोक सेवा आयोग नियमावलीको पहिलो संशोधन २०८२ जेठ २६ मा गरिएको छ।

- निजामती सेवा, सुरक्षा निकाय तथा सङ्गठित संस्था सहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्यलाई थप वस्तुनिष्ठ, समसामयिक र विश्वसनीय बनाउन तथा आयोगको संस्थागत क्षमता सुदृढीकरण गर्न आयोगको दोस्रो रणनीतिक योजना (२०७९/८०-२०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ।
- आयोगको विगत १० वर्षको तथ्याङ्कलाई विश्लेषण गर्दानिजामती सेवा,नेपाल स्वास्थ्य सेवा,संघीय संसद सेवा समेत वार्षिक औसत ५ हजार ६ सय माग पद संख्या,पाँच लाख दरखास्त संकलन गरी पाँच हजार भन्दा बढी उम्मेदवार सिफारिस गर्ने गरिएको छ। सुरक्षा निकाय तथा संगठित संस्थातर्फ वार्षिक औसत चार लाख दरखास्त पर्ने गरेको छ।
- नेपालमा निजामती सेवामा समावेशी पदपूर्तिको व्यवस्था भएदेखि (आर्थिक वर्ष २०६४/०६५ देखि २०८०/८१ सम्म) समावेशी समुहको विज्ञापनबाट महिला ८ हजार ६ सय, आदिवासी जनजाति ६ हजार ७ सय ५७, मधेसी ५ हजार ४ सय ९६, दलित २ हजार २ सय ९०, अपाङ्ग १ हजार १ सय ६१ र पिछडिएको क्षेत्रबाट ९ सय १४ जना गरी जम्मा २५ हजार २ सय १८ जना उम्मेदवार सिफारिस भएका छन्। प्रत्येक १० वर्षमा समावेशी पदपूर्ति व्यवस्थाको पुनरावलोकन गर्नुपर्नेमा सो हुन सकेको पाइदैन।
- नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग सम्बन्धी व्यवस्था गरिएको छ। प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन,२०७५ मा लोक सेवा आयोग र प्रदेश लोक

सेवा आयोगका कार्यगत सम्बन्ध सम्बन्धी व्यवस्था गरिएका छन्। ऐनमा आयोगका काम, कर्तव्य र अधिकार सम्बन्धमा प्रदेश कानूनमा व्यवस्था गर्दा लोक सेवा आयोग सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको आधारभूत मान्यता र सिद्धान्त अनुसार गर्नुपर्ने रविभिन्न सेवाका लागि उपयुक्त उम्मेदवार छनौटका लागि सञ्चालन गरिने परीक्षा र सम्पादन गरिने कार्यका सम्बन्धमा लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्ड  अवलम्वन गर्नुपर्ने उल्लेख छ।

- लोक सेवा आयोगले सङ्घीय कानुन बमोजिम अपनाएको सिद्धान्त तथा मापदण्ड विपरीत हुने गरी गरेको काम कारवाही स्वतः बदर हुनेसमेत उल्लेख छ।
- आयोगले प्रदेश लोक सेवा आयोगको कामकारबाहीलाई प्रभावकारी बनाउन आयोग र प्रदेश लोक सेवा आयोगका अध्यक्ष र सदस्यवीच समय-समयमा आवश्यक छलफलगराउन सक्ने समेत उल्लेख छ।

यसै सन्दर्भमा लोक सेवा आयोगले प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको छ। यस वर्ष कोशी प्रदेशको मोरङ जिल्लास्थित विराटनगरमा समेत गरी हालसम्म यस्ता पाँच वटा राष्ट्रिय सम्मेलनहरू सम्पन्न गरिएको छ। यस्ता सम्मेलनहरूमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सहयोग पुगिरहेको छ।

- संघीय  निजामती कानून निर्माण हुन नसकेको अवस्थामा प्रदेशमा निजामती सेवा ऐन निर्माण भैसकेका, विद्यमान निजामती सेवा ऐनमा भएका सैद्धान्तिक विषय भन्दाफरक गरी समेत कानूनी व्यवस्था भएको अवस्था छ। जसले गर्दा पदपूर्ति प्रक्रिया, कर्मचारीको सेवा सुविधामा समेत असर पुगेको अवस्था छ। कतिपय प्रदेशमा लोक सेवा आयोगका सिद्धान्त विपरीत फरक ढङ्गले कानून निर्माण भएको अवस्था पनि छ। संघीय निजामती सेवा ऐन नआइसकेको अवस्थामा पनि प्रदेशमा निजामती सेवा ऐन बनाई कार्यान्वयनमा आइरहँदा कतिपय प्रावधानहरू वर्तमान निजामती सेवा ऐन र लोक सेवा आयोगका सिद्धान्त विपरीत भएका कारण प्रदेश अन्तर्गतका कर्मचारीहरूकोपदपूर्ति प्रकृया, सेवा र सुविधामा एकरूपता आउन सकेको छैन।
- नेपालको संविधानको धारा २४३ को उपधारा (२) को स्पष्टीकरण खण्डमा विश्वविद्यालय र शिक्षक सेवा आयोगको पदपूर्ति लोक सेवा आयोगको कार्यक्षेत्र भित्र समावेश गरिएको छैन। तर विश्वविद्यालयका सम्बन्धित ऐनमा लोक सेवा आयोगका सदस्य विश्वविद्यालय सेवा आयोगको सदस्य रहने व्यवस्था हालसम्म पनि कायमै रही प्रतिनिधित्व भइरहेको छ। पदपूर्तिसम्बन्धी कतिपय व्यवस्थाहरू लोक सेवा आयोगको सिद्धान्त तथा मूल्य मान्यता अनुकूल नरहेको पनि छ।

साथै विविध कारणवस विश्वविद्यालयहरूमा रिक्त पद पूर्तिका लागि लामो समयसम्म परीक्षा सञ्चालन हुन नसकेका भनी विश्वविद्यालय सेवा आयोग तथा विश्वविद्यालय अनुदान आयोग समेतको पटक पटकको विशेष अनुरोधमा आयोगले आ.व. २०७८/७९ देखित्रिभुवन विश्वविद्यालय,पूर्वाञ्चल विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदूरपश्चिमाञ्चल विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालयहरूका लिखित परीक्षा आयोगबाट सञ्चालन गरी उक्त परीक्षाको नतिजा तयारीसम्मको कार्यमा सहजीकरण गरेको छ। यसबाट लामो समयदेखि सञ्चालन हुन नसकी अवरूद्ध रहेका

विश्वविद्यालयहरूका लिखित परीक्षा सञ्चालन भई प्रतिस्पर्धात्मक आधारमा प्राध्यापक र कर्मचारी नियुक्ति भएकोस्थिति रहेको छ।

- आयोगका भावी कार्यक्रमहरू धेरै महत्वाकांक्षी रहेका छैनन्। आयोग मातहतका सात ओटा कार्यालय भवन(धनकुटा, जलेश्वर, दाङ, हेटौडा, इलाम, बागलुङ, महेन्द्रनगर) हरू नयाँ निर्माण गर्न र बाँकी छ वटा कार्यालय भवनहरूमा परीक्षा हल समेत रहने गरी स्तरोन्नती गर्न अत्यावश्यक रहेको छ। साथै ६ वटा कार्यालयमा ५०० क्षमता र बाँकी ७ वटा कार्यालयमा २०० क्षमताका परीक्षा भवन निर्माण गर्न आवश्यक देखिन्छ।
- नविनतम परीक्षण प्रविधिका लागि शोध तथा अनुसन्धानमूलक कार्य गर्न, दक्ष विज्ञहरूको क्षमता अभिवृद्धि गर्न एवम् आयोगको कार्यक्षेत्र वृद्धि भएको सन्दर्भमा आवश्यक वित्तिय तथा भौतिक पूर्वाधार, सवारी साधन, मेसिनरी उपकरण लगायतको व्यवस्थापनको लागि नेपाल सरकारबाट स्रोत व्यवस्थापन हुँदै आएतापनि पर्याप्त हुन सकेको छैन।
- लोक सेवा आयोगले समग्र निजामती सेवामा सुधार लगायत विभिन्न महत्वपूर्ण विषयहरूमा आयोगका वार्षिक प्रतिवेदनमार्फत नेपाल सरकारलाई सुझाव पेश गर्दै आएको छ।उक्त सुझावहरूलाई गम्भीरतापूर्वक लिई नीतिगत एवं कार्यविधिगत सुधारहरू हुन सकेमा सार्वजनिक प्रशासनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन सहयोग पुग्ने देखिन्छ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

यस वर्षको वार्षिकोत्सव आयोग स्थापनाको ७५औं वार्षिकोत्सव तथा हीरक जयन्ती भएकाले यस वर्षलाई आयोगले हीरक जयन्ती वर्षका रूपमा मनाउने गरी सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन भइसकेको छ।यस उपलक्ष्यमा आयोगले वर्ष भरी आयोगको काममकारवाहीको थप अभिवृद्धि गर्नआयोगका पूर्व पदाधिकारी तथा कर्मचारीहरूसंग अनुभव आदानप्रदान गर्ने,आयोगले अवलम्वन गरी आएका छनौट सम्बन्धी स्थापित विधि र प्रक्रिया सम्बन्धमा विश्वविद्यालय सेवा आयोगका पदाधिकारीहरूसंग अन्तर्क्रिया गर्ने, निजामती, सरकारी,सुरक्षा निकाय तथा संगठित संस्थाको सेवा प्रवेशमा आयोगबाट सम्पादन गर्ने कार्य सम्बन्धमा विभिन्न विद्यालय,विश्वविद्यालयमा जनचेतनामूलक र उत्प्रेरणामूलक कार्यक्रम सञ्चालन गर्ने, आयोगका कामकारबाही सम्बन्धी श्रव्य दृष्य सामाग्री निर्माण गर्ने,आयोगका महत्वपूर्ण र सुरक्षीत राख्नुपर्ने अभिलेखलाई प्रविधिमा आधारित गरी व्यवस्थित बनाउने तथा स्मारिका प्रकाशन गर्ने लगायतका कार्यहरू गर्ने निर्णय गरेको छ।

आयोगको यस हीरक जयन्तीका अवसरमा आयोगको यस सभाकक्षलाई "**भुवनमानसिंह प्रधान सभाकक्ष**" नामाकरण गरिएको छ। वि.सं. २००३ सालमा लेखनदास सिपाहीको रूपमा सेवा प्रवेश गर्नु भएका भुवनमान सिंह प्रधानले वि.सं. २०१५ सालमा असिष्टेन्ट सेक्रेटरीको रूपमा लोक सेवा आयोगमा सरूवा भै निरन्तर सेवा गरी वि.सं. २०३६ सालदेखि आयोगको सचिवको रूपमा सेवा गरी वि.सं. २०४५ वैशाख १६ गते अवकाश लिनुभएको थियो। आयोगमा लामो समयसम्म रहनुभई परीक्षा प्रणालीमा योग्यता, निष्पक्षता र स्वच्छता अभिवृद्धि गर्न पुर्याउनुभएको अतुलनीय योगदानको कदर गर्दै आगामी पुस्तालाई पनि असल कार्य गर्न प्रेरित गर्नका लागि उहँको नामबाट सभाकक्षको नामाकरण गरिएको हो।

वार्षिकोत्सवको उपलक्ष्यमा राष्ट्रिय जीवनका प्रतिष्ठित महानुभावहरू समेत सहभागी भै अन्तर सम्वाद, परिसम्वाद कार्यक्रम आयोजना गरिएको थियो। आयोगमा अन्तरसंवैधानिक निकाय र आयोग मातहतका कार्यालयहरूमा प्रत्येक कार्यालय रहेका पालिकास्तरीय पाँच ओटा माध्यमिक विद्यालयहरूबीच हाजिरीजवाफ प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिता, रक्तदान कार्यक्रम र आँखा परीक्षण शिविर सञ्चालन गरिएको थियो। उपरोक्त कार्यक्रममा सहभागी हुनुहुने सबैमा आभार प्रकट गर्दै विभिन्न प्रतियोगितामा पुरस्कृत हुने सबैलाई बधाई ज्ञापन गर्दछु।

हाम्रा अग्रजहरूलाई सम्मानित गर्ने क्रममा यस वर्ष हामीले आयोगमा करिव २५ वर्षसम्म कार्यरत रही सेवा गर्नुभएका पूर्व कर्मचारी मुख्य मनोविज्ञानवेत्ता श्रीमती जया पाण्डेज्यूलाई सम्मान गर्ने निर्णय गरेका छौं। उहाँको आगामी जीवन सक्रिय, स्वस्थ र सफलताका साथ वितोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

विगतका सफलताप्रति गौरवबोध गर्दै, कमजोरीवाट सिक्ने एवम् वर्तमान र भविष्यका आवश्यकताहरूको पहिचान गर्दै आगामी कार्ययोजना निर्माण गर्न सकिएमा मात्र वार्षिकोत्सवले सार्थकता पाउने हुँदा आयोगको वर्तमान पद्धतिलाइ मजवुत बनाउन निरन्तरक्रियाशिल रही आगामी दिनमा सुधारका कार्य थप अगाडीबढाउँदै लैजाने प्रतिवद्धता जाहेर गर्दछौं।

लोक सेवा आयोगको कार्यसम्पादनलाई सहज वनाउन सहयोग गर्ने नेपाल सरकारका निकायहरू, सुरक्षा निकायहरू, विद्यालय/ विश्वविद्यालयहरू, सार्वजनिक संस्थाहरू प्रति आयोग हार्दिक आभार प्रकट गर्दछ। आयोगको काममा आफ्नो विज्ञताद्वारा अतुलनीय योगदान दिने "लोक सेवा आयोगका मित्र" सम्पूर्ण विषयविज्ञ वा दक्षहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। साथै, यो कार्यक्रम सफल बनाउन विभिन्न समितिको संयोजक भै निरन्तर खट्ने आयोगका माननीय सदस्यज्यूहरू, सचिव लगायत सम्पूर्णकर्मचारीहरूलाई पनि म धन्यवाद व्यक्त गर्दछु।

अन्त्यमा,कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यूको गरीमामय उपस्थितिका लागि हार्दिक कृतज्ञता तथा आभार प्रकट गर्छु। विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, विशेष अतिथि, प्रतिनिधि सभा,राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यूको प्रेरणादायी उपस्थिति प्रति पुनः हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै अन्य सम्पूर्ण विशिष्ट व्यक्तित्वप्रति उपस्थितिको लागि पुनः एकपटक हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद !**

# अनुसूची-६

(लोक सेवा आयोगका माननीय सदस्य दिनेश सिलवालले लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा गर्नु भएको धन्यवाद ज्ञापन मन्तव्य)

सम्माननीय राष्ट्रपतिज्यू,
सम्माननीय प्रधानमन्त्रीज्यू,
सम्माननीय राष्ट्रपतिज्यूका विज्ञज्यूहरू एवम् स्वकीय सचिवज्यू,
माननीय सभापतिज्यू, प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समिति
संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू,
लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू,
माननीय महान्यायाधिवक्ताज्यू,
प्रमुख सूचना आयुक्तज्यू,
नेपाल सरकारका मुख्यसचिवज्यू,
प्रधानसेनापतिज्यू,
आयोगका माननीय सदस्यज्यूहरू,
आयोगका पूर्व सदस्यज्यूहरू,
संघीय संसदका महासचिवज्यू,
सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू,
नेपाल सरकारका सचिवज्यूहरू,
लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू,
प्रहरी महानिरीक्षकज्यू,
सशस्त्र प्रहरी महानिरीक्षकज्यू,
राष्ट्रिय अनुसन्धान विभागको मुख्य अनुसन्धान निर्देशकज्यू,
आमन्त्रित विशिष्ट अतिथिज्यूहरू,
सञ्चारकर्मी मित्रहरू,
आयोग र मातहतका कार्यालयमा कार्यरत र सेवा निवृत्त सम्पूर्ण कर्मचारीहरू,
भद्र महिला तथा सज्जनवृन्द।

लोक सेवा आयोगको ७५ औं जन्मोत्सव एवम् हीरक जयन्ती कार्यक्रममा व्यस्त समयका बावजुद पनि हाम्रो निमन्त्रणा र अनुरोधलाई स्वीकार गरी कार्यक्रमको प्रमुख आतिथ्य ग्रहण, आयोगको हीरक जयन्ती वर्षको समुदघाटन,आयोगका पूर्व कर्मचारीलाई सम्मान तथा कार्यरत कर्मचारीहरूलाई पुरस्कृत गरी आयोगलाई मार्ग निर्देशन सम्बोधन गरिदिनुभएकोमा कार्यक्रमका प्रमुख अतिथि सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूप्रति आयोगको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

व्यस्त समयका बावजुद पनि आयोगको निमन्त्रणा र अनुरोधलाई स्वीकार गरी विशिष्ट आतिथ्य ग्रहण तथा मार्ग निर्देशन सम्बोधनका लागि सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू प्रति आयोगको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

यसै गरी प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री रामहरी खतिवडाज्यूप्रति आयोगको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु।

राष्ट्र प्रमुख, सरकार प्रमुख र विधायिकी तीनवटै क्षेत्रको नेतृत्वलाई आयोगको यो जन्मोत्सवमा एकैसाथ पाउँदा हामी हर्षित भएका छौं।

सम्माननीय राष्ट्रपतिज्यूका विज्ञज्यूहरू एवम् स्वकीय सचिवज्यूहरूको उपस्थितिप्रति हार्दिक आभार र धन्यवाद ज्ञापन गर्दछु

संवैधानिक निकायमा माननीय प्रमुखज्यूहरू, माननीय महान्यायाधिवक्ताज्यू, प्रमुख सूचना आयुक्तज्यू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

आयोगका पूर्व पदाधिकारीज्यूहरू एवं पूर्व कर्मचारीज्यूहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

कार्यक्रममा उपस्थित हुनु भएका नेपाल सरकारका मुख्यसचिवज्यू, संघीय संसदका महासचिवज्यू, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रारज्यू तथा सचिवज्यूहरू, र सम्पूर्ण कर्मचारी मित्रहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

आयोगको वार्षिकोत्सव एवम् हीरक जयन्ती कार्यक्रमको तयारी देखि सम्पन्न गर्ने अवधिसम्म सुरक्षा एवम् व्यवस्थापनमा सहयोग गर्नु भएकोमा सुरक्षा निकायका प्रमुखज्यूहरू जिल्ला प्रशासन कार्यालय,काठमाण्डौका प्रमुख जिल्ला अधिकारीज्यू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

वार्षिकोत्सवको अवसरमा आयोगद्वारा आयोजित अन्तरसंवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगितामा तदारूकताकासाथ सहभागिता जनाउनु हुने विभिन्न संवैधानिक निकायहरू, हाजिरीजवाफ प्रतियोगिता कार्यक्रमलाई तयारीदेखि सम्पन्न गराउने कार्यसम्म महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पूर्व सचिव एंव नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानका वरिष्ठ अध्ययन निर्देशक श्री विष्णु लम्सालज्यूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।यसै गरी आयोग मातहतका कार्यालयहरूबाट आयोजित कार्यक्रममा सहभागी विद्यालयहरू, स्थानीय पालिकाहरू र तथा हाजिरीजवाफ प्रतियोगिताको व्यवस्थापनमा संलग्न समग्र कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दछु।

आयोगद्धारा आयोजित आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको व्यवस्थापकीय कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउनु भएकोमा एम्पायर श्री उमेश भण्डारीज्यू तथा सहभागीहरू, रक्तदान कार्यक्रममा संयोजन गरिदिनुहुने नेपाल रेडक्रस सोसाइटी तथा रक्तदान गर्नुहुने कर्मचारीहरू र आयोगका कर्मचारीहरूका आँखा परीक्षणका लागि संयोजन गरी दिनुहुने तिलगंगा आँखा प्रतिष्ठान प्रति हार्दिक धन्यवाद दिदै आगामी दिनमा पनि यसरी आयोजना गरिने अतिरिक्त क्रियाकलापमा सहभागिताको अपेक्षा सहित थप सफलताको शुभकामना व्यक्त गर्दछु।

वार्षिकोत्सवको अवसरमा आयोगको अनुरोध अनुसार सञ्चार माध्यममा संवाद परिसंवादमा सहभागी हुनुभएका विद्दत वर्गज्यूहरू, आयोग सम्बन्धी लेख, रचना, समाचार, प्रकाशनहरू सम्प्रेषण गरी नागरिकहरूलाई सुसूचित गरी सहयोग गर्नु हुने सञ्चारमाध्यमहरू तथा सम्पूर्ण सञ्चारकर्मी मित्रहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु।

आयोगको कार्यसम्पादनमा निरन्तर सहयोग पुर्याउनुहुने नेपाल सरकारका निकायहरू, विषय विज्ञ वा दक्षज्यूहरू, परीक्षा केन्द्र उपलब्ध गराएर सहयोग गर्नुहुने विद्यालय तथा विश्वविद्यालयहरू, आयोगको परीक्षा कार्यक्रममा खटिनुहुने जनशक्तिहरू, सुरक्षाकर्मीहरू सबैमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

हाम्रो छोटो समयको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएका सम्पूर्ण अतिथिज्यूहरू, वार्षिकोत्सव कार्यक्रममा अहोरात्र खटिनुहुने आयोगका सचिव र सचिवालय परिवार प्रति विशेष धन्यवाद ज्ञापन गर्दछु।

अन्तमा : आगामी दिनमा समेत यहाँहरूको निरन्तर सहयोग, सद्भाव र रचनात्मक सुझाव र सहकार्यको लागि आयोग सदैव हार्दिक अनुरोध अपेक्षा गर्दछ।

धन्यवाद नमस्कार।

## अनुसूची-७

(लोक सेवा आयोगका सचिव श्री किरणराज शर्माले लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोहमा गर्नुभएको स्वागत मन्तव्य)

सम्माननीय राष्ट्रपतिज्यू,

सम्माननीय प्रधानमन्त्रीज्यू,

सम्माननीय राष्ट्रपतिज्यूका विज्ञज्यूहरू एवम् स्वकीय सचिवज्यू,

माननीय सभापतिज्यू, प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समिति

नेपाल सरकारका श्रीमान् सचिव तथा विशिष्ट श्रेणीका पदाधिकारीज्यूहरू, लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू,

नेपाल प्रहरी, सशस्त्र प्रहरी, बल नेपालका महानिरीक्षकज्यूहरू एवम् राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशकज्यू,

विभिन्न निकायका प्रतिनिधीज्यूहरू,

सञ्चारकर्मी मित्रहरू,

लोक सेवा आयोग एवम् अन्तर्गत कार्यालयमा कार्यरत तथा सेवा निवृत्त सम्पूर्ण कर्मचारी साथीहरू,

लोक सेवा आयोगको अनुरोध एवम् निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा पाल्नुहुने सम्पूर्ण अतिथि महानुभावहरू,

आज हामी लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव तथा हीरक जयन्ती समारोहको कार्यक्रममा उपस्थित छौं। व्यस्त समयका बावजुद पनि यस समारोहमा आयोगको निमन्त्रणालाई स्वीकार गरी पाल्नुभएकोमा सम्माननीय राष्ट्रपतिज्यू एवं सम्माननीय प्रधानमन्त्रीज्यूको गरिमामय समुपस्थितिले लोक सेवा आयोग परिवारलाई अत्यन्त हौसला एवं गौरवको अनुभूति भएको छ। यस्तै प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिको माननिय सभापतिज्यूको उपस्थितिले पनि आयोगलाई हौसला मिलेको छ।

यस कार्यक्रममा प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूप्रति, विशिष्ट आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्माननीय प्रधानमन्त्रीज्यूप्रति र विशेष अतिथिको रूपमा उपस्थित हुनुभएकोमा प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यूप्रति आयोग परिवारको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट पनि हार्दिक कृतज्ञता सहित स्वागत अभिवादन अर्पण गर्दछु।

यसैगरी संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू, लोक सेवा आयोगका पूर्व अध्यक्षज्यूहरू, माननीय महान्यायधिवक्ताज्यू, श्रीमान् प्रमुख सूचना आयुक्तज्यू, नेपाल सरकारका श्रीमान् मुख्य सचिवज्यू, नेपाली सेनाका श्रीमान् प्रधान सेनापतिज्यू, लोक सेवा आयोगका पूर्व सदस्यज्यूहरू, सङ्घीय संसदका श्रीमान् महासचिवज्यू, सर्वोच्च अदालतका श्रीमान् मुख्य रजिष्ट्रारज्यू, नेपाल सरकारका श्रीमान् सचिवज्यूहरू, विशिष्ट श्रेणीका अन्य पदाधिकारिज्यूहरू, लोक सेवा आयोगका पूर्व सचिवज्यूहरू, नेपाल प्रहरी, सशस्त्र प्रहरी, बल नेपालका महानिरीक्षकज्यूहरू एवम् राष्ट्रिय अनुसन्धान विभागका मुख्य अनुसन्धान निर्देशकज्यू, विभिन्न निकायका प्रतिनिधीज्यूहरू, सञ्चारकर्मी मित्रहरू र उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत गर्दछु।

वि.सं. २००८ साल असार १ गते पब्लिक सर्भिस कमिशनको नामबाट स्थापना भएको लोक सेवा आयोग ७५औं वर्षमा प्रवेश गरेसँगै हीरक जयन्ती मनाउने सुअवसरमा पुगेको छ। लोक सेवा आयोगले योग्यता, निष्पक्षता र स्वच्छतालाई कार्यसम्पादनको मूल मर्मको रूपमा र द्विअन्धता, परिचय शुन्यता, असंलग्नता र गोपनीयता लगायतका सिद्धान्तहरूलाई मार्गदर्शनको रूपमा आत्मसात गरी संवैधानिक जिम्मेवारी निर्वाह गर्दै आइरहेको छ। आयोगको स्थापित मापदण्ड, कार्यप्रणाली, कार्यविधि तथा कार्यपद्धति र प्रकृयालाई समयानुकूल परिष्कृत एवं परिमार्जन गर्दै थप व्यवस्थित र विश्वसनीय बनाउँदै अकण्टक रूपमा कार्यसम्पादन गर्न सकेकै कारण लोक सेवा आयोग प्रतिस्पर्धात्मक परीक्षामा सहभागी हुने परीक्षार्थीका साथै योग्यता प्रणालीप्रति विश्वास गर्ने आम जनमानसको लागि समेत विश्वासको पर्याय संस्था बनेको छ।

सरकारी सेवा, सुरक्षा निकाय र अन्य सङ्गठित संस्थाका लागि योग्यता, निष्पक्षता, स्वच्छता र प्रतिस्पर्धाका आधारमा उपयुक्त उम्मेदवार छनौट गर्ने र निजामती/सरकारी कर्मचारीहरूको योग्यता प्रणालीको सन्दर्भमा अभिभावकत्व ग्रहण गर्ने जिम्मेवारी समेत बहन गर्दै आएको लोक सेवा आयोगको वार्षिकोत्सव तथा हीरक जयन्तीलाई सरकारी सेवामा सेवारत तथा सेवा निवृत्त कर्मचारीका साथै सरकारी सेवामा प्रवेश गरेर राष्ट्रको सेवा गर्ने आकांक्षा राख्ने सम्पूर्णले ऐतिहासिक र महत्वपूर्ण दिनका रूपमा लिने गर्दछौं।

वर्तमान नेपालको संविधान जारी भएपछि आयोगको जिम्मेवारी तथा कार्यक्षेत्रमा विस्तार एवम् बढोत्तरी भएको छ। यस अतिरिक्त आयोगको निष्पक्ष, स्वच्छ एवम् विश्वसनीय कार्यसम्पादनका कारण विश्वविद्यालय सेवा आयोगहरूबाट पूर्ति गर्नुपर्ने पदहरूको समेत परीक्षा सञ्चालनका लागि आयोगमा अनुरोध भई आउने गरेको र आयोगबाट सञ्चालित परीक्षामा परीक्षार्थीहरूको उत्साहजनक सहभागिता हुने गरेको छ। कार्यक्षेत्र विस्तारका वावजुद पनि आयोगलाई साबिककै जनशक्ति र स्रोत साधन परिचालन गरी आयोगको स्थापित मूल्य मान्यतामा क्षयीकरण हुन नदिई आयोगले आर्जन गरेको जनविश्वासलाई अक्षुण्ण राख्दै कार्यसम्पादनमा निरन्तर सुधार सहित, त्रुटीरहित र उत्कृष्टता हासिल गरी नतिजा दिनुपर्ने चुनौती रहेको छ। यति हुँदा हुँदै पनि आयोगले आफ्नो साख र गरिमालाई थप मजवुत बनाउने गरी कार्यसम्पादन गरिरहेको व्यहोरा निवेदन गर्दछु।

आयोगको यस वार्षिकोत्सव तथा हीरक जयन्तीको सुअवसरमा अन्तरसंवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता, रक्तदान कार्यक्रम, आन्तरिक ब्याडमिन्टन प्रतियोगिता, रेडियो नेपाल र नेपाल टेलिभिजनबाट आयोगका कामकारबाही सम्बन्धमा अन्तरसम्वाद तथा परिसम्वाद लगायतका कार्यक्रमहरू सम्पन्न भएका छन्। उल्लिखित कार्यक्रमहरू सम्पन्न गर्न विभिन्न निकाय तथा महानुभावहरूको विज्ञ लगायात महत्वपूर्ण सहयोग र सहभागिता रहेको छ। विज्ञलगायत यस्ता विविध कार्यक्रम एवम् ७५औं वार्षिकोत्सव तथा हीरक जयन्ती समारोह सञ्चालन गर्न सहयोग गर्नुहुने साथै सहभागी हुनुहुने सबै निकाय तथा महानुभावहरूमा हार्दिक आभार प्रकट गर्दछु र आगामी दिनहरूमा समेत निरन्तर सहयोग र सहभागिताका लागि अनुरोध पनि गर्दछु।

आजको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्तीको सुअवसरमा लोक सेवा आयोगको स्थापना कालदेखि हालसम्म महत्वपूर्ण योगदान गर्नुहुने आयोगका अग्रजहरू, पूर्व एवम् वर्तमान पदाधिकारीज्यूहरू, कर्मचारीहरू, विषय विज्ञ एवम् दक्षहरू आयोगबाट सञ्चालन हुने परिक्षाको लागि परीक्षा केन्द्र उपलब्ध गराई सहयोग

पुर्‍याउनु हुने विद्यालय/विश्वविद्यालयहरू, आयोगका सूचना तथा जानकारीहरूलाई सही समयमा सेवाग्राहीसम्म सम्प्रेषण गरी सहयोग पुर्‍याउनु हुने सञ्चारकर्मी मित्रहरू लगायत सबैको योगदान र सहयोगलाई सम्मान व्यक्त गर्दै उहाँहरूको कदर एवम् स्मरण गर्दछु। आगामी समयमा पनि निरन्तर सहयोगको अपेक्षा गर्दछु। आयोगको साख, गरिमा एवम् जनविश्वासलाई आगामी दिनमा अझै उँचो बनाउनेतर्फ हामी आयोग परिवार निरन्तर र भरमग्दुर प्रयासरत रहने सामूहिक प्रतिबद्धता समेत व्यक्त गर्दछौं।

अन्त्यमा, यस ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती समारोहमा गरिमामय उपस्थितिका लागि प्रमुख अतिथी सम्माननीय राष्ट्रपतिज्यू, विशिष्ट अतिथी सम्माननीय प्रधानमन्त्रीज्यू र विशेष अतिथी प्रतिनिधि सभा राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापतिज्यू प्रति हार्दिक आभार तथा कृतज्ञता सहित पुनः स्वागत अभिवादन गर्दछु।

यसैगरी संवैधानिक निकायका माननीय प्रमुखज्यूहरू लगायत हाम्रो निमन्त्रणालाई स्वीकार गरी आयोगको यस ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती समारोहमा पाल्नुहुने सम्पूर्ण महानुभावहरूबाट आयोगको कार्यसम्पादनलाई रचनात्मक र प्रभावकारी बनाउने सम्बन्धमा सदैव साथ, सहयोग र सुझाबको अपेक्षासहित पुनःस्वागत अभिवादन गर्दछु र विदा हुन्छु। धन्यवाद। नमस्कार।

अनुसूची-८

# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

## <u>प्रेस विज्ञप्ती</u>

लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती समारोह विभिन्न कार्यक्रमहरूको आयोजना गरी सम्पन्न भएको छ। आयोग स्थापना भएको दिन वि.सं. २००८ साल असार १ गतेको सम्झनामा २०८२ साल असार १ गते आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीमा आयोगको ७५ औं वार्षिकोत्सव मूल समारोहको कार्यक्रम सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको छ। कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू विशिष्ट अतिथि र प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री रामहरी खतिवडाज्यू विशेष अतिथि रहनु भएको थियो। कार्यक्रममा संवैधानिक निकायका प्रमुखहरू, लोक सेवा आयोगका पूर्व अध्यक्ष तथा पदाधिकारीहरू, नेपाल सरकारका मुख्य सचिव र सचिवहरू, प्रधानसेनापति लगायत सुरक्षा निकायका प्रमुखहरू, आयोगका पूर्व सचिव लगायत पूर्व कर्मचारीहरू र संचारकर्मीहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूले पानसमा दिप प्रज्वलन एवम् आयोगको हीरक जयन्ती वर्ष २०८२ को ताम्रपत्र अनावरण गरी कार्यक्रमको समुद्घाटन गर्नु भएको थियो। कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालकै जेठो संवैधानिक निकायका रूपमा रहेको लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्तीको अवसरमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्नु भयो। मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रूपमा रहने योग्यतम कर्मचारी छनौट गर्ने संवैधानिक जिम्मेवारी पाएको आयोगले ७४ वर्षयता आफ्नो मूल सिद्धान्त योग्यता, निष्पक्षता र स्वच्छतालाई प्रमुख आधार मान्दै कार्यसम्पादन गर्न सफल भएकोमा आयोगको प्रशंसा गर्नुभयो। उहाँले आयोगले सदैव वर्तमान पुस्ता प्रति न्याय र भविष्यका पुस्ता प्रतिको आशा र भरोसाको केन्द्रका रूपमा आफ्नो कर्तव्य, दायित्व र जिम्मेवारी निर्वाह गर्नुपर्ने कुरामा जोड दिंदै कर्मचारी भर्ना र छनौट समग्र प्रशासन संयन्त्रको जग भएकोले छनौट प्रक्रियालाई पूर्वानुमान योग्य हुने गरी आयोगले आफ्नो परीक्षण विधिहरूमा समयसापेक्ष सुधार गर्न जरूरी रहेको उल्लेख गर्नुभयो।

कार्यक्रममा सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूले आयोगले योग्यता, निष्पक्षता, स्वच्छता, समान अवसर, समावेशीता, असंलग्नता, गोपनीयता, परिचय शून्यता जस्ता कार्यसम्पादनका सिद्धान्त अवलम्वन गरी आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न सकेकोमा आयोगका कामकारबाहीको प्रशंसा गर्दै आगामी दिनमा कार्य सफलताको लागि शुभकामना व्यक्त गर्नु भयो। साथै नेपाल सरकार र सम्बद्ध निकायबाट लोक सेवा आयोगलाई साधन, श्रोत र क्षमता अभिबृद्धिमा ध्यान दिन र आयोगको वार्षिक प्रतिवेदनमा दिइएका सुझावहरूको सम्बोधन हुनुपर्ने धारणा ब्यक्त गर्नुभयो। प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति श्री रामहरी खतिवडाज्यूले कर्मचारी छनौटको लागि आयोगले

गरेका असल अभ्यासलाई निरन्तरता दिन आवश्यक रहेको उल्लेख गर्दै लामो समयको प्रतिक्षामा रहेको संघीय निजामती सेवा ऐन शिघ्र जारी हुने कुरामा विश्वास व्यक्त गर्नुभयो।

आयोगका माननीय अध्यक्ष श्री माधवप्रसाद रेग्मीले मन्तव्यका क्रममा आयोगले नेपालको संविधान, सेवा, समूह, उपसमूह सञ्चालनसँग सम्बन्धित कानुन, सुरक्षा निकाय तथा संगठित संस्थाहरूसँग सम्बद्ध कानुन समेतका आधारमा आफ्नो कार्य सम्पादन गर्दै आएको, विभिन्न कानुनहरूमा रहेको व्यवस्था बमोजिम पदपूर्तिको प्रक्रियाका लागि गठित समितिमा आयोगको प्रतिनिधित्व रहेको, आयोगबाट सञ्चालन हुने परीक्षाको लागि आवश्यक पर्ने पाठ्यक्रमलाई समयसापेक्ष र थप व्यवहारिक बनाउने प्रयास गरिँदै आएको, प्रदेश लोक सेवा आयोगहरूको सहभागितामा हरेक वर्ष राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरी कार्यान्वयनमा लगिएको र यस्ता सम्मेलनहरूमार्फत लोक सेवा आयोगका स्थापित मूल्य, मान्यता, पद्दति र कार्यसम्पादनका सिद्धान्तहरू प्रदेश लोक सेवा आयोगहरूमा अबलम्बन गर्न गराउनेतर्फ सकारात्मक भूमिका निर्वाह गरिएको उल्लेख गर्नुभयो। कार्यक्रममा आयोगका सचिव श्री किरणराज शर्माले स्वागत मन्तव्य राख्नु भएको थियो।

वार्षिकोत्सव तथा हीरक जयन्ती कार्यक्रममा आयोगको योग्यता प्रणाली प्रवर्धन गर्ने कार्यमा महत्वपूर्ण सहयोग पुऱ्याउनु भएकोमा आयोग, केन्द्रीय कार्यालयका पूर्व मुख्य मनोविज्ञानवेत्ता श्री जया पाण्डेज्यूलाई दोसल्ला ओढाई प्रमाणपत्रका साथ सम्मान गरिएको थियो। यसैगरी आयोगमा आ.व. २०८१/८२ मा उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने क्रममा आयोगको केन्द्रीय कार्यालयका शाखा अधिकृत श्री ऋषिकेश चम्लागाँई, काठमाडौं कार्यालयका शाखा अधिकृत श्री लक्ष्मी प्रसाद पराजुली र बुटवल कार्यालयका खरिदार श्री चित्रकुमार सुवाललाई दोसल्ला, नगद पुरस्कार र प्रमाणपत्रका साथ पुरस्कृत गरिएको थियो। आयोगको सूचना प्रविधिको क्षेत्रमा उल्लेख्य कार्य गरी आयोगको गरिमा अभिवृद्धि गर्न योगदान पुऱ्याएवापत आयोगको केन्द्रीय कार्यालयका कम्प्युटर अपरेटर श्री प्रल्हाद सत्याललाई दोसल्ला र प्रमाणपत्रका साथ सम्मान गरिएको थियो। कार्यक्रमको अन्त्यमा आयोगका माननीय सदस्य दिनेश सिलवालले प्रमुख अतिथि सम्माननीय राष्ट्रपतिज्यू, विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू एवम् विशेष अतिथि प्रतिनिधि सभा, राज्य व्यस्था तथा सुशासन समितिका सभापतिज्यूका साथै आमन्त्रित अन्य पदाधिकारीहरू लगायत वार्षिकोत्सव कार्यक्रम सम्पन्न गर्न सहयोग पुऱ्याउने सबैलाई धन्यवाद दिनु भएको थियो।

आयोगको वार्षिकोत्सव मनाउने क्रममा सप्ताह व्यापीरूपमा कार्यक्रमहरू आयोजना गरिएका थिए। २०८२ जेठ २६ र २७ गते आयोग, आयोगको काठमाडौं कार्यालय र दरखास्त व्यवस्थापन केन्द्र समेतमा कार्यरत कर्मचारीहरूबीच आन्तरिक ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरिएको थियो। प्रतियोगितामा जम्मा १३ वटा समूहको सहभागिता रहेको थियो। प्रतियोगितामा हलुका सवारी चालक श्री गोपाल खडका र शाखा अधिकृत श्री श्यामकुमार राई, श्री योगराज पौडेल र श्री सन्तोष कुमार चौधरीको समूह संयुक्त रूपमा प्रथम, शाखा अधिकृत श्री ध्रुव कुमार राई र श्री मदन कुमार बँजगाईको समूह द्वितीय भएको थियो। विजयी समूहहरूलाई आयोगका माननीय अध्यक्ष, माननीय सदस्य र सचिवबाट मेडल र प्रमाणपत्र प्रदान गरिएको थियो।

२०८२ जेठ २९ र ३० गते लोक सेवा आयोग, केन्द्रीय कार्यालय, कमलपोखरीमा अन्तर संवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता संचालन गरिएको थियो। उक्त प्रतियोगितामा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, लोक सेवा आयोग, राष्ट्रिय मानव अधिकार आयोग,

निर्वाचन आयोग, मधेशी आयोग, प्राकृतिक श्रोत तथा वित्त आयोग र राष्ट्रिय दलित आयोगका गरी कूल ८ ओटा समूह सहभागी भएका थिए। प्रतियोगितामा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको समूह प्रथम, निर्वाचन आयोगको समूह द्वितीय र अख्तियार दुरूपयोग अनुसन्धान आयोगको समूह तृतीय भएका थिए। प्रतियोगितामा विजेता समूहलाई आयोगका माननीय अध्यक्ष, माननीय सदस्य र सचिवबाट ट्रफी, मेडल र प्रमाणपत्र तथा द्वितीय र तृतीय स्थान प्राप्त गर्ने समूहलाई मेडल र प्रमाणपत्र वितरण गरिएको थियो।

यसै गरी मिति २०८२ जेठ २७ गते आयोगको केन्द्रीय कार्यालयमा आयोगका पदाधिकारी, आयोग र आयोगको काठमाडौं कार्यालय, दरखास्त व्यवस्थापन केन्द्रमा कार्यरत कर्मचारीहरूको लागि तिलगंगा आँखा अस्पतालको सहयोगमा आँखा परीक्षण शिविर संचालन गरी १६० जनाको आँखा परीक्षण गरिएको थियो। २०८२ जेठ २८ गते आयोगको केन्द्रीय कार्यालयमा नेपाल रेडक्रस सोसाईटीको सहयोगमा रक्तदान कार्यक्रममा आयोजना गरिएको थियो। उक्त कार्यक्रममा आयोगमा कार्यरत र अन्य गरी जम्मा २८ जनाबाट रक्तदान गरिएको थियो।

मिति २०८२ जेठ ३० गते वि.सं.२००३ देखि २०४५ सम्म सरकारी सेवा तथा वि.सं. २०१५ देखि २०४५ सम्म आयोगका विभिन्न (वि.सं.२०३७ सालदेखि २०४५ सालसम्म सचिव) पदमा रही आयोगको परीक्षा प्रणालीमा योग्यता, निश्पक्षता तथा स्वच्छता कायम गर्ने गरी विभिन्न सुधारका कार्यहरू गरेवापत स्व. भुवनमानसिंह प्रधानले पुऱ्याउनु भएको अतुलनिय योगदानको स्मरण गर्दै लोक सेवा आयोग, केन्द्रीय कार्यालयको, कमलपोखरीस्थित भवनको पाँचौ तलामा रहेको सभाकक्षलाई **"भुवनमानसिंह प्रधान सभाकक्ष"** नामाकरण गरिएको छ।

वि.सं. २०८२ जेठ २९ गते प्रसारित नेपाल टेलिभिजनको परिसंवाद कार्यक्रममा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मी, नेपाल सरकारका पूर्व मुख्य सचिव डा. विमल कोइराला र नेपाल राष्ट्र बैंकका पूर्व गर्भनर श्री महाप्रसाद अधिकारीले आयोगका काम कारबाही र आगामी कार्यदिशाका बारेमा सुसुचित गराउनु भएको थियो। सोही दिन रेडियो नेपालमा आयोगका गतिविधिसँग केन्द्रित रही परिसंवाद कार्यक्रम प्रसारण गरिएको थियो। यस कार्यक्रममा आयोगका माननीय सदस्य श्री माधव बेल्बासे, प्रा.डा. घनश्याम भट्टराई र नेपाल सरकार एंव आयोगका पूर्व सचिव सुशिल जबरा वक्ता हुनुहुन्थ्यो। २०८२ असार १ गते विहान रेडियो नेपालमा लोक सेवा आयोगसँग सम्बन्धित विषयमा आयोगका माननीय सदस्य श्री वीरबहादुर राई अन्तरसंवाद कार्यक्रममा सहभागी हुनु भएको थियो। यसैगरी, २०८२ असार १ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा लोक सेवा आयोगसँग सम्बन्धित सामग्री प्रकाशन भएको छ।


७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्तीको अवसरमा आयोग अन्तर्गतका १३ ओटा कार्यालयमा आयोगका कार्यालयस्थित पालिकाका ५ ओटा माध्यमिक विद्यालयहरूविच हाजिरीजवाफ प्रतियोगिता आयोजना गरिएको थियो। लोक सेवा आयोगले मिति २०८२ असार १ देखि २०८३ जेठ मसान्तसम्मलाई विभिन्न कार्यक्रमहरूको आयोजना गरी **"हीरक जयन्ती वर्ष"**का रूपमा मनाउने गरी तय भएको छ।

**(गीताकुमारी होमेगाई)**
**प्रवक्ता**

२०८२ साल असार १ गते, आईतवार
कमलपोखरी, काठमाडौं

# संचार माध्यममा लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव तथा हीरक जयन्ती कार्यक्रम

# लोक सेवा आयोग :स्थापना देखि हीरक जयन्तीसम्म



माधवप्रसाद रेग्मी,
अध्यक्ष, लोक सेवा आयोग

यस वर्ष लोक सेवा आयोगले स्थापनको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती मनाउँदै छ। हुन त नेपाल सरकार वैधानिक कानून २००४ को धारा ६५ मा पनि दरखास्त परिषद्को नाममा यसको परिकल्पना गरिएको थियो तर उक्त कानून लागु नभएकाले परिषद् गठन नै हुन सकेन। नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६४ मा व्यवस्था भए अनुसार वि.सं. २००८ साल आषाढ १ गते स्व. नगेन्द्रमान सिंह प्रधानको अध्यक्षतामा तीन सदस्यीय नेपाल पब्लिक सर्भिस कमिशनको स्थापना भएको थियो। नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५९ मा लोक सेवा आयोगको व्यवस्था गरिएको थियो। त्यसै गरी त्यसपछि बनेका नेपालको संविधान, २०१९ को धारा ७८, नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०२, नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२६ र नेपालको संविधानको धारा २४२ बमोजिम लोक सेवा आयोगको गठन हुने व्यवस्था गरिएको छ। स्थापनाकाल देखि विभिन्न आरोह अवरोह पार गर्दै हालसम्म आइपुग्दा आयोगले नेपालमा आम नागरिकको मनमा एउटा विश्वसनीय तथा सम्मानीत संस्थाको छवि बनाउँदै आएको छ। ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती मनाउने अवसरसम्म ल्याइ पुऱ्याउन अग्रजहरूको अतुलनीय योगदान रहेको छ।

नेपालमा प्रजातन्त्रको स्थापना भएसंगै गठन भएको लोक सेवा आयोगको माध्यमबाट सबै नेपाली नागरिकलाई प्रतिस्पर्धाका आधारमा स्थायी सरकारको रूपमा रहेको निजामती तथा सरकारी सेवामा प्रवेश गरी राष्ट्रको सेवा गर्ने समान अवसर प्राप्त भएको छ। वि.सं. २०६४ साल पछि समावेशी व्यवस्था सुरूवात् भै नेपालमा निजामती सेवामा सबै जातजातीको प्रतिनिधित्व भै सुन्दर फुलवारीको रूप ग्रहण गर्न सहयोग पुगेको छ। आयोगको स्थापना हुनुपूर्व भाईभारदारहरूले रोलक्रमका आधारमा र केही सर्वसाधारण नागरिकले चाकडीका आधारमा जागिरमा प्रवेश पाउँथे भने वर्षैपिच्छे हुने पजनीले सरकारी सेवा पनि एउटा प्राइभेट कम्पनीको जागिर जस्तो हुन पुगेको थियो।

आधुनिक कर्मचारीतन्त्रको मान्यता अनुसार कुनै पनि सरकार यसको कर्मचारी तन्त्रभन्दा राम्रो हुन सक्दैन। उत्कृष्ट कर्मचारीले मात्र उत्कृष्ट सरकारको अनुभूति गराउन सक्ने हुँदा र उत्कृष्ट कर्मचारी छनौट गर्ने विधि प्रतिस्पर्धात्मक भएकोले प्रतिस्पर्धालाई थप वैज्ञानिक बनाउँदै लैजाने कार्यमा आयोग निरन्तर क्रियाशील रहेको छ।

वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको स्थापना सिंहदरबारको दोस्रो चोकको उत्तरतर्फको तेस्रो तलाको २ वटा कोठामा भएको थियो। तीन सदस्यीय आयोगको सभापति सरदार नगेन्द्रमान सिंह प्रधान हुनुहुन्थ्यो। सोही वर्ष भाद्र १८ गते ६ पदको विज्ञापन गरेर आयोगले आफ्नो कार्य प्रारम्भ गरेको थियो। हालसम्म २० जनाले आयोगको नेतृत्व प्रदान गर्नुभएको छ। वि.सं. २०३० सालमा सिंहदरबार आगलागी भए पछि विशालनगर स्थित वसन्त भवनमा सञ्चालन भएको आयोग पछि लामो समयसम्म कमलपोखरीमा रहेको थियो। भवन पुरानो र साँगुरो भएपछि अनामनगरमा स्थानान्तरण भएको आयोग नयाँ भवन बनेपछि वि.सं. २०७८ श्रावण १ गते देखि पदाधिकारीको कार्यकक्ष लगायत महत्वपूर्ण महाशाखा/शाखाहरू कमलपोखरीमा सारि नियमित कार्य भइरहेको छ भने स्थान अभाव लगायतका कारणले केही महाशाखा र शाखाहरू हाल पनि अनामनगरबाट नै सञ्चालन रहेका छन्।

आयोगको स्थापना कालमा सीमित आर्थिक स्रोत र न्यून जनशक्तिबाट कार्य सञ्चालन गर्नुपरेको थियो। वि.सं. २०१६ सालसम्म पनि आयोगको वार्षिक बजेट रू.९५,२०० मात्र रहेको थियो। जनशक्तिका हकमा सचिव -१, सहायक सचिव -१, नन गजेटेड -१० र पियन -८ जना मात्र थिए। तात्कालिन संविधानमा श्री ५ बाट आयोगसँग परामर्श लिनु आवश्यक छैन भनी नियमद्वारा तोकेमा सोही बमोजिम हुने प्रावधानका आधारमा वि.सं.२०१७ माघ २५ गते पब्लिक सर्भिस कमिशन कारबाही बन्देज नियम जारी गरी २०१७ माघ २५ देखि २०१८ जेठ मसान्तसम्म आयोगलाई निलम्बन पनि गरिएको थियो। वि.सं. २०१९ मा निजामती पदमा लोक सेवा आयोगको परामर्श बिना नयाँ भर्नाद्वारा स्थायी नियुक्ति भएको कुनै पनि व्यक्तिले निवृत्तिभरण नपाउने तथा निजामती सेवाका शर्त सम्बन्धी कानून, नियुक्ति, बढुवा र विभागीय सजाय गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्त, सेवा परिवर्तन, विभागीय सजाय लगायतका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्ने व्यवस्था गरिएको थियो। वि.सं. २०२३ सालमा भएको नेपालको संविधान २०१९ को पहिलो संशोधनले सङ्गठित संस्थाका कर्मचारीको सेवा शर्त सम्बन्धी नियम र त्यस्तो संस्थाको सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तका विषयमा आयोगको परामर्श लिनुपर्ने प्रावधान थप भयो। वि.सं. २०४७ को संविधानमा आयोगले निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरू सञ्चालन गर्नु कर्तव्य तोकिएको थियो भने निवृत्तभरण पाउने पदमा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन भन्ने व्यवस्था गरियो। नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई साविककै अधिकार दिएको थियो। यसमा सङ्गठित संस्थाले चाहेमा आयोगको परामर्श लिने उल्लेख थियो भने सुरक्षा निकायको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषपयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको थियो।

नेपालको संविधानको धारा २४२ र २४३ मा लोक सेवा आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था रहेको छ। यस संविधानले निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्ने कर्तव्यका साथै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र अन्य संघीय सरकारी सेवाका पदमा पदपूर्तिका लागि लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी समेत लोक सेवा आयोगलाई तोकिएको छ। यसका साथै निजामती सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय सजायका विषयमा, सेवा समूह परिवर्तन गर्ने विषयमा र विभागीय सजायका विषयमा समेत आयोगको परामर्श लिने व्यवस्था गरी सुरक्षा निकाय र सङ्गठित संस्थाको पदपूर्तिमा आयोगलाई पहिलो पटक स्पष्टरूपमा जिम्मेवारी प्रदान गरेको छ। यो जिम्मेवारीलाई आयोगले आफ्ना १६ वटा कार्यालय, आयोगका पदाधिकारी तथा ३९९ जना कर्मचारीबाट सम्पादन गरिंदै आएको छ।

साथै वर्तमान संविधानको धारा २४४ मा प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने, यसको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने र त्यसका लागि संघीय संसदले कानून बनाई आधार र मापदण्ड निर्धारण गर्ने व्यवस्था अनुसार "प्रदेश लोक सेवा आयोग (आधार र मापदण्ड निर्धारण) ऐन, २०७५" जारी भएको छ। यस ऐनको दफा ११ ले यसको कामलाई विश्वसनीय बनाउन लोक सेवा आयोगले संघीय कानून बमोजिम अपनाएको सिद्धान्त र मापदण्डलाई अवलम्बन गर्नुपर्ने, सोको विपरित हुने गरी आयोगले गरेको काम कारबाही स्वतः बदर भएको मानिने गरी स्पष्ट व्यवस्था गरे पनि कस्तो प्रक्रियाबाट स्वतः बदर हुने र सो गर्ने निकाय तथा अधिकारी को हो भन्ने स्पष्ट गरिएको छैन। प्रदेश लोक सेवा आयोगका काममा सहजीकरणका लागि प्रत्येक वर्ष फागुन २३ र २४ गते पालै पालो लोक सेवा आयोगहरूको राष्ट्रिय सम्मेलन प्रदेश राजधानीमा आयोजना गरिंदै आएको छ। यस वर्ष पाँचौ सम्मेलन कोशी प्रदेशको विराटनगरमा भएको थियो।

आयोगका कार्य सम्पादनका ९ वटा सिद्धान्तमा योग्यताको सिद्धान्त, निष्पक्षताको सिद्धान्त, स्वच्छताको सिद्धान्त, समान अवसरको सिद्धान्त, समावेशीताको सिद्धान्त, द्विअन्धको सिद्धान्त, परिचय शून्यताको सिद्धान्त, असंलग्नताको सिद्धान्त र गोपनीयताको सिद्धान्त रहेका छन्। संविधानले तोकेका अधिकारको प्रचलनका लागि आयोगले हाल नेपालको संविधान, लोक सेवा आयोग ऐन, २०७९ र २०७९, लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९, निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५, व्यवस्थापिका संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५, राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२ तथा विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन र नियमावलीहरू रहेका छन्। साथै लोक सेवा आयोगका पदाधिकारी एवम् दक्ष/विज्ञ र कर्मचारीहरूको आचार संहिता, २०६९, सङ्गठित संस्थाका कर्मचारीका सेवाका शर्त सम्बन्धी कानून, बढुवा र विभागीय कारबाही सम्बन्धी सामान्य सिद्धान्त, २०७४, सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९, आयोगबाट प्रतिपादित सिद्धान्त, सुरक्षा निकाय तथा सङ्गठित संस्थासँग सम्बद्ध ऐन, नियम तथा विनियमावली र निर्देशिकाहरू नै यसका कार्यसम्पादनका मुख्य आधारहरू रहेका छन्।

२०७८ असार १० गते नयाँ पदाधिकारीहरू नियुक्ति भई तत्पश्चात आयोगको दैनिक कार्यहरूले निरन्तरता पाएको छ। यस अघि उमेशप्रसाद मैनाली अध्यक्ष रहनु भएको आयोगका सबै पदाधिकारीको अवकाश भै आयोग तीन महिनादेखि रिक्त थियो। पदपूर्ति, बढुवा, विभागीय कारबाही समेत सबै अवरूद्ध थिए। कोभिड-१९ का कारणले प्रत्येक वर्ष श्रावण १ गते प्रकाशित हुने आयोगको वार्षिक कार्यतालिका बमोजिमका काम दुई वर्षदेखि हुन सकेका थिएनन्। त्यसै गरी कर्मचारी समायोजन ऐन, २०७५ जारी भएपछि समायोजनमा चित्त नबुझाएका कर्मचारीले दायर गरेका मुद्दामा भएको अन्तरिम आदेश, थारू कल्याणकारिणी सभाको तर्फबाट आफुलाई पनि छुट्टै कोटा छुट्याउनु पर्ने आशय राखी दायर रिटमा भएका अन्तरिम आदेश, आयोगबाट सङ्गठित संस्थामा बहालवाला कर्मचारीलाई पनि खुला प्रतियोगितामा उमेरको हद लगाउने गरी जारी भएका सेवा शर्त सम्बन्धी विनियमावलीहरूमा चित्त नबुझाई परेका रिट निवेदनमा भएका अन्तरिम आदेश अनुसार अवरूद्ध भएका परीक्षा समेतका ठुला संख्यामा बाँकी रहेका कामहरूको जिम्मेवारी हामीमा आयो।

आम नेपाली र प्रतिस्पर्धी युवाहरूको आशा र भरोसाको केन्द्र आयोगका पुराना काम फछ्र्यौट गरी वार्षिक कार्यतालिका बमोजिमका काम गर्न आयोगले २०७८ असार १४ गते १०० दिने कार्य योजना जारी गर्‍यो। जसको उद्देश्य २/३ वर्ष देखि बाँकी रहेका पुराना कामहरूलाई सय दिन भित्र फछ्र्यौट गर्ने र वार्षिक कार्यतालिका अनुसार चालु आ.व.मा गर्नुपर्ने काम निरन्तर गर्दै जाने रहेको थियो। सो लक्ष्य पुरा गर्न आयोगले दुई सिफ्ट अन्तर्वार्ता सञ्चालन गर्ने, तीन सिफ्ट परीक्षा सञ्चालन गर्ने, दक्ष विज्ञको ठुलो मात्रामा सेवा लिने समेत कार्यको परिणामस्वरूप करिब ३ वर्ष पछि मात्र आयोग नियमित क्यालेण्डरमा फर्किएको छ। त्यसका साथै लामो समयदेखि धुल्याउन बाँकी उत्तरपुस्तिका धुल्याउने, पुराना सामग्री लिलाम बिक्री गरी पार्किङ स्थलभित्र राखिएका सामग्रीको व्यवस्थापन गर्ने, प्रशासनिक सुधार गरी आयोगलाई निरन्तर चुस्त बनाउने काममा आयोगलाई सफलता प्राप्त भएको छ। पुराना काम फछ्र्यौट गर्न आयोगले तत्काल सम्मानीत सर्वोच्च अदालतको परमादेशका प्रावधान राखी सङ्गठित संस्थाको विनियमावलीमा संशोधन गरी एक वर्षमै २/३ पटक सम्म परीक्षा सञ्चालन गरी पदपूर्तिमा सहयोग गरेको छ। पुराना काम फछ्र्यौट गर्न शीघ्र निर्णय लिन आफु शाखा अधिकृत भै आयोगमा वि.सं. २०४४ सालमा प्रवेश गरी वि.सं. २०४९ मा

सहायक सचिव, वि.सं. २०५० मा उपसचिव तथा वि.सं. २०७३ मा आयोगको सचिवबाट अवकाश हुँदा सम्मको करिब ९ वर्षको पूर्व अनुभवले समेत आयोगको जिम्मेवारीलाई सहज बहन गर्न सहयोग पुगेको महसूस गरेको छु।

नेपालको संविधानको धारा २४३ अनुसार लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार अन्तर्गत उपधारा २ को स्पष्टीकरण खण्डमा रहेका "सङ्गठित संस्था"को परिभाषामा विश्वविद्यालय र शिक्षक सेवा आयोग बाहेक भनिएको भएतापनि सम्बन्धित विश्वविद्यालय ऐन बमोजिम गठन हुने ३ सदस्यीय सेवा आयोगमा सेवा आयोगको अध्यक्ष पछि दोस्रो क्रममा लोक सेवा आयोगको सदस्य रहने प्रावधान रहेकोमा आयोगबाट यस अघि सामान्य प्रक्रिया सहजीकरण सम्म गर्ने गरी आएको अवस्थामा शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि विश्वविद्यालयमा स्वच्छ प्रतिस्पर्धाको आधारमा प्राध्यापक र कर्मचारीको छनौट र भर्नालाई सुनिश्चित गर्नुपर्ने आम माग रहेको थियो। यस सन्दर्भमा आयोगले विश्वविद्यालय, अनुदान आयोग, उपकुलपतिहरू, सेवा आयोगका अध्यक्ष तथा पदाधिकारीहरूसँग विश्वविद्यालय सेवा आयोगमा रहेको आयोगको प्रतिनिधित्वलाई कसरी सार्थक बनाउने भन्ने बारे अन्तरक्रिया र छलफल गरेको परिणामस्वरूप परीक्षा सम्बन्धी मुख्य कार्य लोक सेवा आयोगले गर्ने गरी सेवा आयोगले निर्णय गरी आयोगबाट लिखित परीक्षाहरू सञ्चालन गर्ने कार्य सुरू भएको छ। हाल सम्बन्धित सेवा आयोगबाट निर्णय भए अनुसार सेवा आयोगका पदाधिकारी बीच कार्य विभाजन गरी परीक्षा सम्बन्धी मुख्य कार्य प्रश्न पत्र निर्माण, परिमार्जन, उत्तरपुस्तिका पहिलो र दोस्रो संकेत नम्बर राख्ने, गोप्यताका साथ उत्तरपुस्तिका परीक्षण गरी नतिजा तयार गरी छानिएका उम्मेदवारको अन्तर्वार्ताका लागि सम्बन्धित सेवा आयोगमा वर्णानुक्रम अनुसार नाम पठाई अन्तर्वार्ता लगायत जोड्नु पर्ने अङ्क तयार भएपछि मात्र आयोगमा रहेको लिखित परीक्षाको अङ्क पठाई अन्तिम नतिजा प्रकाशन गर्ने लगायत आयोगका प्रकृयाको अबलम्बन गरिएकाले योग्य र प्रतिस्पर्धी उम्मेदवारको विश्वविद्यालयमा प्रवेशले शिक्षाको गुणस्तर अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुगेको छ। हालसम्म यस्ता परीक्षा त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, कृषि तथा वन विज्ञान विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय समेतमा सञ्चालन भैसकेका छन्।

निजामती सेवामा पदपूर्ति गर्दा श्रेणी वा तहका लागि कर्मचारी भर्ना हुने भएकाले कर्मचारी छनौट गर्दा पद विशेषको भन्दा सेवा/समूह विशेषका साझा गुणहरूको परीक्षण गर्ने गरी विभिन्न परीक्षण विधिहरूको प्रयोग गर्ने गरिएको छ। २०७१ सालमा एसेस्मेण्ट सेन्टर मेथोडोलोजी (Assessment Center Methodology-ACM) अबलम्बन गर्ने निर्णयानुसार सो विधिका केही उपकरण प्रयोग गरी कर्मचारी छनौट गरिएको छ। जस अनुसार वि.सं. २०७३ देखि अप्राविधिक सेवाका राजपत्राङ्कित प्रथम श्रेणीमा मामिला अध्ययन र प्रस्तुतीकरण, वि.सं. २०७५ देखि रा.प.द्वितीय श्रेणीमा इनवास्केट एक्सरसाइज (Inbasket Exercise) र प्राविधिक सेवाका राजपत्राङ्कित तृतीय श्रेणीमा समेत सामुहिक छलफल जस्ता विधिहरू प्रयोगमा ल्याइएको छ। लोक सेवा आयोगबाट उत्कृष्ट भनी खटाइएका कर्मचारी कार्यक्षेत्रमा सो अनुसार खरो उत्रन नसकेको भन्ने जनगुनासो र आमबुझाईलाई सम्बोधन गर्न समेत यो विधि प्रयोगमा ल्याइएको हो। उम्मेदवारको विगतको अनुभव, वर्तमान अवस्थाको सुक्ष्म विश्लेषण गरी भविष्यको आंकलन गर्ने उद्देश्यले ल्याइएको यो विधि पूर्णरूपमा प्रयोग गर्न ठुलो मात्रामा स्रोत साधन र समय लाग्ने देखिन्छ। लामो समयदेखि यस विधि प्रयोग गर्ने दक्ष/विज्ञको तालीम नभएकोमा गत वर्षमात्र स्वेदश तथा विदेशका विज्ञबाट १२० जनालाई यो तालिम प्रदान गरिएको छ। मनुष्यको व्यवहारको आइसवर्ग मोडेल (Iceberg Model of Human Behavior) अनुसार कुनै व्यक्तिको देखिने व्यवहार केवल १० प्रतिशत मात्र हो भने बाँकी ९० प्रतिशत महत्वपूर्ण पाटो भित्र लुकेको हुन्छ। उक्त लुकेको व्यक्तित्वको परीक्षण सही ढंगले गर्न सकेमा मात्र पदको आवश्यकता

अनुसारको कर्मचारी छनौट गर्न सकिन्छ। एसेस्मेण्ट सेन्टर मेथोडोलोजीले यसै लुकेको व्यक्तित्व पहिचान गर्ने प्रयास गर्दछ। यसको प्रभावकारी प्रयोगबाट योग्यता, इमान्दार र नैतिकवान कर्मचारी छनौट गर्न सकिने विश्वास लिइएको छ।

यसैगरी आयोगले आर्थिक वर्ष २०७४/०७५ देखि कार्यान्वयनमा ल्याइएको त्रिवर्षीय रणनीतिक योजना २०७७/०७८ सम्म कायम रहेकोमा उक्त रणनीतिक योजनाको कार्यान्वयमा देखा परेका कठिनाई तथा समावेश गर्नुपर्ने थप विषयहरू समेत समावेश गरी आयोगबाट दोस्रो रणनीतिक योजना (०७९/८०-०८३/८४) लागू गरिएको छ। यस रणनीतिक योजनाको दूरदृष्टि (Vision) "योग्य, क्षमतावान र दक्ष जनशक्तिको छनौट तथा परिचालनमार्फत् राष्ट्रको समग्र समुन्नति" रहेको छ भने ध्येय (Mission) "सार्वजनिक सेवामा योग्यता प्रणालीलाई प्रवर्द्धन गर्दै स्वच्छ र निष्पक्ष विधिका माध्यमबाट उपयुक्त उम्मेदवार छनोट गरी समक्ष जनशक्ति आपूर्ति गर्ने" रहेको छ। रणनीतिको मूल्यमान्यता (Core Values) मा योग्यता (Merit), निष्पक्षता (Impartiality), स्वच्छता (Fairness) रहेका छन्। यसै गरी रणनीतिक योजनाका चार नतिजा क्षेत्र रहेका छन् जस अनुसार (क) योग्यता, निष्पक्षता र स्वच्छताको प्रवर्धन (ख) परीक्षण विधि, परीक्षा योजना तथा पाठ्यक्रममा सुधार (ग) उजुरीको न्यायपूर्ण सुनुवाई (घ) संस्थागत क्षमता सुदृढीकरण रहेका छन्। माथि उल्लिखित नतिजा क्षेत्रका आधारमा चार वटा रणनीतिक उद्देश्य तय गरिएका छन्। तिनीहरूमा (क) उपयुक्त उम्मेदवार छनोट गर्दा योग्यता, स्वच्छता र निष्पक्षता प्रवर्धन गर्नु (ख) उपयुक्त उम्मेदवार छनोट गर्न समसामयिक वैज्ञानिक परीक्षण विधि अबलम्बन गर्नु (ग) उजुरी सुनुवाईलाई अनुमानयोग्य बनाउनु (घ) आयोगको संस्थागत क्षमता सुदृढीकरण तथा कार्यक्षेत्रमुखी प्रवर्धनात्मक कार्य विस्तार गर्नु। यसरी करिब एक अर्ब पैंसठ्ठी करोड लागत अनुमान गरिएको यो रणनीतिक योजनाबाट आयोगका भवन निर्माण, सवारी साधनको व्यवस्था, पाठ्यक्रम र परीक्षण प्रविधिमा सुधार, सहसचिव कार्यालय प्रमुख हुने ७ वटा कार्यालयमा कम्तीमा ५०० जना र उपसचिव कार्यालय प्रमुख हुने कार्यालयमा २०० जना परीक्षार्थी अट्ने भवन निर्माण हुनेछ। जसबाट परीक्षा सञ्चालन गर्न थप सहजीकरण भई आयोगको काम कारबाहीमा थप गुणस्तरीयता वृद्धि हुने आयोगले विश्वास लिएको छ।

नेपालको संविधानको धारा २४३ को उपधारा २ मा "निजामती सेवाको पद बाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तीका लागि लिइने लिखित परीक्षा लोक सेवा आयोगले सञ्चालन गर्नेछ" भन्ने व्यवस्था भए अनुसार हाल आयोगले ७४ वटा सङ्गठित संस्था र ४ वटा सुरक्षा निकाय तथा राष्ट्रिय मानव अधिकार आयोगको सेवाका पदको परीक्षा सञ्चालन गर्ने गरेको छ। यसै गरी एक सय वटा भन्दा बढी सङ्गठित संस्थाका पदपूर्ति समितिहरूमा आयोगका सचिव, सहसचिव र उपसचिवबाट प्रतिनिधित्व हुँदै आएको छ।

सङ्गठित संस्थाहरूको पदपूर्तिसम्बन्धी कार्यलाई थप गुणस्तरीय, छरितो र मितव्ययी बनाउन विज्ञ सहितको समितिबाट प्रतिवेदन प्राप्त भइसकेको छ। सो सम्बन्धमा आयोगबाट नियमित पदपूर्ति हुने, कार्य प्रकृति र ती संस्थामा रहने सेवा, समूह, उपसमूह र पद लगायतका विषयमा समान प्रकृति भएका विभिन्न समूहमा समूहीकरण गर्न सकिने ७४ वटा सङ्गठित संस्थाका प्रमुख तथा प्रतिनिधि र सम्बद्ध मन्त्रालयका सचिवहरूसंग अन्तर्क्रिया तथा छलफल कार्यक्रम आयोजना गरिएको थियो। आयोगबाट सञ्चालन गरिने सङ्गठित संस्थाका पदहरूमा पूर्व योग्यता परीक्षा सञ्चालन गर्ने गरी लोक सेवा आयोग नियमावली, २०७९ मा २०८२ जेठ २६ मा संशोधन गरिएको छ। यसबाट सङ्गठित संस्थामा उपयुक्त उम्मेदवार छनौटमा लाग्ने समय, लागतमा कमी हुनुको साथै एउटै उम्मेदवार समान श्रेणी/तहका पद भएका धेरै निकायमा

पटक पटक उम्मेदवार हुने विद्यमान अवस्थामा कमी भई संगठनको स्थायित्वमा योगदान पुग्न सक्ने देखिन्छ। पहिलो पटक सङ्गठित संस्थाको पदपूर्तिका लागि आयोगबाट लिइने सबै सङ्गठित संस्थाको अप्राविधिक तर्फको चौंथो तह वा सहायकस्तर द्वितीय श्रेणी वा सो सरहको पदको खुला प्रतियोगितात्मक परीक्षाको पूर्व योग्यता परीक्षा सञ्चालन गर्ने गरी पाठ्यक्रम समेत तयार गरिएको छ। यो व्यवस्था क्रमशः माथिल्ला पदहरूमा समेत लागू गरिने लक्ष्य लिइएको छ।

यस वर्ष आयोगले स्थापनको हीरक जयन्ती मनाउँदै छ। यो वर्ष भरी नै कार्यालयले विभिन्न रचनात्मक कार्य गर्नेछ। यसै अवसरमा विभिन्न पदमा गरी करीब २९ वर्ष लोक सेवा आयोगमा रही कार्य गर्नु भएका आयोगका पूर्वसचिव श्री भुवनमान सिंह प्रधानले आयोगको परीक्षा प्रणालीको सुधार, कार्यप्रणालीमा व्यावसायीकरण, निष्पक्ष छनोट प्रक्रिया लगायत आयोगको समग्र प्रक्रियामा गरेको सुधारको स्मरण गर्दै आयोगको ७५औं वार्षिकोत्सव समारोह एवम् हीरक जयन्तीका अवसरमा आयोगको कमलपोखरीस्थित भवनको पाँचौ तलामा रहेको सभाहललाई "भुवनमान सिंह प्रधान सभाकक्ष" नामाकरण गरिएको छ।

आयोगका कामकारबाहीको प्रभावकारिता थप अभिवृद्धि गर्न निम्न बमोजिमका क्रियाकलापहरू वर्षै भरी सञ्चालन गर्ने समेत निर्णय गरिएको छ।

- आयोगको स्थापना देखि हीरक जयन्तीसम्मका विविध क्रियाकलाप तथा विभिन्न लेख रचना सङ्कलन गरी स्मारिका प्रकाशन,
- आयोगको कामकारबाही सम्बन्धी जानकारीमूलक वृत्तचित्र निर्माण,
- आयोगले अवलम्बन गरी आएका छनौट सम्बन्धी स्थापित विधि र प्रक्रियाका सम्बन्धमा विश्वविद्यालय सेवा आयोगका पदाधिकारीसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन,
- आयोगका पूर्व पदाधिकारी तथा कर्मचारीसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन,
- आयोगबाट सम्पादन गरिने कामकारबाही तथा सरकारी सेवा प्रवेशमा आयोगको स्वच्छ भूमिका, निजामती सेवा प्रवेशका सम्बन्धमा विभिन्न विद्यालय/विश्वविद्यालयमा जनचेतनामूलक र उत्प्रेरणाका कार्यक्रम सञ्चालन,
- आयोगमा कार्यरत कर्मचारी र आयोगको संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी विविध कार्यक्रम सञ्चालन,
- आयोगका कार्यसम्पादनका क्रममा महत्वपूर्ण र सुरक्षित राख्नुपर्ने अभिलेख व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने,

मुलुकको सार्वजनिक प्रशासन सञ्चालनका लागि आवश्यक उपयुक्त जनशक्ति छनौट गरी सिफारिस गर्ने महत्वपूर्ण जिम्मेवारी रहेको लोक सेवा आयोगको निर्णय प्रकृयामा वस्तुनिष्ठता, स्वच्छता र निष्पक्षता कायम गर्न अधिकतम् प्रशासनिक तथा आर्थिक स्वायत्तता सुनिश्चित हुन आवश्यक रहेको छ। दशकौं लामो सत्प्रयासबाट स्थापित आयोगको विशिष्ट कार्य प्रणालीको जगेर्ना गर्नका लागि आयोगका कर्मचारीहरूको अहम् भूमिका रहने हुँदा जनशक्ति परिचालनका विषयमा आयोगको स्वायत्तता रहनु अत्यावश्यक छ। आयोगको उच्च साख र छविलाई दृष्टिगत गर्दै नेपालको संविधानले विश्वास गरी थप अधिकार र जिम्मेवारी प्रदान गरेको यथार्थताका विपरीत साविकको लोक सेवा आयोग ऐन, २०६६ ले दिएको आर्थिक तथा प्रशासनिक अभ्यासहरूमा समेत सङ्कुचन हुने गरी जारी भएको लोक सेवा आयोग ऐन, २०७९ मा समावेश भएका केही व्यवस्थाहरू उपयुक्त नदेखिंदा पुनर्विचार गर्न आवश्यक रहेको छ।

आजको यस अवसरमा यो पनि सन्देश दिन चाहन्छु कि योग्यता प्रणालीलाई सीमित गर्ने गरी जहाँसुकैबाट जे जस्ता निर्णय भएपनि आयोगलाई मान्य हुँदैन। व्यक्तिगत स्वार्थका आधारमा करार, ज्यालादारी, अस्थायी,

आंशिक लगायतका नाममा नियुक्ति गरी पुनः निजहरूकै पक्षमा सीमित प्रतियोगिता गर्ने, त्यस्ता परीक्षामा उमेर हद नलगाउने, एक पटकका लागि मात्र भन्ने जस्ता गैर प्रतिस्पर्धी भावनालाई स्थान दिने र बढावा दिने कार्य लोकतन्त्रले स्थापना गरेको समानताको आधारमा सेवामा प्रतिस्पर्धा गर्ने मौलिक अधिकारको पनि उल्लंघन हुने हुँदा सबै जिम्मेवार निकायबाट यस्ता कार्य नहुने वातावरण सुनिश्चित गर्न र यस प्रकारका गलत प्रवृत्तिका विरूद्ध एकै ठाउँ उभिन सबैलाई अनुरोध गर्दछु।

लोक सेवा आयोगको ७५औं वार्षिकोत्सव एवम् हीरक जयन्ती मनाइरहेको यस ऐतिहासिक अवसरमा विद्यालय, कलेज र विश्वविद्यालयमा अध्ययनरत सम्पूर्ण उर्जावान भाई, बहिनीहरूलाई विदेशतर्फ आकर्षित हुनुभन्दा पनि लोक सेवा आयोगको परीक्षामा सम्मिलित भै देश सेवाको पवित्र अवसरको उपयोग गरी "हामीले नगरे देशको विकास कसले गर्ने" भन्ने मनमा अठोट सहित अगाडि बढ्न आह्वान गर्दछु।

अन्त्यमा, आयोगको हीरक जयन्तीका अवसरमा म आयोगलाई सम्मानीत संस्थाको रूपमा स्थापना र विकास गर्न योगदान पुऱ्याउनु हुने अग्रज, पूर्वपदाधिकारी तथा कर्मचारीहरू, विषय सम्बन्धी दक्ष विज्ञहरू तथा नेपाल सरकार, सङ्गठित संस्था, सुरक्षा निकाय, सञ्चार जगत तथा आम नेपाली दाजुभाई, दिदीबहिनी तथा प्रतिस्पर्धी युवा विद्यार्थीहरू सबै प्रति आभार तथा धन्यवाद प्रकट गर्दछु।

(गोरखापत्र, राष्ट्रिय दैनिकः १ असार, २०८२)

# योग्यता प्रणाली र लोक सेवा आयोग



किरणराज शर्मा,
सचिव, लोक सेवा आयोग

नेपालमा कर्मचारी छनौटको इतिहासलाई हेर्दा विक्रम संम्बत १९७३ को सनदबाट राणाहरूले कर्मचारी नियुक्तिका लागी कमाण्डरी किताबखाना (जसलाई दर्शन फाँट भनिन्थ्यो) स्थापना भएको देखिन्छ। नेपालको अन्तरिम शासन विधान २००४ मा 'दरखास्त परिषद्' नामले आयोगको परिकल्पना गरिएको थियो तर त्यो कार्यान्वयनमा आउन सकेन। प्रजातन्त्रको स्थापनापछि सरकारी कर्मचारीको नियुक्ती छुट्टै र स्वतन्त्र निकायबाट गर्ने उदेश्य सहित 'पब्लिक सर्भिस कमिशन' नामबाट वि.सं. २००८ साल असार १ गते लोक सेवा आयोगको स्थापना भयो। आयोगले सर्वप्रथम वि.सं.२००८ साल भाद्र १८ गते ६ पदका लागी विज्ञापन प्रकाशित गरी कार्य प्रारम्भ गरेको थियो। आयोग स्थापनाको ऐतिहासिक दिनलाई आधार मानी प्रत्येक वर्ष असार १ गते स्थापना दिवस मनाइदै आइरहेकोमा स्थापनाको ७५औं वर्ष पुरा भएकाले यसवर्ष आयोगबाट 'हीरक जयन्ती' वर्षभरी नै कार्यक्रम गरी मनाइदैछ।

नेपालको संविधानको भाग २३ अन्तर्गत धारा २४२ र २४३ मा आयोगको गठन तथा काम, कर्तव्य र अधिकारहरू व्यवस्था गरिएका छन्। निजामती सेवामा नियुक्तिका लागि आवेदन दिएका मध्ये योग्य उम्मेदवारको छनौट गर्नु आयोगको प्रमुख कार्य रहेको छ। आयोगको कार्यक्षेत्र केवल निजामती सेवामा सीमित नरही सुरक्षा निकाय तथा अन्य सङ्घीय सरकारी सेवा तथा संगठित संस्थाहरूका लागि आवश्यक लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी समेत आयोगलाई प्राप्त छ। यसका अतिरिक्त सरकारी सेवाका सेवाशर्त सम्बन्धी परामर्श दिने संवैधानिक भूमिकासमेत निर्वाह गर्दै आएको छ। निजामती सेवा लगायत सुरक्षा निकाय तथा अन्य सङ्घीय सरकारी सेवा तथा संगठित संस्थाहरूका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषय, सेवाको शर्तसम्बन्धी कानूनको विषय, सङ्घीय निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषय, छ महिनाभन्दा बढी समयका लागि स्थायी नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषय, सङ्घीय निजामती सेवाको कर्मचारीलाई दिइने विभागीय सजाय लगायतका विषयहरूमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। यस्तो संवैधानिक व्यवस्थाले आयोगको प्रभाव, विश्वसनीयता र उत्तरदायित्वको दायरालाई अझ व्यापक बनाएको छ भने योग्यता प्रणालीको संरक्षण र सार्वजनिक सेवाको गुणस्तर, पारदर्शिता र जवाफदेहिता अभिबृद्धि एवं समावेशी, सक्षम र उत्तरदायी शासन प्रणाली निर्माणमा यस्को महत्वपूर्ण योगदान रहेको छ।

नेपालको सन्दर्भमा लोक सेवा आयोग योग्यता प्रणालीको पर्याय बनेको छ। निष्पक्षता र क्षमताको मापदण्डमा आधारित मूल्य प्रणाली विकास गर्ने मूल केन्द्र बनेको छ। वेलायतमा प्रचलनमा रहेको योग्यता प्रणाली भनेको कुनै पनि पदमा नियुक्ति गर्दा त्यसका लागि आवश्यक मापदण्ड पूरा गर्ने उत्कृष्ट व्यक्तिलाई रोजिनुपर्छ भन्ने हो। काम गर्न योग्य नहुँदासम्म कसैलाई नियुक्त गर्नु हुँदैन, र त्यो जिम्मेवारी त्यसैलाई दिनुपर्छ जो सो कार्य सबैभन्दा प्रभावकारी रूपमा गर्न सक्दछ भन्ने मान्यता वेलायतको योग्यता प्रणालीले राख्दछ। नेपालमा पनि हरेक क्षेत्रमा योग्यताको कदर, कामको सम्मान, कार्यसम्पादनको आधारमा मात्र मूल्यांकन गर्ने प्रणाली र नेतृत्वबाट प्रणालीमा सुनिश्चितता विकास भएमा नेपालमा क्रमशः योग्यता प्रणाली थप सुदृढ हुदै जाने अपेक्षा गर्न सकिन्छ। 'सार्वजनिक वा सरकारी सेवा सबैभन्दा योग्य जनशक्तिले मात्र गर्न पाउनु पर्दछ' भन्ने योग्यता प्रणालीको आधारभूत मान्यतालाई लोक सेवा आयोगले आत्मसात गरेको छ। आयोगले सम्पादन गर्ने हरेक कार्यमा 'योग्यता प्रणाली मर्नु हुँदैन' भन्ने

मर्मलाई व्यवहारमै लागू गर्ने गरिएको छ। योग्यता प्रणालीले सार्वजनिक पदमा राजनीतिक वा अन्य कुनै पनि प्रकारको आग्रह वा पहुँच र शक्तिका आधारमा विश्वास पात्रहरूले मात्र अवसर पाउने पद्दतिलाई पूर्णरूपमा निषेध गर्दछ। योग्यता प्रणालीका तत्वहरू कार्य सम्पादनको गुणस्तर, ल्याकत, ज्ञान, सीप र व्यक्तिगत गुणलाई आधार मान्ने विश्वव्यापी परिपाटी कायम गरिएको छ। आयोगले विगत र वर्तमानको कुशल नेतृत्वबाट आफ्नो संवैधानिक भूमिका प्रभावकारी रूपमा निभाउन सफल भएको छ। वर्तमान अवस्थामा समेत आयोगले आफ्नो संवैधानिक भूमिका निर्वाहमा कुनै कमी हुन दिएको छैन। सीमित स्रोतभित्र रहेर पनि संस्थाले योग्यता प्रणालीको जगेर्ना र प्रवर्द्धन गर्ने कार्यमा निरन्तर अग्रसरता देखाएको छ। लोक सेवा आयोगले आर्जन गरेको विश्वासिलो छविले यस कुरालाई पुष्टि गरेको छ।

आयोगले समयको माग र सार्वजनिक प्रशासनका सम्बन्धमा आएका नवीनतम अवधारणा तथा चुनौतीहरूको सामना गर्न सक्षम जनशक्ति भित्र्याउन समय सापेक्षरूपमा परीक्षण विधि, पाठ्यक्रम र परीक्षा प्रणालीमा निरन्तर सुधार एवं परिमार्जन गर्दै आएको छ। एसेसमेन्ट सेन्टर मेथोडोलोजीका नवीनतम विधिहरूको प्रयोगलाई बढाउँदै लगिएको छ। पदपुर्ति प्रकृयामा सहभागी हुने आयोगका पदाधिकारी, कर्मचारी तथा विज्ञहरूलाई आचरसंहिताको व्यवस्था गरिएको छ र त्यस्को सूक्ष्म अनुगमन आयोगबाट हुँदै आएको छ। उत्तरपुस्तिकाको दोहोरो संकेतीकरण पद्धतिले परीक्षार्थीको परिचय गोप्य राख्न सहयोग गरेको छ र मूल्यांकन प्रक्रियामा जानपहिचान र पक्षपातको सम्भावना हटेको छ। एकै उत्तरपुस्तिकाको दोहोरो परीक्षण पद्धतिले परीक्षकहरूबीच उत्पन्न हुन सक्ने व्यक्तिगत आग्रह र पूर्वाग्रह हटाउने र नतिजा यथार्थपरक बनाउने काम गरेको छ। यति मात्र नभई आयोगले प्रविधिमैत्री सुधारको प्रक्रियालाई पनि उच्च प्राथमिकता दिएको छ। प्रारम्भिक र मुख्य परीक्षाका अधिकांश वस्तुगत प्रश्नहरूमा OMR उत्तरपुस्तिका प्रयोग भएबाट परीक्षणमा गुणस्तरीयता अभिबृद्धि हुनका साथै मानवीय त्रुटी एवं कमिकमजोरी हुने सम्भावना न्यून भएको छ। व्यक्तिगत विवेकमा आधारित निर्णय घटाउँदै प्रष्ट मापदण्डका आधारमा मूल्यांकन हुने पद्दति स्थापित भएको छ। यी प्रयासहरूबाट परीक्षा प्रणाली अझ सुदृढ, वस्तुगत मापनयोग्य र निष्पक्ष हुदै गएको छ। योग्यता प्रणाली सबल बन्दै गएको छ र परीक्षार्थीहरूमा प्रणाली भित्रको 'प्रक्रिया' प्रतिको विश्वास अझ दरिलो भएको छ।

आयोगको सेवा प्रवाहमा परीक्षार्थी तथा आम नागरिकहरूलाई सहज पहुँचको सुनिश्चितताका लागि आयोगले आधुनिक प्रविधिको प्रयोगलाई प्राथमिकता दिएको छ। आयोगका कामकारबाही सूचना प्रविधिमा आधारित बनाउँदै लगिएको छ। अनलाईन दरखास्त प्रणालीको सञ्चालनले आवेदन प्रक्रियालाई छिटो, छरितो र पारदर्शी बनाएको छ। आज देश विदेशको जुनसुकै कुनाबाट लोक सेवा आयोगको परीक्षामा सहभागी हुन आवेदन दिन सकिन्छ। परिक्षा दस्तुर अनलाईन सेवाको प्रयोग गरी घरैबाट वा बैंकमार्फत् नै बुझाउन सकिन्छ। यसबाट परीक्षार्थीहरूको श्रम, समय र लागतमा उल्लेख्य बचत भएको छ र सेवा प्राप्तिमा सहज भएको छ। परीक्षामा सहभागी हुन पाउने अवसरबाट कोही वञ्चित हुन नपरोस् भन्ने ध्येयका साथ परीक्षा केन्द्रहरूलाई विस्तार गरी थप उपकेन्द्रहरूको व्यवस्था गरेर ग्रामीण तथा दुर्गम क्षेत्रका परीक्षार्थीहरूलाई परीक्षाको पहुँचमा ल्याउने निरन्तर प्रयास भएको छ। मोबाईल एप्स तथा आयोगको आधिकारिक वेबसाईटमार्फत सूचना र सेवा प्रवाहमा सुधार आएको छ। फाराम स्वीकृत भए नभएको जानकारी एवं प्रवेशपत्र वेबसाईटमार्फत् नै प्राप्त गर्न सकिन्छ। नतिजा प्रकाशित हुनासाथ सिफारिस भएको जानकारी एसएमएस मार्फत सम्बन्धित उम्मेदवारलाई जानकारी दिइन्छ। अन्तरवार्तामा सहभागी भएका उम्मेदवारले निश्चित प्रकृया पूरागरी अनलाईनबाटै प्राप्ताङ्क समेत हेर्न सक्ने व्यवस्था गरिएको छ। यसले आयोगलाई डिजिटल युगमा अग्रसर गराएको छ भने सेवाग्राहीलाई सेवा प्राप्त गर्न सहज बनाएको छ।

संवैधानिक जिम्बेवारीलाई अझ प्रभावकारी वनाउन आयोगले रणनैतिक योजना तयार गरी कार्यान्वयन भैरहेको छ। आयोगका असल अभ्यासहरू अन्य निकायले समेत आफ्नो कार्यप्रणालीमा समावेश गरेका छन्। प्रदेश लोकसेवा आयोगहरूले आयोगको सामान्य सिद्धान्तहरूलाई आधार मान्ने गरेका छन्। लोक सेवा आयोग निश्पक्षताको कारण नेपाली युवा जनशक्तिको आकर्षणको केन्द्र बनेको छ तर निजामती सेवामा आकर्षण वृद्धि गर्नुपर्ने अवस्था छ। यस संस्थाप्रति आम नागरिकमा रहेको भरोसा, योग्यता प्रणालीप्रतिको उच्चतम प्रतिबद्धता, निष्पक्ष र समन्यायिक कार्य प्रकृया एवं आयोगको स्वच्छ छविका कारण लाखौं युवालाई सरकारी सेवातर्फ आकर्षित गरेको छ। वर्षेनी ५ लाख हाराहारीमा युवाहरूले आयोगमार्फत् सार्वजनिक सेवामा प्रवेश गर्न आवेदन दिने गरेका छन्। सुरक्षा निकाय तथा संगठित संस्थाहरूको लिखित परीक्षासमेत लोक सेवा आयोगबाट नै हुने हुँदा आयोग र योग्यता प्रणालीप्रतिको जनविश्वास झनै बढेको छ। सरकारी सेवा प्रवेशमा समान अवसर र योग्यतामा आधारित छनौटको सूनिश्चितता हुन्छ भन्ने नागरिक विश्वास झनै बलियो हुँदै आएको छ।

आयोगले आफूलाई अब्बल साबित गर्दागर्दै पनि आयोगलाई चिन्तित बनाउने केही सवालहरू भने रहेका छन्। आयोगको सुपरीवेक्षण तथा निरीक्षण सम्बन्धी कार्यहरूलाई थप प्रभावकारी बनाउनुपर्ने छ। आयोगलाई आफ्नो कार्य प्रभावकारी रूपमा सम्पादन गर्न आवश्यक पर्ने स्रोतसाधनको व्यवस्था नेपाल सरकारबाट भइरहेको अवस्था भए तापनि पर्याप्त भई नसकेको अवस्था छ। आयोगका केही कार्यालय भवनहरू निकै जिर्ण अवस्थामा छन्। सवारी साधन तथा अन्य उपकरणहरू समेत आयोगको कार्यजिम्मेवारी अनुरूपका नहुँदा कार्यसम्पादनमा बेलाबखत समस्या हुने गरेको छ। योग्यता प्रणाली लगायत आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने विषयहरूमा आयोगबाट प्रदान गरिने परामर्श तथा सुझाबहरूको कार्यान्वयन स्थिति कमजोर रहेको छन्। योग्यता प्रणाली भर्ना छनौट सिफारिसमा मात्र होइन, सार्वजनिक क्षेत्रका हरेक आयामहरूमा लागू हुनुपर्दछ भन्ने आयोगको सिद्धान्त वा मर्मको आन्तरिकीकरण सबै क्षेत्रमा हुन सकिरहेको छैन।

विभिन्न आरोह अवरोह तथा अन्तरदवावहरू पार गर्दै आयोगले ७५ वर्षको लामो यात्रा पूरा गरी आजको उचाइ हासिल गरेको अवस्था हो। आयोगको यस हीरक जयन्ती महोत्सवको सुखद क्षण र गर्विलो इतिहास निर्माण गर्ने तथा आयोगको श्रीबृद्धिमा योगदान गर्ने पूर्वजहरूको योगदान निकै स्मरणिय छन् र भइरहने छन्। स्थापनाकालदेखी हालसम्मको निरन्तर सुधारले नेपालमा योग्यता प्रणालीलाई संस्थागत गर्ने बलियो आधार तय भएको छ। विगतदेखिको अनवरत प्रयास तथा असल अभ्यासहरूको निरन्तरताबाट आयोगप्रतिको विश्वास, यसको कार्य प्रक्रिया र कार्यशैली आम सार्वजनिक सेवा क्षेत्रमा उच्च बनेको छ। संस्थागत सुधार, प्रविधिको प्रयोग, प्रक्रियागत सरलीकरण र योग्यता प्रणालीप्रतिको अटुट विश्वास र पहरेदारीको कारणले आयोग संस्थागत संस्कृतिको रूपमा पनि आफूलाई स्थापित गर्न सफल भएको छ र यस्को निरन्तरता पनि जरूरी छ। आयोगको कार्यसम्पादनलाई अझ प्रविधिमैत्री, समावेशी र परिणाममुखी प्रणाली विकास गर्दै योग्यता प्रणालीलाई अझ सुदृढ र व्यापक बनाउदै लैजाने कार्यमा सबै सरोकारवालाहरूको सक्रिय सहभागिता, सहयोग र सद्भाव आवश्यक हुन्छ। नवप्रवर्तन, मानव स्रोत विकास, अन्तर्राष्ट्रिय अभ्यासहरूको अध्ययन तथा उपयुक्त अनुकरणमार्फत् आयोगले योग्यता प्रणालीको संरक्षण र प्रवर्द्धनको मार्गमा आफ्ना कार्यहरूलाई विश्वस्तरीय मानकमा उभ्याउन आयोग सदैव प्रयत्नरत रहेको छ र भविश्यमा पनि रहनेछ।

(गोरखापत्र, राष्ट्रिय दैनिकः १ असार, २०८२)

# छनौट ईतिहास र लोक सेवा आयोगको परीक्षण प्रविधि



खगेन्द्रप्रसाद सुबेदी,
मुख्य मनोविज्ञानवेत्ता, लोक सेवा आयोग

मानिसमा राज्यको अवधारणाको विकास संग सगै कार्य विभाजनले स्थान पायो। राजाले मन्त्री छान्दा कस्तो छान्ने भन्दा चाणक्यले भनेका छन् " जो आफ्नै देशको होस्, घराना परिवारमा जन्मिएको होस्, र राजाको नियन्त्रणमा काम गर्ने होस्। उसले सबै कलाको सीप प्राप्त गरेको हुनु पर्दछ साथै दूरदृष्टी भएको, तार्किक क्षमता रहेको व्यक्ति हुनु जरूरी छ। उक्त व्यक्ति बुद्धिमान, अरूलाई कुरा बुझाउन सक्ने क्षमता भएको, बोल्न, लेख्न सिपालु, कार्य तत्परता भएको, शाहसी, बहादुर, दुःखपूर्ण अबस्थामा पनि विचलित नभइ समस्याको सामाना गर्न सक्ने, बफादार हुन पर्दछ। ऊ न त हठ स्वाभावको न त साह्रै हल्का, मध्यम प्रकृतिको हुनपर्दछ। उक्त उच्च तहको मन्त्री जनताको मन सजिलै जिन्न सक्ने, जनताको माझ रमाउन सक्ने, अरूको मन नदुखाउने प्रकृतिको हुनुपर्छ।" यसरी चाणक्यले उच्च तहमा राज्यको तर्फबाट काम गर्ने मन्त्री हुन र उच्च तहका अन्य पदाधिकारीको छनौटमा माथि उल्लेख गरिएको पृष्ठभूमी र गुण भएको खण्डमा उक्त व्यक्तिले राज्यको(तत्कालिन राजाको) अपेक्षा पूरा गर्न सक्छ भन्ने थियो।

विश्वमा लिखित परीक्षाको प्रारम्भ चीनको सू-राजतन्त्रकालको इ.सं. ६०५ मा सुरू भई १३०० बर्ष पछि क्वीन राजतन्त्रको काल सन् १९०५ सम्म पनि रहयो। उक्त पद्धतिलाई इ.सं. १८०६ मा विशेष प्रकृतिका पदमा उम्मेद्वार छनौट गर्ने प्रयोजनार्थ इण्ल्याण्डले "हर मेजेष्टीको सिभिल सर्भिस"मा अपनायो। आधुनिक युगमा आइपुग्दा उन्नाइसौं शताव्दीसम्ममा योग्यता प्रणालीमा आधारित छनौट प्रणालीको स्थापना हुनपुग्यो। सन् १८०६ मा ब्रिटीश इष्ट इण्डीया कम्पनीले लण्डनमा परीक्षा प्रशासनको प्रशिक्षणका लागि एउटा कलेज खोल्यो। सन् १८२९ मा उक्त कम्पनीले सिभिल सर्भिस शव्द प्रयोग गर्यो। भारतमा कर्मचारी छनौट गर्ने प्रयोजनका लागि सन् १८५३ मा विलियम ग्लाडस्टोन, सर स्टाफोर्ड नर्थकोट र चाल्स ट्रेभेलीयनको समितिले सिभिल सर्भिसको संगठन र कार्यान्वयनका तरिका बारे काम गरे परिणामत परिक्षाका लागि मापदण्डसहितको लिखित परिक्षा, सामान्य शिक्षा, अन्तरविभाग सरूवा, पदसोपान, बढुवा लगायतका बिषयमा सिफारिस गरयो र त्यसको प्रभाब संसारभर पर्न गयो।

नेपालमा पनि त्यसको प्रभाव नपर्ने कुरै भएन, पृथ्वीनारायण शाहले राज्य एकिकरणको क्रममा लिएको अनुभबका आधारमा उनले एकिकरणको मूलध्येयमा ठेस नपुग्ने गरी भाई भारदारको इच्छा पुरा गरे। पृथ्यीनारायण शाहले नेपाल एकिकरण गर्दाको वखत सेनाको तयारी गरेका थिए। उनले भाइभारदारलाई दिव्योपदेश दिदा छनौटका लागि केही जातहरूलाई सिफारिस गरेको पाइन्छ जसमा लडाका जातको रूपमा **"खस, मगर, गुरूङ्ग र ठकुरी मिलाएर सेनामा भर्ना गर्नु यी चार जातबाट बैरी (शत्रु) त के इन्द्रको आसन पनि डग्मगाउदछ"** भनेका छन्। **अनजानलाई ठूलो पद नदिनु, पुराना सेवकहरूलाई आफ्नो निकटमा राख्नु, पाँडे, बस्नेत, पन्त, मैयाद, मगरलाई आलोपालो गरी पद दिनु** भनि त्यसवेला काम, जात र थर भएका विशेष गुण एवं स्वभाव र पृष्ठभूमिका आधारमा पहिलो प्राथमिकतामा राखेको पाइन्छ। अनजानलाई ठूलो अधिकार नदिनु भन्नु नै उसको गुण र स्वभावको पुष्टयाइ भई सुनिश्चित नहुन्जेल सतर्क रहने र निगरानीमा राखिरहने भनेको हो।

नेपालको अन्तरिम शासन विधान २००७ को प्राबधान अनुसार वि.सं. २००८, असार १ गते पव्लिक सर्भिस कमिसनको स्थापना भयो।जसको हिरक बर्ष यो बर्ष मनाइरहेको छ | देशमा राणाकालमा पक्षपातपूर्ण व्यवहारको कारण निष्पक्षताको कडी नै प्रमुख ओखती भएकोले त्यो एजेण्डालाई लोक सेवा आयोगले परीक्षणको मुख्य औजार बनायो। यसरी आजसम्म बनेका संविधानमा लोक सेवा आयोगको निरन्तर प्रावधान रहेको छ। संस्थानका कर्मचारी छनौटमा लोक सेवा आयोगमा हाल गरेको व्यवस्था वि.सं. २०२३ सालमा पनि गरेको थियो र पछि विविध कारणबाट हटाएको इतिहास छ। लोक सेवा आयोगले उपलब्ध जनशक्तिलाई मध्यनजर गरी स्थापनाकालका बखतमा अप्राविधिक तर्फको जनशक्ती छनौटमा लिखित परिक्षा लिएता पनि कतिपय प्राविधिक पदमा उम्मेद्वार नै नपाइने हुँदा अन्तरवार्ताबाट मात्र छनौट गरिन्थ्यो। वि.सं.२००७ सालको क्रान्तिपश्चात् सर्वसाधारणहरूलाई पढ्न पाउने व्यवस्था भएपछि नेपालमा औलामा गनिनसक्ने स्नातकहरू रहेको अवस्थामा सवैलाई लिखित परीक्षा पनि कति सम्भव थियो र। तत्कालिन समयमा कामकाजमा आवश्यक पर्ने गणित, इतिहास, भूगोल र प्रशासनिक व्यवस्थाका विषयहरू बाहेकको विकल्प थिएन। कर्मचारी छनौट प्रणालीमा वेलायतको प्रभाव स्वभाविकरूपमा पर्यो। सेनामा भर्ना गर्ने विधिहरू अन्तर्राष्ट्रिय स्तरको स्थापित भएता पनि निजामती तर्फ त्यस्तो अभ्यास भएको थिएन र विषयको ज्ञान र निष्पक्षता तथा तटस्थता नै कर्मचारी छनौटमा प्रमुख ध्येय बन्यो। विषयगत परीक्षा प्रणाली प्रारम्भमा सुरू भएता पनि वि.सं. २०२४ सालदेखि आयोगमा मनोविज्ञानका विशेषज्ञ (स्व. माधव बहादुर सिंह कार्की) प्रवेश गराएपछि वस्तुगत परीक्षा प्रणाली समेतको आरम्भ भई विषयगत र वस्तुगत दुवै परीक्षा प्रणाली अवलम्वन हुन् पुगे। वि.सं.२०२४ सालमा परीक्षण प्रविधि शाखामा मनोवैज्ञानिकहरूलाई स्थापित गराएपछि आइ.क्यू. परीक्षा, समूह योजना, सामुहिक छलफल, मौजुदा लेखन जस्ता विषयहरू श्री माधव बहादुर सिंह(मनोवैज्ञानिक) को परामर्श र सक्रिय सहयोगमा बस्तुगत परीक्षा प्रणाली प्राविधिक पदतर्फ एबम तत्कालिन शैक्षिक परीक्षा प्रणाली अनुरूप आयोगको परीक्षा पद्धतीमा अभियोजन भयो।

लिखित परीक्षा (बिषयगत वा बस्तुगत) सबै ज्ञानको तहमा मात्र परीक्षणको रूपमा रहे, मूख्य बिषय निष्पक्षता कायम गर्नु थियो। विशेष गरी छनौट प्रणालीलाई वस्तुनिष्ठ र निष्पक्षता उन्मुख गराउने विषयमा पाठ्यक्रम निर्माण भए उक्त पाठ्यक्रमले नेपालको शैक्षिक पाठ्क्रम र त्यसका खास विषयबस्तुलाई जस्तै भूगोल, इतिहास, संस्कृती, नेपालको परिचय, सामान्य अंक गणितिय ज्ञान र पेशासंग सम्वन्धित विषयबस्तुवाट प्रारम्भ भएको कर्मचारी छनौटको पाठ्यक्रम आखिर क्रमिक सुधार भएता पनि त्यहि सेरोफेरोमा परिवर्तन भइ रहे। आजसम्म आउँदा केहि सुधार देखिए पनि त्यसले उम्मेद्वारको ज्ञानको परिक्षण गर्दै निष्पक्षताको काम गरेको छ। सुधारका पहल निरन्तर भएको छ, लोक सेवा आयोगले बिभिन्न श्रेणीमा कुन स्तरका प्रश्न सोध्ने भन्ने बिषयमा बि.स. २०६३/२०६४ मा ज्ञानका तहलाई तीन वटा क्षेत्रमा जस्तै अबधारणात्मक ज्ञान, प्रकृयात्मक ज्ञान र उच्च संज्ञानात्मक ज्ञान भनि बर्गिकरण गरियो |उक्त तीन वटै तहमा प्रयोग हुने क्रियापद समेत उल्लेख भएका छन् |त्यसको परिपालानाले प्रश्नको स्तरलाइ थप स्तरीय कायम गर्न मद्दत पुगेको छ|तथापि जनचाहानाको अपेक्षासंग अझै परिक्षणका विधिको प्रयोग र भार मिलाउनु जरूरि छ |

परिक्षण विधिको आधुनिक सुधारस्वरूप बि.स. २०७३ सालदेखि लोक सेवा आयोगले निजामति सेवाको लागि आधुनिक परीक्षाको रूपमा रा.प. प्रथम श्रेणिका अधिकृतका लागि मामिला प्रस्तुतिकरण र बि.स. २०७५ सालदेखि रा.प. द्वितीय श्रेणीका अधिकृतका लागि इन वास्केट अभ्यासलाई सुरू गरिसकेको छ। रा.प. प्रथम श्रेणीको सक्षमता सर्वेक्षणको आकडाबाट पाइएको हुनाले त्यसलाई परीक्षणको रूपमा राखियो जसमा आफ्नो कार्यक्षेत्रको जिम्मेवारीमा पर्ने उक्त तहको पदमा आइपर्ने कुनै घटना बिशेष समस्याको रूपमा दिई प्रस्तुती तयारि गराई मुल्यान्कंकर्ता समक्ष प्रस्तुती दिनु पर्दछ भने रा.प.द्वितीय श्रेणीको उपसचिव वा सो सरह तहको

पदमा दैनिक विभिन्न पत्र, इमेल, फ्याक्स, टिप्पणी, आन्तरिक पत्र, निर्देशन, सम्पन्न गर्नुपर्ने टेलिफोनबाट आएका मेसेजहरूको कामकारबाही मार्फत प्रकरणहरूको जरूरीपन, मानवीयता, विशिष्टता, संवेदनशिलता, समयको सिमितता आदिका आधारमा काम कार्वाही अगाडी बढाउनु पर्ने, कार्यहरूलाई यथासमयमा नै प्राथमिकिकरण गरी औचित्यका आधारमा पुष्ट्याईसहित सम्पन्न गर्ने, गराउनु पर्ने हुन्छ। कुन काम पहिले र पछि गर्नुपर्दछ भन्ने विषयको परीक्षण उक्त इन बास्केट अभ्यासमा परीक्षण सामग्री मार्फत गरिन्छ। इन वास्केट अभ्यास कुनै लेखपढ गरेर जान्ने विषय होइन, यो परीक्षण सामान्यत कुनै पनि अधिकृत तहमा काम गरीसकेको व्यक्तिको आफ्नो कार्यसम्पादनको तरिकाको बारेमा जानकार र दत्तचित्त भई आफैले अधिकृत तहमा जहासुकै काम गरेको व्यक्तिका लागि एकदमै सहज विधि हो। त्यसमा सैद्धान्तिक लेख्ने विषय केही हुँदैन। निर्देशन पनि मानक रूपमा परीक्षापूर्व नै अध्ययन गर्न दिएको हुन्छ, त्याहा केवल काम गर्नु पर्ने बास्केट भित्र रहेका उक्त कामहरू कुन पहिले गर्ने, किन पहिला गर्ने, उक्त कार्य सम्पन्न गर्नलाई के के गर्नु पर्दछ भने कुरामात्र अथवा कसरी गर्ने भन्ने विषय मात्र निर्देशन र फर्म्याट दिए अनुसार गर्नुपर्ने हुन्छ। अरू परीक्षाजस्तो यो अध्ययन गरेर आउने परीक्षा होइन, यो त अकल लगाउने परीक्षा हो। यी परीक्षा विभिन्न चरणका परीक्षाहरू समाप्त भइसकेपछि अन्तर्वार्ताको चरणमा पुगेका सिमित उम्मेदवारहरूलाई मात्र लिइने गरिन्छ। यो विधि व्यक्तिको विभिन्न क्षमताको परीक्षण गर्न र कार्यसम्पादन शैली र विषयको गाम्भिर्यता पहिल्याउन सक्ने व्यक्तिको तुलना गर्न अति नै उत्तम परीक्षणको रूपमा लिइन्छ। विज्ञहरूले यसलाई अहिले सम्मकै उत्कृष्ट परीक्षण सामाग्रीको रूपमा लिएको पाइन्छ। यसर्थ समय सापेक्ष विश्व परिवेशसँग सामना गर्न सक्ने जनशक्ति छनौट गर्न सैद्धान्तिक ज्ञानका साथै बढी व्यवहारात्मक पक्षको परीक्षण गर्नु आजको अपरिहार्यता र सेवाग्राहीको माग अनुकुल हुन्छ। तटस्थता, निष्पक्षताका साथै व्यवहारको परीक्षणमा जोड दिदै जानुले योग्यता प्रणालीको कदर हुन्छ।

सुचना प्रविधिको तिब्रत्तर बिकास संगै सर्वसाधारण सेवाग्राहीहरूले सेवा प्रवाहको लागि नीति निर्माणमा संलग्न हुने उच्च पदाधिकारी देखि कार्यान्वयनको तहमा रहने कर्मचारी वर्ग सबैलाई प्रभावकारी नीतिको अभाव र कार्यान्वयनमा ढिलासुस्ति र आचरण तथा व्यवहारमा खोट देखाउने गरेका छन्। यसको मतलब समय अनुसार सुधारको गुञ्जायस प्रसस्तै छन्। हामिले हाम्रो यस सवालको सुधारको लागि घस्रने होइन दौडने बेला भइसकेको छ। अब हामी हाम्रो आफ्नो कार्य क्षेत्र बढेको सन्दर्भमा संसारका उत्कृष्ट छनौट विधिहरूसंग मिल्दा आधुनिक छनौटका बिधिहरू अनुकुलनगरि द्रुत नतिजा दिने खालका परिक्षण बिधिहरू अवलम्वन गर्नु पर्ने बेला भइसकेको छ। सेवा प्रवाहमा चाहिने मनोवृत्ति, सेवाभाव, रचनात्मकता, राष्ट्र सेवाको भावना बोकेको र अनुशासित भइ कर्मक्षेत्रमा सबै सेवाग्राहीसंग समान सेवाभाव राखि न्यायपूर्ण र बिबेकपूर्ण तरिकाले कार्यसम्पन्न गर्ने चरित्रवान कर्मचारी भित्र्याउनु जरूरी छ। यसका लागि संज्ञानात्मक परीक्षणको भन्दा बढी व्यवहारात्मक पक्ष (जस्तै मनोवृत्ति, सेवाग्राही केन्द्रित मनोवृत्ती परीक्षण, कार्य नमूना परीक्षण, व्यक्तित्व परीक्षण, अनुशासन परीक्षण, कार्य तत्परता परीक्षण, नयाँ बिषय सिक्न सक्ने क्षमता परीक्षण, इमान्दारीता, विश्वसनीयताको परीक्षण) संग सम्वन्धित आधारभूत कार्यसंग सम्बन्धित कलाकौशल, व्यवहारात्मकशैली परिक्षण बिधिहरू अपनाउनु जरूरी छ।व्यक्तिमा बुद्धि भएर मात्र हुदैन त्यसलाई बिबेकमा रूपन्तरित गरिएन भने, कसैले जानेर पनि काम गरेन भने त्यसको के काम, कसैसंग ज्ञान छ त्यो ज्ञानलाई कार्यशैलीमा रूपान्तरण गर्ने सीप छैन भने पनि त्यसको नतिजा प्रभावकारी आउदैन।बुद्धि र बिबेक फरक कुरा हो भने बिषय जान्नु र कर्ममा उतार्नु फरक बिषय हुन् ।परीक्षण गर्ने निकायले राज्य र जनता अपेक्षित क्षमता, गुण र व्यवहारका खास खास विशेषताको परीक्षण गर्ने परीक्षण प्रविधिमा द्रुतरूपमा रूपान्तरित हुनु जरूरी छ। आजको परिवर्तित सन्दर्भमा लोक सेवा आयोगले आफ्नो परीक्षण प्रविधि सुधार गर्न अनुकुल वातावरण तयार

गर्नु जरूरी छ र यसको लागि आवश्यक अन्य पूर्वाधारमा सम्वन्धित सबैको सहयोग अपेक्षित रहन्छ। आज लोक सेवा आयोग हिरक महोत्सब मनाउने दिनमा पुगेको छ,यसले धेरै लामो कार्य अनुभव बोकेको छ। बर्तमान संविधानले आयोगलाई थप संबैधानिक जिम्मेवारी दिएको छ, बि.स.२०८२ भर ७५ बर्ष पुगेको उपलक्षमा आयोगले हिरक महोत्सबमा उत्साही कार्यहरू गरिरहने छ, २०८२ जेष्ठ ३० गते योग्यता प्रणालीका बिधिहरूलाइ स्थापित गराउन प्रारम्भिक योगदान गर्ने तत्कालिन आयोगका सचिब स्व. भुवनमान सिंह प्रधानको सम्झना स्वरूप आयोगको सभाहलको नामाकरण गरी उद्घाटन आयोगका माननीय अध्यक्ष माधबप्रसाद रेग्मीले गर्नु भइ योग्यता प्रणालीको धरोहरलाइ सदा सम्बर्धन गर्नु पर्ने संदेश दिईएको छ। जे होस् बुद्धि र ब्यबहार दुबैको परिक्षण गर्नु गरूरी छ, आयोगको हिरक जयन्तीमा हामि सबैलाई बधाई र शुभकामना छ। यसैमा राज्यको कुशल कर्मचारी छान्ने गहन संबैधानिक जिम्मेवारी रहेको छ र मुलुकको सम्वृद्धिमा केहि योगदानको आशा गर्न सकिन्छ।

(गोरखापत्र, राष्ट्रिय दैनिकः ३१ जेठ, २०८२)

# *स्वर्णिम* इतिहास, गर्विलो वर्तमान र आशलाग्दो भविष्य

*(परिणाममुखी शासकीय प्रवन्धका लागि लोक सेवा आयोगको भावी यात्रा)*




**देवीप्रसाद सुवेदी,**
**उपसचिव, नेपाल सरकार**


नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ६४ मा पव्लिक सर्भिस कमिशनका रूपमा जन्म भएको लोक सेवा आयोगको मुख्य जिम्मेवारी सार्वजनिक सेवाका पदमा कर्मचारी छनोट प्रकृयामा निष्पक्षता र योग्यता सुनिश्चित गर्नु रहेको थियो। केन्द्रीकृत राजतन्त्रबाट हाल संघीय लोकतान्त्रिक गणतन्त्रसम्म शासन व्यवस्थासम्मका विभिन्न उतार-चढावहरूले आयोगको संस्थागत क्षमता पनि अभवृद्धि गर्दै लगेका छन्। विक्रम सम्बत् २०१७ सालमा आयोगका काम कारवाही निलम्बनमा राखे देखि आयोगको कार्यक्षेत्रमा सुरक्षा निकाय तथा सार्वजनिक संस्थानको काम राखे र हटाउने क्रम पनि चल्यो। तर हाल यी सवै निकायहरूमा पदपूर्तिका लागि लिइने परीक्षा र त्यसको नीतिगत प्रवन्धका लागि आयोगलाइ संबैधानिक जिम्मेवारी प्राप्त छ। मुलुक संघीय शासन प्रणालीमा गएपश्चात् नेपाल सरकारको विशेष अनुरोधमा निकै छोटो अवधिमा आयोगले सम्बैधानिक जिम्मेवारी वाहेकको स्थानीय सरकारका लागि ९ हजार १६१ कर्मचारीहरू छनोट गरी नियुक्तिका लागि पठायो। यसले आयोगको प्रशासनिक सक्षमता मात्र पुष्टि गरेन, नयाँ संघीय प्रशासनिक संरचना संस्थागत गर्न समेत ठूलो सघाउ पुर्यायो।

**वर्तमान सशक्त पक्षहरू**

प्रक्रियागत अनुशासन, संस्थागत संस्कृति र संवैधानिक सुरक्षा लगायतका पूर्वाधारका कारण आयोग जनविश्वास प्राप्त पद्दतिमा आधारित संस्थाका रूपमा स्थापित भएको छ। प्रश्नपत्र तयार गर्ने प्रक्रिया देखि परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्मका प्रकृयामा कडा निगरानी र सुस्पष्ट प्रकृयाका कारण आयोग अनियमितताबाट टाढा रहन सफल भएको छ।

विभिन्न विषयविज्ञहरूबाट तयार भएका धेरै प्रश्नहरूलाइ परिमार्जन गरी तयार भएका केही सेट प्रश्नवाट कोडका आधारमा परीक्षाका लागि प्रयोग हुने प्रश्न-सेट छानिने; परीक्षा केन्द्रहरूमा वहु-तहबाट यथासमयमा अनुगमन हुने, उम्मेद्वारको पहिचानरहित स्वरूपमा उत्तरपुस्तिकाको जाँच हुने, दोहोरो परीक्षण गरिने लगायतका कार्यवाट धाँधली र भेदभावलाई आयोगले शुन्यको नजिक पुर्याएको छ। वर्षेनी ठूलो संख्यामा विषय-विज्ञहरूको सहयोग लिई प्रश्न निर्माण, उत्तरपुस्तिका परीक्षण एवम् मूल्यांकनका कार्यहरू सम्पादन हुन्छन्। मूल्यांकनकर्ताहरूले उत्तरपुस्तिका परीक्षण गर्दा उम्मेदवारको पहिचान गर्न नसक्ने गरी परिचयशून्यता कायम गरिएकोले पक्षपात गर्ने मौका नै मिल्दैन।

निष्पक्षताको दृष्टिले अर्को बलियो पक्ष भनेको लिखित परीक्षालाई नै उम्मेदवार चयनको प्रमुख आधार बनाउनु हो। लिखित उत्तरपुस्तिकाहरू उम्मेदवारको परिचय विना नै परीक्षण गरिने तर अन्तरवार्ता र सामुहिक परीक्षणमा भने उम्मेदवारको व्यक्तिगत पहिचान सहित मूल्याङ्कन गरिने विद्यमान अवस्थामा लिखित परीक्षाको अङ्कभार वढी हुँदा निष्पक्ष छनोटको सम्भावना उच्च रहेको हो।

हरेक वर्ष राष्ट्रपति समक्ष पेश हुने आयोगका वार्षिक प्रतिवेदनहरूले पदपूर्तिका गतिविधिहरूको विस्तृत विश्लेषण गर्नुका साथै कार्यक्षेत्रका अनुभव एवम् अनुसन्धानका निचोडका आधारमा सार्वजनिक प्रशासनका विविध पक्षमा सुधारका लागि सरकारलाइ सिफारिस गरी संस्थागत स्मृति सिर्जना गर्ने र नीति पृष्ठपोषणको आधार तयार पार्ने कार्यमा निरन्तरता रहेको छ।

**प्रणालीगत चुनौतीहरू**

गतिशील सार्वजनिक प्रशासनको माग पूरा गर्नका आयोगका वर्तमान स्थापित प्रकृयाहरूको पर्याप्तताका सम्बन्धमा बहस हुने गरेका छन्। परीक्षामा उत्कृष्ट नतिजा हासिल गरि नयाँ कर्मचारी जव जटिल वातावरणको कार्यक्षेत्रमा खटिएपछि धेरै कर्मचारिहरू काममा खरो उत्रिन सक्दैनन् वा कतिपय त व्यक्तिगत फाइदाका लागि उद्दत हुन्छन्। नियम र सिद्धान्तहरूको यान्त्रिक बुझाइले मात्र व्यावहारिक निर्णय, नैतिक विवेक, र विषम परिस्थितिमा नेतृत्व गर्ने क्षमतालाई सुनिश्चित गर्न नसक्ने हुनाले यस्तो स्थिती पैदा भएको हो। के "योग्यता" (Merit) लिखित परीक्षामा सोधिएका प्रश्नको जवाफ दिने क्षमताका आधारमा मापन हुन सक्दछ? वा, सम्बन्धित उम्मेदवारले कार्यक्षेत्रमा प्रदर्शन गरेको सीप र कौशलले योग्यताको मापन गर्ने हो? भन्ने सवाल अहम् छ। न्यूनतम शैक्षिक योग्यता पूरा हुनु र प्रतियोगितात्मक परीक्षामा अधिकतम अङ्क प्राप्त हुनुलाइ हाल आयोगले योग्यता अर्थात मेरिटको परिभाषा भित्र समेटेको सहजै अनुमान लगाउन सकिन्छ। तर छनोट भएका धेरै उम्मेदवारको "योग्यता" र वास्तविक कार्य-प्रदर्शनबीच ठूलो खाडल रहेको विषयमा पदपूर्तिको माग गर्ने निकाय स्वयम् र सर्वसाधारण नागरिक तहवाट समेत चिन्ता व्यक्त हुने गरेको छ। हाम्रो वर्तमान पदपूर्ति प्रक्रियाले कार्यक्षमता र ईमान्दारितालाई मापन गर्छ कि केवल शैक्षिक योग्यता र लेखन क्षमतालाई? गम्भीर प्रश्न उठ्दछ।

लोक सेवा आयोगको पदपर्ति प्रक्रिया लामो, दोहोरोपना-युक्त (duplicating) र अकुशल (inefficient) रहेको आरोप पनि लाग्ने गरेको छ। कर्मचारी पदपूर्तिको लागि औसत १२ महिना वा वढी अवधि लाग्ने र एउटै खालका पदका लागि फरक फरक परीक्षा लिने गरेका कारण त्यसमा हुने खर्च र समय व्यवस्थापनको कुशलता माथि पनि प्रश्न उठेको देखिन्छ। खासगरी सीमित कारोवार भएका संगठित संस्थाहरूमा उस्तै प्रकृतिका पदका लागि बारम्बार अलग अलग परीक्षा लिदा प्रशासनिक बोझ र सार्वजनिक खर्च बढिरहेको छ।

पुराना प्रश्नहरू आयोगकै आधिकारिक पोर्टलमा उपलब्ध नहुँदा उम्मेदवारहरूले बजारका अनधिकृत सामग्रीहरूमा निर्भर रहनु परेको गुनासो परीक्षार्थीहरूको रहेको छ। त्यस्तै वर्षेनी छनोट हुने उम्मेदवारको प्राप्ताङ्कको कटअफ विन्दु, अर्थात् कति अङ्कभन्दा वढी ल्याउने उम्मेदवार निश्चित पदका लागि छनोट भए भन्ने जानकारी भारत लगायत अन्य मुलुकका लोक सेवा आयोगहरूले सार्वजनिक गरिरहेको परिप्रेक्षमा नेपालमा पनि त्यो सुविधा प्राप्त होस् भन्ने सरोकारवालाको चाहनालाई सम्बोधन गर्नु वाञ्छनिय हुने देखिन्छ।

आयोगमा गरिने कतिपय सुधारहरू लामो अनुसन्धानमा आधारित भन्दा पनि बढी प्रतिक्रियात्मक स्वरूपका हुने गरेको देखिन्छ। अनुसन्धान शाखा "संस्थागत" हुनुको साटो केवल संरचनाका रूपमा विद्यमान रहेको कारणले आयोगमा दीर्घकालीन अध्ययन वा "फिडब्याक-लुप" को पनि अभाव रहेको छ। गुणस्तरीयता अभिवृद्धि र नीति-पृष्ठपोषणका लागि अनुसन्धानलाइ आयोगको एक प्रमुख कामको रूपमा स्थापित गर्नु जरूरी छ।

आयोगको कार्यसम्पादनमा विधि र प्रविधिहरूको प्रयोग आंशिक र प्रारम्भिक स्वरूपमा मात्र भएको छ। उम्मेदवारका प्रवृत्तिहरूको रियल-टाइम विश्लेषण, सिमुलेशनमा आधारित परीक्षण विधि तथा एआईको प्रयोग जस्ता नवीनतम प्रविधिहरू प्रयोगमा अयोग अगाडी वढ्न सकेको छैन।

पदपूर्ति प्रणालीसँग कार्यसम्पादन व्यवस्थापन प्रणाली र शैक्षिक प्रणालीको तालमेल अति कमजोर रहनु अर्को मुख्य संरचनात्मक समस्या हो। पदपूर्तिको निर्णय प्रकृयालाइ राष्ट्रसेवकहरूको वृत्तिप्रणालीसँग जोड्न सकिएको छैन। निश्चित पदमा सेवा प्रवेशका लागि आवश्यक पर्ने सक्षमता (competencies) पहिचान गरी सो अनुरूप कर्मचारी छनोट हुन सके मात्र कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित ढङ्गको परिणाम प्राप्त हुन सक्दछ।

अयोगले वार्षिक प्रतिवेदन मार्फत दिएका सुझाव तथा सिफारिसहरूलाइ सरकारले गम्भीरतापूर्वक लिइ कार्यान्वयनमा लैजानु पर्नेमा त्यसो हुन सकेको छैन। वि.सं. २०१७ साल पुष ८ गते विहीवारका दिन प्रकाशन भएको आयोगको पहिलो प्रतिवेदनमा दिइएका सुझावहरू उल्लेखनीय र तुलनीय छन्। पहिलो प्रतिवेदनमा संविधान अनुकूल निजामती कानून तर्जुमा गर्ने, आयोगको पूर्व स्वीकृति लिएर मात्र सरूवाको कारवाही हुनुपर्ने, रिक्त पदको माग आकृति फाराम नआउने, आयोगवाट सिफारिस हुनु अगावै सो पदमा अन्य व्यक्तिलाइ नियुक्त गरेको, मागआकृति फाराम पठाइसकेपछि सरूवाद्वारा पूर्ति गरेको, आयोगद्वारा सिफारिस भएपछि सो पद खालि नभएको लगायतका विषयहरू उल्लेख थिए। २०१७ साल देखि हालसम्म करिव ७ दशकको अवधि पछि समेत यस्तै प्रकृतिका समस्याहरू सुझावका रूपमा प्रस्तुत गर्नुपर्ने अवस्था कायमै छ भने सुझाव कार्यान्वयनको स्थिती पनि निराशाजनक छ। त्यस्तै आयोगको आठौं प्रतिवेदनमा अनिवार्य अवकाशको उमेर हद ६३ वर्षको सट्टा ६० वर्ष राख्न सिफारिस दिइएकोमा त्यसपछि ६० वर्ष अनि ५८ वर्ष गर्ने नीतिगत परिवर्तन भएको र पुनः एकाउन्नौं प्रतिवेदन (२०६७), पचपन्नौ प्रतिवेदन (२०७१) हुँदै हालसम्मपनि उमेर हद ६० पुर्याउने सुझावहरू निरन्तर दोहोरिइरहेको पाइन्छ। यसर्थ असल शासकीय व्यवस्था र कुशल सार्वजनिक प्रशासनका लागि दिइएका सुझावहरू किन कार्यान्वयन हुँदैनन्? किन सुझावहरू दोहोराएर दिनुपर्ने अवस्था आउँछ? भन्ने विषयले संरचनात्मक दोष रहेको तर्फ संकेत गर्दछन्। स्वार्थ समूहको चंगुल, कमजोर प्रशासकीय नेतृत्व, वेथिती स्वीकार्ने र त्यसैमा रम्ने प्रवृत्ति निरूत्साहन गर्ने तर्फ सम्बन्धित सरोकार पक्ष चनाखो र अग्रसक्रिय हुनु पर्दछ।

**अन्तर्राष्ट्रिय अभ्यासहरू**

विश्वभरका लोक सेवा आयोगका असल अभ्यासवाट नेपालले सिकेर पदपूर्ति प्रकृयालाइ थप प्रभावकारी बनाउन सक्दछ। बेलायतको सिभिल सर्भिस कमिशनले अवलम्वन गरेका मूल्याङ्न मापदण्डहरू तथा सिचुएशनल जजमेन्ट टेस्ट, कम्पिटेन्सी बेस्ड इन्टरभ्यू जस्ता विभिन्न मूल्याङ्कन विधिहरू नेपालमा उपयोग गर्न सकिन्छ। बेलायतमा आगामी समयमा कस्तो नेतृत्व आवश्यकता पर्दछ भन्ने विषयमा तहाँको आयोगले क्याबिनेट कार्यालयसँग नियमित कार्यगत सहकार्य गर्दछ।

सिंगापुरमा पदपूर्तिका कामका लागि विशिष्टीकृत रूपमा विभिन्न निकायहरू संलग्न छन् पब्लिक सर्भिस डिभिजन, मिनिस्ट्री अफ म्यानपावर, वर्कफोर्स सिङ्गापुर जस्ता निकायहरू क्रमशः भर्ना, कर्मचारी मापदण्ड र नियमन, टयालेन्ट डेभलपमन्ट जस्ता कार्याका लागि जिम्मेवार रहेका छन्। व्यावहारिक मूल्यांकन, सिमुलेशन र छनोट भएका उम्मेदवारले भविष्यमा गर्ने कार्यसम्पादनको स्तर ट्र्याकिङलाइ सँगसँगै लगिएको छ।

भारतमा मामिला सम्बन्धि प्रश्नहरू उम्मेदवारको मनोविज्ञान, कार्यक्षमता र निर्णयक्षमतालाइ मापन गर्न धेरैहदसम्म उपयोगी हुने गरी निर्माण गरिन्छ भने छनोट अन्तर्वार्ताहरू "कम्पिटेन्सी" मा आधारित हुन्छन्। दक्षिण कोरियामा उम्मेदवारको पारिवारिक लिङ्केज, वित्तीय इतिहास र सोसल मिडियाका गतिविधि लगायत विस्तृत व्यक्तिगत पृष्ठभूमिको परीक्षण गरी उच्च नैतिकतायुक्त कर्मचारी छनोटमा जोड दिइन्छ भने नागरिक समाज समेतवाट छनोट प्रकृयाको सुक्ष्म निगरानी हुने प्रवन्ध गरिएको हुन्छ। मलेसियामा सम्बन्धित पदका लागि योग्य उम्मेदवार छनोटका लागि पूर्वयोग्यता परीक्षा लिइ ट्यालेन्ट पुलिङ को कार्य गरिएको छ। जपानमा टोकियो विश्वविद्यालयका ग्रयाजुएटहरूलाइ नेतृत्वतहमा सोझै नियुक्त गर्नसक्ने गरी "एक्सिलरेटेड लिडरशिप पाइपलाइन" मा राखिन्छ भने नवप्रवर्तन र सिर्जनशीलता प्रदर्शन गर्ने कर्मचारीको निश्चित प्रतिशतसम्म तलव वृद्धि गर्ने प्रावधान समेत रहेको छ।

**भावी कार्यदिशा**

पद्दतिमा आधारित संस्थाको रूपमा स्थापित लोक सेवा आयोगले आफ्नो स्वर्णिम इतिहासलाइ पछ्याउँदै निष्पक्षता र स्वच्छताको धरोहरका रूपमा निरन्तर अगाडि बढिरहेको छ। विश्वमा विकास भएका नविन विधि-प्रविधि एवम् शासकीय व्यवस्थाको परिदृष्यमा नेपालका शासकीय आवश्यकता र जनअपेक्षाहरू बढेका छन्। कुशल सार्वजनिक सेवाका लागि पदपूर्तिमा निष्पक्षता मात्र पर्याप्त छैन - सिर्जनशीलता, जवाफदेहिता र दक्षता सहितको जनशक्ति आवश्यक भएको छ। तसर्थ नतिजा, कार्यमूलक संस्कार अनि परिवर्तन-सचेत कर्मचारीतन्त्र निर्माणका लागि महत्त्वपूर्ण योगदान दिन लोक सेवा आयोगले आफ्नै "पुनर्आविष्कार" गर्ने बेला भएको छ। अब निष्पक्ष छनोटको भूमिकाबाट अघि बढेर एक आधुनिक, नैतिक र "कम्पिटेन्सी"मा आधारित रणनीतिक-स्तम्भ (strategic pillar) का रूपमा रूपमा आयोगलाइ विकास गर्दै लग्नु पर्दछ। कम्पिटेन्सी फ्रेमवर्क निर्माण गरी सोही आधारमा पाठ्यक्रम र प्रश्न-ढाँचा परिमार्जन गर्दै विषयक्षेत्र-विशेषलाइ चाहिने सक्षमतामा आधारित दक्ष जनशक्ति छनोट गर्ने तर्फ आवश्यक सुधारका उपायहरू अवलम्वन गर्न अब ढीलो गर्नु हुँदैन। यसका अतिरिक्त, शासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको वास्तविक पूर्वानुमान गरी माग र आपूर्ति बीच सन्तुलन मिलाउन र सो का लागि अन्तरनिकाय समन्वय स्थापित गर्न अनिवार्य भएको छ। सशक्त सुधारका कार्यहरू अगाडी वढाउने उचित समय यही हो।

(गोरखापत्र, राष्ट्रिय दैनिकः १ असार, २०८२)

# लोक सेवा आयोग ७५ औं वार्षिकोत्सव एवम् हीरक जयन्ती मनाउँदै

# President Paudel praises PSC's inclusive recruitment policy

Nepal Page (RSS) June 15, 2025 | 9:01 pm




Kathmandu / June 15: President Ramchandra Paudel has said that democracy will be strengthened if the civil service wins the heart of the citizens by delivering services in a smooth, easy, and effective manner. The president expects the civil servants to perform, keeping this reality in mind. Speaking as the Chief Guest at the Diamond Jubilee celebrations of the Public Service Commission (PSC) on Sunday, the President highlighted that if the permanent government bureaucracy embraces good governance through advanced technologies and skilled human resources, the federal democratic republic can better address citizens' aspirations.

He stressed that democracy cannot be strengthened unless the bureaucracy ensures services are easily accessible to the people.

According to President Paudel, the PSC, constitutionally mandated to select a competent workforce for permanent government positions, has commendably upheld its core principles of merit, impartiality, and integrity for 75 years.

He called on the PSC to remain vigilant about its duties and responsibilities, serving as a centre of justice for the present generation and a beacon of hope for future generations.

Highlighting the importance of self-motivation, integrity, discipline, and responsibility among employees, the President urged the PSC to continually adopt testing methods that support the recruitment of capable and competent personnel.

He welcomed the civil service's diverse participation, including women, indigenous nationalities, Madheshi, Dalit, persons with disabilities, and other disadvantaged groups and praised the PSC's inclusive recruitment policy as a positive development.

He expressed hope that this inclusivity would ensure representation of all communities at policy-making levels, thereby strengthening national unity. He further encouraged the PSC to keep improving its selection processes in line with federalism, enabling more candidates from diverse backgrounds to succeed.

# राष्ट्रपति पौडेलले भने- "लोक सेवाले जिम्मेवारी निर्वाह गर्न र कर्मचारीले नागरिकलाई पहुँच दिनु जरूरी छ":

**प्रशासन डेस्क, १ असार २०८२, आईतवार**

काठमाडौं। राष्ट्रपति रामचन्द्र पौडेलले सहज, सरल र प्रभावकारी तवरले सेवा प्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मन जित्न सकेमा लोकतन्त्र दरिलो हुने वास्तविकतालाई मनन गरेर राष्ट्रसेवकहरूले भूमिका निर्वाह गर्नुपर्ने बताएका छन्। लोक सेवा आयोगको आइतबार आयोजित हीरक जयन्ती समारोहमा उनले स्थायी सरकारका रूपमा रहेको कर्मचारीतन्त्रले आधुनिक विधि, प्रविधि र दक्ष जनशक्तिको प्रयोग गरी सुशासनको मर्मअनुरूप काम गरेमा संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीमा जनताका चाहनालाई सम्बोधन गर्न सकिने बताए। उनले भने, 'अब सहज, सरल र प्रभावकारी तवरले सेवा प्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मन जित्न सक्नुपर्छ। कर्मचारीतन्त्रले जबसम्म नागरिक हकका निम्ति सहज पहुँच दिन सक्दैन, तबसम्म लोकतन्त्र दरिलो हुन सक्दैन भन्ने वास्तविकतालाई बिर्सन हुँदैन।
राष्ट्रपति पौडेलले मुलुक सञ्चालन गर्ने सरकारी निकायमा स्थायी सरकारका रूपमा रहने योग्य कर्मचारी छनोट गर्ने संवैधानिक जिम्मेवारी पाएको लोक सेवा आयोगले ७५ वर्षमा आफ्नो मूल सिद्धान्त "योग्यता, निष्पक्षता र स्वच्छता" लाई प्रमुख आधार मान्दै निरन्तर क्रियाशील रहनु प्रशंसनीय कार्य भएको बताए। उनले भने, 'आफ्नो भूमिका निर्वाह गर्दै आयोगले सदैव वर्तमान पुस्ताप्रति न्याय तथा भविष्यका पुस्ताप्रतिको आशा एवं भरोसाको केन्द्रका रूपमा आफ्नो कर्तव्य, दायित्व, जिम्मेवारी निर्वाह गर्न चनाखो हुन जरूरी छ। स्वउत्प्रेरित, उच्च नैतिकवान्, अनुशासित, जिम्मेवार र राष्ट्रप्रति सद्भाव भएका कर्मचारीले मात्र मुलुकमा प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्न सक्छन् भन्ने यथार्थलाई स्मरण गराउँदै राष्ट्रपति पौडेलले भने, 'आयोग सरकारी सेवामा कर्मचारी छनोट र भर्नाको जग हो। यसले सदैव असल र उम्दा कर्मचारी छनोट गर्न सक्ने गरी सकेसम्म योग्यताका सबै पक्षहरू पूर्वानुमान गर्न सकिने खालका परीक्षण विधिहरू अवलम्वन गर्नुपर्छ।

राष्ट्रपति पौडेलले नेपालमा निजामती सेवामा समावेशी पदपूर्तिको व्यवस्था भएयता विभिन्न समावेशी समूहको विज्ञापनबाट महिला, आदिवासी जनजाति, मधेसी, दलित, अपाङ्गता भएका र पिछडिएको क्षेत्रबाट उम्मेदवार सिफारिस गर्न सफल हुनु आयोगको सकारात्मक पक्ष भएको बताए। उनले भने, 'यसबाट राज्यका नीति निर्माण तहमा सबै वर्गको प्रतिनिधित्व हुन गई राष्ट्रिय एकतालाई मजबुत बनाउन समेत योगदान दिनेनैछ। आयोगले संघीयता अनुरूप समावेशी समूहतर्फ उम्मेदवार छनोट प्रक्रियालाई समयसापेक्ष परिष्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्ने गरी कार्यसम्पादन गर्ने विश्वास लिएको छु। उनले कर्मचारी छनोट, बढुवा र परामर्शका क्षेत्रमा यसले आजसम्म गरेको योगदानसँगै आर्जन गरेको विश्वास, भरोसा एवं प्रतिष्ठालाई कायम राख्दै अघि बढ्नेतर्फ आयोग सक्रिय रहने विश्वास व्यक्त गरे।

## PSC Upholds Public Trust through Impartiality, Says PM Oli on Diamond Jubilee

## 15th June, 2025 Epardafas




Prime Minister KP Sharma Oli has lauded the Public Service Commission (PSC) for consistently maintaining public trust through its impartial, fair, and competence-based recruitment process. Speaking at a programme held in Kathmandu today to mark the Diamond Jubilee (75th anniversary) of the PSC, Prime Minister Oli highlighted the Commission's vital role in recruiting personnel for the civil service, security agencies, and public institutions. "I am pleased to learn that the PSC continues to enhance its examination system by embracing modern technologies in line with changing times," the Prime Minister said, emphasizing the need for further digitization and reform within the Commission to ensure efficiency and transparency. Calling for increased support, PM Oli urged all relevant agencies to pay serious attention to the implementation of recommendations outlined in the PSC's annual reports. "The government is committed to providing the necessary resources and support to strengthen the Commission further," he added. The event was attended by President Ram Chandra Paudel, who served as the chief guest. Prime Minister Oli expressed confidence that the PSC would continue to serve as an impartial and reliable institution, inspiring the younger generation to pursue careers in public service with dedication and integrity. The Prime Minister's remarks come at a time when civil service reform and merit-based appointments remain central to improving governance and accountability across Nepal's public sector.

# लोक सेवा आयोग हीरक महोत्सव तयारीमा व्यस्तः

बिहीबार, २२ जेठ २०८२, ०१:४२ रातोपाटी (रासस न्युज)

- लोक सेवा आयोगले ७५ वर्ष पूरा भएको अवसरमा विभिन्न कार्यक्रमसहित हीरक महोत्सव मनाउने भएको छ। महोत्सवमा आँखा शिविर, रक्तदान, प्रतिभा सम्मानलगायतका कार्यक्रमहरू हुनेछन्, जसमा उत्कृष्ट जनशक्तिलाई सम्मान गरिनेछ। आयोगले वर्षभरि नै हीरक महोत्सवसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नेछ र यस अवसरमा सभाहलको नाम परिवर्तन गरिनेछ। सो सन्दर्भमा जानकारी दिँदै हीरक महोत्सव प्रचारप्रसार समितिका संयोजकसमेत रहेका आयोगका सदस्य वीरबहादुर राईले विभिन्न रचनात्मक एवं सिर्जनात्मक कार्यक्रमसहित मनाउन लागेको ७५औं वार्षिकोत्सव कार्यक्रमलाई आमसञ्चार माध्यमले प्राथमिकता दिने विश्वास व्यक्त गरे। सरकारी सेवा प्रवेशका क्रममा जनशक्ति छनोटसहित पदपूर्तिका लागि सिफारिस गर्ने जिम्मेवारीमा रहेको आयोगको स्थापना २००८ साल असार १ गते भएको थियो। नेपालको संविधानमा निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य सङ्घीय सरकारी सेवाका पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी आयोगलाई तोकिएको छ। केन्द्रीय कार्यालयसहित काठमाडौंमा तीन वटा र काठमाडौं बाहिर ११ वटासमेत जम्मा १४ वटा कार्यालय रहेको आयोगका सबै कार्यालयमा हीरक महोत्सवसम्बन्धी कार्यक्रम आयोजना हुने जानकारी दिँदै सदस्य राईले भने, "अहिले सुरूआतमा सप्ताहव्यापी रूपमा उत्सव मनाइने भए पनि वर्ष दिनभर हीरक महोत्सवसम्बन्धी कार्यक्रम हुन्छन्। लोक सेवा आयोगका गरिमा र प्रतिष्ठा अभिवृद्धि गर्न विशेष योगदान पुर्‍याउने अग्रज तथा कार्यरत उत्कृष्ट जनशक्तिलाई सम्मान गरिनेलगायतका कार्यक्रम छन्। जिम्मेवार संवैधानिक निकायका हैसियतले आयोगले धेरै बोल्दैन, तर आयोगबाट सम्पादित कामकाबारेमा चर्चा परिचर्चा हुन आवश्यक छ। त्यसमा आमसञ्चार माध्यमबाट साथ सहयोग प्राप्त हुने विश्वास लिएका छौं।"

आयोगकी प्रवक्ता गीताकुमारी होमेगाईंले हीरक महोत्सववका उपलक्ष्यमा आयोगको प्रतीक चिन्ह प्रयोगमा ल्याई वर्षभर कामकाज गर्ने र आयोगमा करिब ३० वर्ष सेवा गरी सचिव हुनुभएका भूवनमान सिंह प्रधानको योगदानको कदर गर्दै आयोगको केन्द्रीय कार्यालयस्थित 'सभाहल÷लाई उनको नाममा नामकरण गर्ने निर्णय भएको जानकारी दिइन्।

सहप्रवक्ता एवं सूचना अधिकारी एकनारायण शर्माले "योग्यता, स्वच्छता, निष्पक्षताः लोक सेवा आयोगको प्रतिबद्धता" भन्ने आदर्श वाक्यका साथ तोकिएको जिम्मेवारी पूरा गर्दै आएको आयोग विभिन्न कार्यक्रमका साथ हीरक महोत्सव मनाउन गइरहेको जानकारी दिँदै सदैव आयोगका पक्षमा पेसागत धर्म निर्वाह गरिरहेका मुलुकका आमसञ्चारमाध्यमले आयोगको हीरक महोत्सवसम्बन्धी गतिविधिलाई प्राथमिकता साथ प्रचारप्रसार गर्ने विश्वास व्यक्त गरे।

२२ जेष्ठ २०८२, बिहीबार

# लोक सेवा आयोग हीरक महोत्सव तयारीमा व्यस्तः

**रिपोर्टर्स डेस्क : रासस**

June 4, 2025 6:02 pm काठमाडौँ, २१ जेठ।

लोकसेवा आयोगले ७५ वर्ष पुगेको उपलक्ष्यमा आँखा शिविर, रक्तदान, प्रतिभा सम्मानलगायत सप्ताहव्यापी रूपमा विविध कार्यक्रम आयोजना गरी हीरक महोत्सव मनाउने भएको छ। सो सन्दर्भमा जानकारी दिँदै हीरक महोत्सव प्रचारप्रसार समितिका संयोजकसमेत रहेका आयोगका सदस्य वीरबहादुर राईले विभिन्न रचनात्मक एवं सिर्जनात्मक कार्यक्रमसहित मनाउन लागेको ७५औँ वार्षिकोत्सव कार्यक्रमलाई आमसञ्चार माध्यमले प्राथमिकता दिने विश्वास व्यक्त गरे। सरकारी सेवा प्रवेशका क्रममा जनशक्ति छनोटसहित पदपूर्तिका लागि सिफारिस गर्ने जिम्मेवारीमा रहेको आयोगको स्थापना २००८ साल असार १ गते भएको थियो। नेपालको संविधानमा निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र अन्य सङ्घीय सरकारी सेवाका पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारी आयोगलाई तोकिएको छ।

केन्द्रीय कार्यालयसहित काठमाडौँमा तीन वटा र काठमाडौँ बाहिर ११ वटासमेत जम्मा १४ वटा कार्यालय रहेको आयोगका सबै कार्यालयमा हीरक महोत्सवसम्बन्धी कार्यक्रम आयोजना हुने जानकारी दिँदै सदस्य राईले भने, "अहिले सुरूआतमा सप्ताहव्यापी रूपमा उत्सव मनाइने भए पनि वर्ष दिनभर हीरक महोत्सवसम्बन्धी कार्यक्रम हुन्छन्। लोक सेवा आयोगका गरिमा र प्रतिष्ठा अभिवृद्धि गर्न विशेष योगदान पुर्‍याउने अग्रज तथा कार्यरत उत्कृष्ट जनशक्तिलाई सम्मान गरिनेलगायतका कार्यक्रम छन्। जिम्मेवार संवैधानिक निकायका हैसियतले आयोगले धेरै बोल्दैन, तर आयोगबाट सम्पादित कामकाबारेमा चर्चा परिचर्चा हुन आवश्यक छ। त्यसमा आमसञ्चार माध्यमबाट साथ सहयोग प्राप्त हुने विश्वास लिएका छौँ।"

आयोगकी प्रवक्ता गीताकुमारी होमेगाईंले हीरक महोत्सवका उपलक्ष्यमा आयोगको प्रतीक चिन्ह प्रयोगमा ल्याई वर्षभर कामकाज गर्ने र आयोगमा करिब ३० वर्ष सेवा गरी सचिव भएका भूवनमान सिंह प्रधानको योगदानको कदर गर्दै आयोगको केन्द्रीय कार्यालयस्थित सभाहललाई उनको नाममा नामकरण गर्ने निर्णय भएको जानकारी दिए।

सहप्रवक्ता एवं सूचना अधिकारी एकनारायण शर्माले "योग्यता, स्वच्छता, निष्पक्षताः लोक सेवा आयोगको प्रतिबद्धता" भन्ने आदर्श वाक्यका साथ तोकिएको जिम्मेवारी पूरा गर्दै आएको आयोग विभिन्न कार्यक्रमका साथ हीरक महोत्सव मनाउन गइरहेको जानकारी दिँदै सदैव आयोगका पक्षमा पेसागत धर्म निर्वाह गरिरहेका मुलुकका आमसञ्चार माध्यमले आयोगको हीरक महोत्सवसम्बन्धी गतिविधिलाई प्राथमिकता साथ प्रचारप्रसार गर्ने विश्वास व्यक्त गरे।

# नयाँ पुस्तालाई लोक सेवातर्फ आकर्षित गर्ने काम भइरहेको छ

असार १, २०८२ आइतबार १८:४०:२३ अर्थ नेपाल,




लोक सेवा आयोग आफ्नो स्थापनाको ७५औं वर्षमा प्रवेश गर्दै गर्दा संस्थाको समग्र यात्रा, सुधारको दिशा र भावी योजनाबारे बहस चुलिएको छ। ७५ वर्षको यो अवधिमा आयोगले अनेकौं उतारचढाव पार गर्दै देशको सार्वजनिक सेवा प्रणालीमा आफूलाई एक विश्वासिलो र सुशासनमा केन्द्रित संस्थाका रूपमा उभ्याउन सफल भएको छ। आयोगको विगत, वर्तमान र भविष्यलाई समेट्दै गर्दा अहिलेसम्मको यात्रा केवल समयको हिसाबले मात्रै अघि बढेन। संस्थाले समर्पण, सुधार र जनविश्वास आर्जन गरेको छ।

स्थापना कालको शुरूआतमा आयोगको कार्यक्षेत्र सीमित थियो। प्रारम्भमा निजामती सेवामा मात्रै केन्द्रित आयोगको संरचना पछिल्लो समय विस्तार भई देशभरका विभिन्न सार्वजनिक संस्थानहरूमा कर्मचारी छनोटको जिम्मेवारी बहन गर्दै आएको छ। समयक्रमसँगै आयोगले प्रविधिको अधिकतम उपयोग गर्न थालेको छ र यसमा "अनलाइन दरखास्त प्रणाली" सबैभन्दा महत्त्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ। पहिले दरखास्तको प्रक्रिया लाइन लागेर हुने गर्थ्यो, अहिले अनलाइन प्रणालीमार्फत सरल, पारदर्शी र प्रभावकारी ढङ्गले सञ्चालन हुँदै आएको छ।

लोक सेवा आयोगको मुख्य उद्देश्य भनेकै योग्य, सक्षम र निष्पक्ष उम्मेदवार छनोट गर्नु हो। आयोगले कार्यसम्पादनमा पारदर्शिता र स्वच्छता कायम राख्न विविध विधिहरू अपनाउँदै आएको छ। आयोगसँग नातेदार, पहुँच, सिफारिश वा मोलमोलाइको कुनै सम्बन्ध हुँदैन। परीक्षा प्रक्रियामा आयोगले गोपनीयतालाई विशेष ध्यान दिन्छ। परीक्षार्थीको परिचय गोप्य राखिन्छ, उत्तरपुस्तिकामा नाम वा सङ्केत लिने कुनै माध्यम हुँदैन। प्रश्नपत्र निर्माण, छपाइ, वितरण र मूल्याङ्कनसमेत अलग-अलग व्यक्तिले गर्छन्। परीक्षासम्बन्धी सबै प्रक्रिया बृहत्तर् पारदर्शितातर्फ उन्मुख गर्रिंदैछ।

पछिल्लो केही वर्षको तथ्याङ्कले आयोगले हरेक वर्ष झन्डै साढे पाँच हजार विज्ञापन प्रकाशित गर्ने र झन्डै चार हजार जनालाई नियुक्ति सिफारिश गर्ने गरेको देखिन्छ। माग सङ्कलनदेखि पाठ्यक्रम निर्माण, दरखास्त छानबिन, लिखित परीक्षा सञ्चालन, सिफारिशसम्बन्धी निर्णयसम्मको सम्पूर्ण चक्र लोक सेवा आयोगको व्यवस्थापनभित्र पर्छ। यद्यपि कतिपय अवस्थामा उजुरीका कारण, समायोजन प्रक्रियासम्बन्धी विवाद वा अदालती आदेशका कारण परीक्षा मिति परिवर्तन हुने वा ढिलाइ हुने गरेको आयोगले स्वीकार गरेको छ। ती अपवादबाहेक आयोगले पूर्वघोषित वार्षिक परीक्षा तालिकाअनुसार नै सम्पूर्ण प्रक्रिया सम्पन्न गर्न खोजिरहेको छ।

कर्मचारी सङ्ख्या भने आयोगको कार्यभारअनुसार पर्याप्त छैन। केन्द्रीय कार्यालयसहित १६ वटा क्षेत्रीय कार्यालयबाट सेवा प्रवाह भइरहेको भए पनि अहिलेको स्थितिमा आयोगमा झन्डै चार सय कर्मचारी कार्यरत

छन्। यो सङ्ख्या दिनानुदिन बढिरहेको जिम्मेवारीअनुसार अत्यन्तै कम हो। यस्तै परिस्थितिमा आयोगले कार्यक्षमता अभिवृद्धि, प्रक्रियागत सुधार र जनअपेक्षाको समुचित जवाफ दिनुपर्ने चुनौती स्वीकार्दै आएको छ।

परीक्षा प्रणालीलाई अझ बढी समयसापेक्ष र वस्तुनिष्ठ बनाउन आयोगले विविध सुधारात्मक कार्यहरू अघि सारेको छ। नयाँ पुस्तालाई लोकसेवातर्फ आकर्षित गर्न योग्यतामूलक र सीप-केन्द्रित पाठ्यक्रम निर्माण, एकीकृत परीक्षा प्रणालीको सम्भाव्यता अध्ययन, प्रविधिको प्रयोग विस्तार, तथा मूल्याङ्कन प्रणालीमा पारदर्शिता थप्ने प्रयास भइरहेका छन्। विभिन्न संस्थाहरूमा समान प्रकृतिका पदहरूलाई एउटै मापदण्डअन्तर्गत कसरी समेट्न सकिन्छ भन्ने विषयमा समेत आयोगले अध्ययन शुरू गरिसकेको छ।

लोक सेवा आयोग निष्पक्ष र पारदर्शी संस्था हो, यहाँ कुनै प्रकारको पहुँच वा चलखेलको सम्भावना कल्पना पनि गर्न सकिँदैन। परीक्षार्थीहरूले आयोगको वेबसाइट नियमित हेर्ने, पाठ्यक्रमअनुसार अध्ययन गर्ने, परीक्षा निर्देशिकालाई पढ्ने र मर्यादित व्यवहार गर्ने कुरामा विशेष ध्यान जरूरी छ। कहिलेकाहीं परीक्षामा अनुनय-विनय गर्ने, उत्तरपुस्तिकासँगै लैजाने वा विद्युतीय उपकरण प्रयोग गर्नेजस्ता गलत क्रियाकलाप देखा परेको प्रसङ्ग पनि छन् तर त्यस्तो भेटिएमा त्यो परीक्षार्थी कारबाहीको भागेदार हुन्छ। आयोगले यसरी नै पढ्नुपर्छ भन्ने निर्देशन दिँदैन, पाठ्यक्रम नै अध्ययनको आधार हो। यो कुरा परीक्षार्थीले आफैं बुझ्नुपर्छ। प्रश्न बनाउने विज्ञहरू अलग-अलग हुने र उनीहरूले बनाएका प्रश्नहरू पूर्णतः गोप्य हुने भएकाले कसैलाई पूर्वजानकारी हुने सम्भावना रहँदैन। यसमा ढुक्क भए हुन्छ। कतिपय समयमा पाठ्यक्रम बाहिरका प्रश्न सोधिएको गुनासो आए पनि आयोगले ती विषयहरू अध्ययन गरेर आवश्यक परिमार्जन गर्ने गरेको छ। यसैगरी एउटै बेन्चमा दुई जनाभन्दा बढी परीक्षार्थी नबस्ने व्यवस्था, समान उत्तर आएमा निगरानी गर्ने प्रणालीले निष्पक्षता झनै मजबुत बनाएको छ।

लोक सेवा आयोगले संविधानमा समेटिएको समावेशी सिद्धान्तअनुसार महिला, आदिवासी जनजाति, मधेशी, दलित, अपाङ्गता भएका र पछाडि पारिएका वर्गहरूका लागि समानुपातिक अवसर सुनिश्चित गर्दै आएको छ। २०६३ को अन्तरिम संविधानबाट शुरू भएको यो प्रक्रिया पछिल्लो संविधानले थप स्पष्ट रूपमा परिभाषित गरेको हो। अहिलेसम्म आयोगले समावेशी श्रेणीबाट झन्डै २५ हजार दुई सय जना उम्मेदवारलाई सिफारिश गरिसकेको छ। यद्यपि समावेशीता कार्यान्वयनमा केही कानूनी र कार्यान्वयनसम्बन्धी चुनौतीहरू अझै छन्। केही रिटहरू अदालतमा विचाराधीन रहेका छन् र आर्थिक तथा सामाजिक आधारलाई समावेशीताको मापदण्ड बनाउने प्रस्तावहरूबारे गम्भीर छलफल चलिरहेको छ। यस्ता जटिलताका बीच पनि आयोग संविधान र राज्यको नीतिलाई कार्यान्वयन गर्न प्रतिबद्ध रहेको छ। आउँदा दिनमा नेपालको भौगोलिक तथा सांस्कृतिक विविधतालाई आत्मसात् गर्दै पाठ्यक्रम निर्माण गर्ने, शिक्षण संस्थाहरूमा भएका नयाँ संशोधनहरू समेट्ने र समयअनुसार परिमार्जन गर्ने योजना आयोगले बनाइसकेको छ। ७५औं वार्षिकोत्सवलाई अवसरका रूपमा प्रयोग गर्दै आयोगले वर्षभरिकै विशेष कार्यक्रमहरू सञ्चालन गर्ने र आमनागरिकको सुझावका आधारमा थप सुधारको प्रक्रिया अघि बढाउने तयारी गरेको छ।

लोक सेवा आयोगको निष्पक्षता, पारदर्शिता र स्वच्छताको विरासतलाई अगाडि बढाउँदै संस्थाले आफूलाई अझ मजबुत, सक्षम र जनउत्तरदायी बनाउँदै लैजाने प्रष्ट सङ्केत दिएको छ। प्रतिस्पर्धामा सफलता भनेको केवल चिनजान वा भाग्य होइन, लगनशीलता, तयारी र इमानदारिताको परिणाम हो। आयोगको आगामी

लक्ष्य भनेको जनविश्वासलाई थप मजबुत पार्दै राष्ट्रिय सेवामा उत्कृष्ट जनशक्ति छनोट गर्ने जिम्मेवारीलाई उच्चस्तरमा लैजाने हो।

अन्त्यमा लोक सेवाको तयारी गर्दै गरेका र गर्ने सोच बनाएका परीक्षार्थीहरूलाई भन्न चाहन्छु- राष्ट्रसेवामा प्रवेश गर्नु केवल जागिर पाउनु मात्र होइन, देश र नागरिकको सेवा गर्नु हो। लोक सेवा आयोग तपाईंजस्ता समर्पित, योग्य र इमानदार जनशक्ति चयन गर्ने जिम्मेवारीमा कटिबद्ध छ। यसैले तपाईंले यो संस्थालाई केवल परीक्षा लिने संस्था होइन, राष्ट्रनिर्माणको साझेदारको रूपमा हेर्नु आवश्यक छ। परीक्षा भन्ने बित्तिकै धेरैमा डर, तनाव र अन्योल सिर्जना हुन सक्छ। आयोगले लिने परीक्षा प्रणाली पारदर्शी र निष्पक्ष छ जसमा तपाईंको मेहनत नै मुख्य हो। नियमित अध्ययन, समयको सही व्यवस्थापन र पाठ्यक्रमअनुसारको तयारी नै लोक सेवामा सफलताको सूत्र हो।

# लोक सेवाप्रति अझ बढ्दै जनविश्वास




१ असार २०८२, आइतबार, गोरखापत्र — (इश्वरचन्द्र झा)

**काठमाडौं, असार १ गते।** विसं २००८ भदौ १८ गते छ पदका लागि दरखास्त आह्वान गरेर सेवा सुरू गरेको लोक सेवा आयोगले २०८०/८१ मा मात्रै दुई हजार ६८८ जना योग्य उम्मेदवारलाई सरकारी सेवामा नियुक्तिका लागि सिफारिस गर्‍यो। विज्ञापन गरिएका पद भने तीन हजार ६६० थियो। ती पदका लागि चार लाख ७३ हजार ४९० जनाले दरखास्त दिए। स्थापनाको ७५ औँ वर्षमा प्रवेश गरिरहँदा आयोगप्रतिको विश्वसनीयता अझ बढ्दो क्रममा रहेको विज्ञापित पदमा परेका दरखास्त सङ्ख्याले देखाउँछ तर विश्वसनीयतालाई जोगाइराख्न आयोगसमक्ष ठुलो चुनौती रहेको आयोगका पदाधिकारीको भनाइ छ।

लोक सेवा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मी जनशक्ति छनोटले व्यक्तिगत क्षमताको सानो अंश मात्रै दर्शाउने बताउनुहुन्छ। "व्यक्तिको पठनपाठन, सामाजिक परिवेश, काम गर्ने संस्कृति जस्ता थुप्रै विषयले असर पारेको हुन्छ तसर्थ आयोगको परीक्षणले उसको १० प्रतिशत क्षमतालाई मात्रै पहिचान गर्ने गर्छ।" उहाँका अनुसार बाँकी छनोट भएपछि प्रशिक्षणबाट अभ्यस्त बनाउनु, समर्पित भएर काम गर्ने वातावरण बनाउनु राज्यको दायित्व हुने र यसले नै समग्र कर्मचारीतन्त्रलाई सबल बनाउँछ। जनशक्ति छनोटमा आर्जन गरेको विश्वसनीयता आयोगले विगतमा लिएको निर्णय र सुधारको प्रयासको उपज हो। उत्तरपुस्तिका परीक्षणमा दोहोरो "कोडिङ" गरेर उम्मेदवारको पहिचान समाप्त गर्दा उम्मेदवार छनोट प्रक्रिया निष्पक्ष हुन पुगेको र यसले विश्वसनीयता बढाएको आयोगको दाबी छ।

पूर्वसदस्य कृष्णचन्द्र झाले सङ्गठित संस्थामा छड्के नियुक्ति गर्ने अभ्यास रोक्ने, शाखा अधिकृतको उत्तरपुस्तिका केन्द्रमै जाँच गर्ने, द्वितीय र तृतीय श्रेणीको परीक्षा प्रणालीमा सुधार जस्ता अभ्यासले आयोगले आफ्नो विश्वसनीयता अझै बढाएको र यसलाई थप परिस्कृत बनाउनुपर्नेमा जोड दिनुभयो। कतिपय सङ्गठित

संस्थाले करारमा कर्मचारी भर्ना गरेर काम चलाइरहेकोमा यस प्रकारको अभ्यासलाई निस्तेज गर्नुपर्ने उहाँको तर्क छ ।

हिजो विकसित गरिएको प्रणालीले विश्वसनीयता बढ्यो, आज प्रविधिको प्रयोग र समयको माग पूरा गर्न सक्षम जनशक्ति छनोट गर्न केन्द्रित छौं भन्दै अध्यक्ष रेग्मीले समयको गतिसँगै छनोट प्रविधिलाई अझै विकसित बनाउनु भोलिको चुनौती रहेको बताउनुभयो । आयोगले हाल निजामती सेवासँगै करिब ७४ वटा सङ्गठित संस्थाको नियमित पदपूर्ति प्रक्रियाको सहजीकरण गर्दै आएको छ । विश्वसनीयताले नै २०७२ सालदेखि स्वास्थ्य सेवा, सुरक्षा निकायसहित सङ्गठित संस्थाको पदपूर्तिको सहजीकरणको जिम्मेवारी आयोगमा आएको छ । एकातिर लामो प्रक्रिया पछ्याउँदै, ठुलो लगानी गरेर छनोट गर्ने अर्कोतर्फ छनोट भएका जनशक्ति 'ड्रप आउट हुने समस्या ठुलो चुनौती रहेको आयोगका प्रवक्ता गीताकुमारी होमेगाईंले बताउनुभयो ।

निजामती भन्दा सङ्गठित संस्थामा यस प्रकारको समस्या ठुलो छ । आयोगका सदस्य वीरबहादुर राईले भर्ना भएपछि पलायन हुने क्रमलाई रोक्न आयोग सचेत रहेको बताउनुहुन्छ तर यसमा आयोग मात्रैको सक्रियता र अग्रसरताले सम्भव नहुने उहाँको तर्क छ । सेवा सुविधा, अर्को निकायप्रतिको आकर्षण तथा राम्रो अवसरको खोजीमा पलायन हुने क्रम बढ्दो छ । आयोगले समान प्रकृतिका संस्थाको परीक्षा एकै पटक गर्ने तथा बैङ्कहरूको एकीकृत परीक्षाबारे छलफल गर्दै छ । आयोगका सदस्य राईले भन्नुभयो, "बैङ्कहरूको एकीकृत परीक्षा गर्नेबारे छलफल हुँदै छ । यससँगै परीक्षा खर्च र समयावधि घटाउने अन्य उपायबारे आयोगले छलफल गर्दै छ ।" तर शिक्षा र भविष्य खोज्दै युवा बिदेसिने क्रम बढ्दो छ । अध्ययनपछि विदेशमै वृत्ति विकासका लागि बस्ने प्रवृत्ति बढेको छ । यसले जनशक्तिको उपलब्धता सीमित हुन्छ र छनोटमा मेधावी जनशक्ति पलायन हुने जोखिम थपिने छ । अध्यक्ष रेग्मीले अहिलेको शिक्षा र कर्मचारीबिचको तालमेल मिलाउन लोक सेवा आयोगसँग समन्वय गर्न जरूरी रहेको बताउनुभयो । विदेश पलायन हुने भाष्यलाई चिर्दै नेपालमै सम्भावना रहेको देखाउन सरकार, लोक सेवा आयोग, शैक्षिक निकाय र सङ्गठित संस्थाबिच समन्वय हुनुपर्ने उहाँले तर्क गर्नुभयो । नेपालको अन्तरिम शासन विधान, २००७ को व्यवस्थाबमोजिम २००८ साल असार १ गते 'पब्लिक सर्भिस कमिसनका नामबाट यो संस्था स्थापना भएको हो ।

# लोक सेवा युवाको भरोसा केन्द्र

२ असार २०८२, आइतबार, गोरखापत्र (इश्वरचन्द्र झा)




राष्ट्रपति रामचन्द्र पौडेलले राज्यका नीति निर्माण तहमा सबै वर्गको प्रतिनिधित्वले राष्ट्रिय एकतालाई मजबुत बनाउन योगदान पुग्ने बताउनुभएको छ। उहाँले लोकतान्त्रिक व्यवस्थाको मर्म र भावनालाई आत्मसात् गरी निजामती सेवामा समावेशी समूहमार्फत उम्मेदवार सिफारिस हुनु सकारात्मक पक्ष रहेको बताउनुभयो।

लोक सेवा आयोगको हीरक महोत्सवका अवसरमा काठमाडौंमा आयोजित समारोहमा राष्ट्रपति पौडेलले नेपालमा निजामती सेवामा समावेशी रूपले कर्मचारी नियुक्ति प्रक्रिया सुरू भएयता विभिन्न समावेशी समूहमार्फत उम्मेदवार सिफारिस हुनु सकारात्मक पक्ष रहेको बताउनुभएको हो। उहाँले भन्नुभयो, "यसबाट राज्यका नीति निर्माण तहमा सबै वर्गको प्रतिनिधित्व भई राष्ट्रिय एकतालाई मजबुत बनाउने र सङ्घीयता अनुरूप समावेशी समूहतर्फ उम्मेदवार छनोट प्रक्रियालाई समयसापेक्ष परिष्कृत गर्दै यी समूहबाट थप उम्मेदवार सफल हुन सक्ने गरी आयोगले कार्यसम्पादन गर्ने विश्वास लिएको छु।"

राष्ट्रपति पौडेलले आयोगले वर्तमान पुस्ताप्रति न्याय तथा भविष्यका पुस्ताप्रतिको आशा एवं भरोसाको केन्द्रका रूपमा आफ्नो कर्तव्य, दायित्व, जिम्मेवारी निर्वाह गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो। सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा जनताको मुख्य चाहना भनेको तीव्र आर्थिक विकासको बाटोमा अग्रसर हुनु रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यसको पहिलो खुड्किलो सुशासन रहेकाले त्यसप्रति कर्मचारीतन्त्र सचेत हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "अब सहज, सरल र प्रभावकारी तवरले सेवा प्रवाह गरेर कर्मचारीतन्त्रले नागरिकको मनसमेत जित्न सक्नु पर्छ। नागरिक हकका निम्ति सहज पहुँच नदिएसम्म लोकतन्त्र दह्रो हुन सक्दैन।" उहाँले स्थायी सरकारका रूपमा लिइएको कर्मचारीतन्त्रले आधुनिक विधि, प्रविधि र दक्ष जनशक्तिको उपयोग गरी सुशासनको भावना र मर्म अनुरूप काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

### लोक सेवामाथि विश्वास प्रबल : प्रधानमन्त्री

सो अवसरमा शुभकामना मन्तव्य राख्ने क्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले अहिले थुप्रै निकायमाथि जनविश्वास कमी भएको अवस्थामा लोक सेवा आयोगमाथिको जनविश्वास प्रबल हुनु सकारात्मक भएको बताउनुभयो। उहाँले शासन व्यवस्था प्रभावकारी रूपमा सञ्चालनका लागि सरकार र प्रशासनको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। "सरकारको कार्य सफलता कर्मचारीतन्त्रको सक्षमतामा धेरै हदसम्म निर्भर

हुन्छ। तसर्थ राज्य सञ्चालनका लागि छनोट गरिने कर्मचारी योग्य, दक्ष, निपुण हुनुका अतिरिक्त नेपालको राष्ट्रिय हितको जगेर्ना र प्रवर्धन गर्ने हुनु आवश्यक छ," प्रधानमन्त्री ओलीले बताउनुभयो।

प्रधानमन्त्री ओलीले नयाँ धारका विषयवस्तु समेटेर शैक्षिक योग्यता निर्धारण गर्न सुझाव दिनुभयो। उहाँले काम र परिवेश अनुसार समय सापेक्ष रूपमा कार्यसम्पादन गर्न उपयुक्त ज्ञान, सिप र क्षमता प्रदान गर्न सक्ने विषयवस्तु समेटिएका पाठ्यक्रम हुन आवश्यक रहेको तर्क गर्नुभयो। प्रधानमन्त्री ओलीले लाखौं सङ्ख्यामा बिदेसिने युवा शक्तिलाई देशमै निष्पक्ष रूपमा रहेर रोजगारीमा छनोट गर्ने संस्थाको रूपमा लोक सेवा आयोगको भूमिकाको प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, "संवैधानिक व्यवस्थाबमोजिम सरकारी निकायका लागि उपयुक्त उम्मेदवार छनोट गर्ने जिम्मेवारी लोक सेवा आयोगको हो। आयोगले जति निष्पक्ष, स्वच्छ र वस्तुनिष्ठ भएर कर्मचारी छनोट गर्छ, कर्मचारी संयन्त्र त्यति नै सबल र प्रभावकारी हुन्छ।" प्रधानमन्त्री ओलीले आयोगको कार्यसम्पादनमा आवश्यक पर्ने साधन र स्रोत सम्पन्न तथा प्रविधिमैत्री बनाउने विषयमा सम्बन्धित सबै निकाय प्रतिबद्ध हुनुपर्ने बताउनुभयो। लोक सेवा आयोगले आफ्नो वार्षिक प्रतिवेदनमा औंल्याएका र सिफारिस गरेका सुझाव कार्यान्वयनमा सबै निकायले ध्यान दिन जरूरी रहेको उहाँको भनाइ थियो।

शुभकामना मन्तव्यका क्रममा प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले लोक सेवा आयोगले निष्पक्षता र स्वच्छताको मानक तयार गरेको भन्दै प्रशंसा गर्नुभयो। उहाँले भन्नुभयो, "राजनीतिक नेतृत्वले पनि पारदर्शिता, निष्पक्षता र स्वच्छताका लागि आयोगको कार्यसम्पादनबाट प्रेरित हुनु पर्छ।"

सो अवसरमा आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीले आयोगले हालसम्म गरेको सुधारको प्रयासबारे जानकारी गराउनुभयो। उहाँले भन्नुभयो, "विगतका सफलताप्रति गौरवबोध गर्दै कमजोरीबाट सिक्ने एवं वर्तमान र भविष्यका आवश्यकताको पहिचान गर्दै आगामी कार्ययोजना निर्माण गर्न निरन्तर क्रियाशील रहने प्रतिबद्धता व्यक्त गर्दछु।" सो अवसरमा आयोगका सदस्य दिनेश सिलवालले धन्यवाद ज्ञापन र सचिव किरणराज शर्माले स्वागत मन्तव्य राख्नुभयो। हीरक महोत्सव मनाउने क्रममा आयोगले चार जना कर्मचारीलाई सम्मानित गरेको छ। लोक सेवा आयोग बुटवल कार्यालयका खरिदार चित्रकुमार सुवाल, केन्द्रीय कार्यालय, कमलपोखरीका शाखा अधिकृतहरू लक्ष्मीप्रसाद पराजुली र ऋषिकेश चौलागाई तथा कम्प्युटर अपरेटर प्रल्हाद सिलवाललाई आयोगले सम्मान गरेको हो। वि.सं. २००८ असार १ गते स्थापना भएको आयोगले स्थापनाको ७५ औं वर्ष पुगेको अवसरमा बर्षैभरि विभिन्न कार्यक्रम गरी हीरक महोत्सव मनाउनेछ।

# ७५ औं वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रमका तस्विरहरू




(वार्षिकोत्सव एबम हीरक जयन्ती कार्यक्रम समुद्घाटन गर्नु हुँदै सम्माननीय रास्ट्रपति रामचन्द्र पौडेलज्यू)




**(लोक सेवा आयोगको हीरक जयन्ती वर्ष समुद्घाटन गर्नु हुँदै सम्माननीय रास्ट्रपति रामचन्द्र पौडेलज्यू)**




(वार्षिकोत्सव एवं हीरक जयन्ती कार्यक्रममा मन्तब्य राख्दै लोक सेवा आयोगका माननीय अध्यक्ष, माधवप्रसाद रेग्मी)




(सम्मानीय राष्ट्रपति, रामचन्द्र पौडेल (बायाँबाट दोस्रो), सम्मानीय प्रधानमन्त्री, केपी शर्मा ओली (बायाँबाट तेस्रो) र माननीय रामहरी खतिवडा, सभापति (राज्य व्यवस्था तथा सुशासन समिति) संग सामुहिक तस्वीर)



(आयोगका अध्यक्ष माधवप्रसाद रेग्मीद्वारा भुवनमान सिंह प्रधान सभाहल उद्घाटन गर्दै)

## लोक सेवा आयोगको ७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा लोक सेवा आयोग र अन्तर्गतका कार्यालयहरुबाट संचालन भएका कार्यक्रमहरुको झलक तस्विरमाः







(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा तयार पारिएको रंगोली)






(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा आयोजना गरिएको नि:शुल्क आँखा परीक्षण शिविर)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा आयोजना गरिएको रक्तदान कार्यक्रम)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा आयोजना गरिएको व्याडमिन्टन कार्यक्रम)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा आयोजना गरिएको अन्तर संवैधानिक निकाय हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा पोखरा कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा जलेश्वर कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)



(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा सुर्खेत कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा धनकुटा कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा बुटवल कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)



(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा दिपायल कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा हेटौंडा कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा बागलुङ कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा दाङ कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा खोटाङ कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा इलाम कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)



(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा जुम्ला कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)




(७५ औं वार्षिकोत्सव एवं हीरक जयन्तीको अवसरमा महेन्द्रनगर कार्यालयबाट आयोजना गरिएको हाजिरीजवाफ प्रतियोगिता)